# भूमिअधिकार आन्दोलन

(आन्दोलन सहजीकरणका लागि सर्न्दभ सामग्री)

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

**भूमिअधिकार आन्दोलन** (आन्दोलन सहजीकरणका लागि सन्दर्भ सामग्री)

सर्वाधिकार : प्रकाशकमा सुरक्षित

प्रकाशन मिति : भदौ, २०६६

प्रकाशन प्रति : १००० प्रति

प्रकाशक : **सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
पो.व.नं. १९७९०, काठमाडौं, नेपाल, फोन नं : ०१-४३६०४८६
E-mail: landrights@csrcnepal.org

डिजाईन : एम फुयाल / कुमार थापा

ISBN : 978-99933-810-5-1

# विषयसूची

१. नयाँ रणनीति र आन्दोलनको सन्दर्भ ....................................१
२. भूमिअधिकार परिवेश र आन्दोलन .......................................४
३. विश्वास तथा मूल्य-मान्यता ..............................................१५
४. लक्ष्य, उद्देश्य र रणनीति ...................................................१८
५. अपेक्षित नतिजा, सूचक र क्रियाकलाप ...................................२०
६. क्रियाकलाप र तिनीहरुको व्याख्या .......................................२५
७. आन्दोलन केन्द्रित गर्नुपर्ने सवाल ........................................ ३६
८. हामी कहाँ कहाँ काम गर्छौ ? ..............................................३८
९. भूमिअधिकारको सवालमा कार्यरत् संस्थाहरुको
भूमिका र मुख्य काम .........................................................३८
१०. समुदाय तहमा काम गर्ने ढांचा .........................................४३
११. सवालगत सम्बन्ध ........................................................... ४५
१२. प्रभाव र परिवर्तनका क्षेत्र ..................................................४६
१३. स्थानीय स्रोत परिचालन तथा स्रोत नचाहिने कामको विवरण ४८

अनुसूचीहरु
अनुसूची १ : भूमिसुधारको थालनी ..............................................५३
अनुसूची २ : भूमिअधिकार आन्दोलनमा जनमुखी शिक्षा ...................६०
अनुसूची ३ : भूमिअधिकार आन्दोलनमा जनसङ्गठन ......................७०
अनुसूची ४ : शक्ति र आत्मविश्वासको आधार, वित्तीय साधनमाथि
भूमिहीन किसानको अधिकार ................................. ८०
अनुसूची ५ : अभियानकर्ता ......................................................८८
अनुसूची ६ : अधिकारमुखी विकास पद्धतिबारे ...............................९२
अनुसूची ७ : सामाजिक आन्दोलन .............................................. ९८
अनुसूची ८ उत्पीडन अभिलेखन ...........................................१०१
अनुसूची ९ : पूर्णकालीन कार्यकर्ता ..........................................१०४
अनुसूची १० : क्षेत्रीय स्रोत केन्द्र ..............................................१०६

# प्रकाशकीय

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र नयाँ रणनीतिक योजनाअनुरुप भूमिअधिकार आन्दोलनमा क्रियाशिल रही आएको छ । यस आन्दोलनमा भूमिअधिकारबाट वञ्जितहरुको संगठन, अभियानकर्ताहरु, अगुवाहरु र सामाजिक संघसंस्थाहरुका सहजकर्ताहरु निश्चित लक्ष्य र उद्देश्य पुरा गर्ने अभिलाषाका साथ जुटिरहेका छन् । देशभरी फैलिएका भूमिअधिकार आन्दोलनलाई प्रभावकारी ढंगले सहजिकरण गर्न सहयोग पुगोस् भनेर यो सन्दर्भ सामग्री तयार पारी प्रकाशनमा ल्याइएको छ ।

रणनीतिक योजनाअनुरुप लक्ष्य र उद्देश्य हासिलका लागि प्रस्तावित कार्यक्रम बुझ्न तथा ती कार्यक्रमहरु सही ढंगले अभ्यासमा ल्याउन यो सामग्रीले मद्दत गर्नेछ । यो सन्दर्भ सामग्रीको घेरामा मात्रै बाँधिएर आन्दोलन हुन्छ भन्ने छैन । परिवेशअनुरुप यस सामग्रीको सिर्जनात्मक प्रयोग हुने अपेक्षा गरिएको छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
२०६६, भदौ

## १. नयाँ रणनीति र आन्दोलनको सन्दर्भ

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र २०४९ सालदेखि अनवरत् क्रियाशील छ। ग्रामीण भेगका गरीब समुदायलाई के, कसरी सशक्त एवम् आत्मनिर्भर बनाउन सकिन्छ भनेर खोजी गर्ने दौरानमा संस्थाले थुप्रै प्रयास तथा पहल गरेको छ। सामुदायिक विकासका औसत क्रियाकलाप सञ्चालन गर्दै, त्यहाँबाट आएका परिणामको आलोचनात्मक लेखाजोखा गर्दै र त्यसबाट सिक्दै यो संस्था भूमि तथा कृषि अधिकार आन्दोलनसम्म आइपुगेको हो।

भूमि तथा कृषि अधिकार जस्तो गहन विषय, भौगोलिक हिसाबले पनि मुलुकैभरि फैलिएको कार्य क्षेत्र, लामो समय उत्पीडनमा परी हीनताबोधमा बाँचिरहेका गरीब समुदाय र विविध उद्देश्य भएका सरोकारवालासँग मिलेर रुपान्तरणको एजेण्डामा काम गर्नु निश्चित पनि जटिल काम हो। जसको सघन समीक्षा गर्दै अपनाइएको कार्यनीतिमा पनि फेरबदल गर्दै जानुपर्ने हुन्छ। यो विकास र रुपान्तरणको प्रक्रिया पनि हो।

आत्मनिर्भर केन्द्रको अगुवाई तथा संलग्न सबैको सहभागितामा भूमि तथा कृषि अधिकार आन्दोलनका ५ वर्ष (२०६६-२०७०) को रणनीतिपत्र तयार पारिसकिएको छ। जसमा मूलतः भूमिहीन तथा गरीब किसानका सङ्गठन सुदृढ र विस्तार गर्ने (राष्ट्रिय भूमिअधिकार मञ्च र त्यसका स्थानीय इकाइ), परिवेशअनुसारका विभिन्न अभियानका योजना र कार्यान्वयन गर्न सक्षम बनाउने विषयमा जोड दिइएको छ।





जनसङ्गठनमा पूर्णकालीन कार्यकर्ता राखेर सङ्गठनले नै आन्दोलनको नेतृत्व गर्न सक्ने आधार तयार पारिएको छ।

अगुवा र अभियानकर्ताको क्षमता अभिवृद्धि र दिगो परिचालन यसको अर्को आयाम हो। जनसङ्गठनमा जनमुखी शिक्षाको गहन अभ्यास, महिला कृषि सहकारी निर्माण, स्थानीय तहमा नै भूमिसुधारको अभ्यास ठूलै आकारमा थपिएका छन्। अधिकार हननका घटनामा सावधानी र प्रतिरोध, जनमुखी भूमि व्यवस्थाका लागि विभिन्न रचनात्मक अभियान निरन्तर अगाडि बढिरहेका छन्।

नीतिगत बहसलाई सघन बनाएर लैजाने साथै अध्ययन/अनुसन्धानको काम प्राज्ञिक निकायहरुसँग मिलेर गर्ने सोचाई बनाइएको छ। नाफामुखी अनि बहुराष्ट्रिय कम्पनीले भूमि तथा कृषि विकासमा पार्न सक्ने सम्भावित हस्तक्षेपप्रति सचेत रहने र खराब कदममा सशक्त भएर उभिने रणनीतिक सोचाई तथा कार्यक्रम तय भएका छन्। ज्ञान निर्माण र उपयोग पनि यो पटकको प्रमुख महत्व पाएको क्षेत्रमा पर्दछ।

कार्यक्रम मात्र नभएर प्रक्रियामा पनि आवश्यक हेरफेर गरिएको छ। अबको आन्दोलनलाई विभिन्न भौगोलिक इकाइमा स्रोत संस्था र स्रोत केन्द्र तहमा विभाजन गरिएको छ। र, आन्दोलनको योजना मञ्चको बन्दैछ। उक्त योजनालाई स्रोत केन्द्र र स्रोत संस्थाले सघाउने छन्। समीक्षा, योजना, तालिम, आन्दोलन आदि पनि स्वायत्त ढङ्गले क्षेत्रगतरुपमा नै हुने विश्वास लिइएको छ।

विभिन्न स्रोत केन्द्र/संस्थाले तत् क्षेत्रको आन्दोलन सहजीकरणको संयोजन गर्नेछन्। राष्ट्रिय भूमिअधिकार मञ्चले सङ्गठन र परिचालनको काम तीब्र बनाउनेछ। यस प्रक्रियामा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले आवश्यक संयोजन र सहजीकरणको जिम्मा लिनेछ। भूमिअधिकार आन्दोलन सहयोगी सञ्जालले पनि आफ्ना तर्फको भूमिका निर्वाह गर्नेछ।

## कार्यगत संरचना








## २. भूमिअधिकार परिवेश र आन्दोलन

नेपालको आर्थिक, सामाजिक एवं राजनीतिक परिवर्तनको एउटा महत्वपूर्ण मुद्दा विद्यमान भूमि सम्बन्धमा फेरबदल रहेको छ। मुलुकको भावी परिवर्तन पनि विशेषरुपले भूमि सम्बन्धमा गरिने फेरबदलसँग सम्बन्धित छ। भूमिसुधार भएन भने देशको आर्थिक तथा सामाजिक रुपान्तरण अधुरो नै रहनेछ। राज्यको पुनर्संरचना भए पनि शक्तिको पुनर्संरचना हुन सकेन भने सामाजिक रुपान्तरण असम्भव छ। शक्तिको पुनर्संरचनाका लागि अहिलेको भूमि सम्बन्ध र शक्ति संरचनामा परिवर्तन आवश्यक पर्छ।

### असमान भूस्वामित्व

नेपालको भूमि व्यवस्थापनको एउटा महत्वपूर्ण सवाल भूमिको असमान एवम् अन्यायपूर्ण वितरण हो। जमिनको ठूलो हिस्सा गैरकृषि क्षेत्रमा कार्यरत् आफ्नो साँध-सिमानासमेत नचिन्ने व्यक्तिको हातमा छ। यसको ठीक विपरित रात दिन जमिनमा काम गर्ने र जीविकाको प्रमुख आधार जमिन मात्र भएका जोताहा किसान भने भूमिको स्वामित्वबाट वञ्चित छन्। नेपाल मानव विकास प्रतिवेदन २००४ अनुसार नेपालमा माथिल्लो धनी ५ प्रतिशत परिवारको कब्जामा ३७ प्रतिशत खेतियोग्य जमिन छ। त्यस्तै पहाडका १५.३२ प्रतिशत र तराईका ४३.९८ प्रतिशत दलित भूमिहीन छन्। जसको प्रमुख आधार कृषि बन्दै गएको छ।

भूमिपति वर्गले जमिनलाई उत्पादन बढाउन वा पुँजी वृद्धि गर्नमा लगानी गरेका छैनन्। उनीहरुले जमिनलाई राजनीतिक र सामाजिक शक्ति कब्जा गर्ने औजारका रुपमा लिएकै कारण भूमिमा काम गर्नेको शोषण भइरहने तथा उत्पादनका प्रक्रिया र सम्बन्ध यथास्थितिमा रहिरहने अवस्था सिर्जिएको छ। जसले गरिबीको अवस्थालाई झन् भयाबह बनाएको छ। नेपालको भू-स्वामित्वलाई सामन्ती भनिनुको कारण पनि यही हो। जमिनमा काम गर्नेको स्वामित्व र नियन्त्रण नभएका कारण श्रम र पुँजी दुवै निस्क्रिय छन्।

## हदबन्दी

जमिनको हदबन्दीको अर्थ कसले कतिसम्म (व्यक्ति वा परिवार) जग्गा राख्न वा भोगचलन गर्न पाउने भन्ने हुन्छ। हाल एउटा परिवारले पहाडमा ७५ रोपनी, काठमाडौं उपत्यकामा ३० रोपनी र तराईमा ११ विगाहाका दरले जग्गा राख्न पाउने व्यवस्था छ। परिवारको परिभाषामा १६ वर्ष उमेर पुगेका प्रत्येक छोरा र छोरीलाई छुट्टाछुट्टै परिवार मानिएको छ। नेपालको भूमिसुधारको बहसको एउटा महत्वपूर्ण विषय वर्तमान हदबन्दी कम गरिनुपर्छ भन्ने हो। २०२१ सालको भूमि ऐनले व्यवस्था गरेको हदबन्दी कार्यान्वयन नहुनु पनि अर्को महत्वपूर्ण सवाल हो। खेती नगर्नेले खेतीका लागी जग्गा राख्न पाउने कि नपाउने ? तराई, काठमाडौं र पहाडको हिसावले हदबन्दी लगाउने कि ? जमिनको उर्वरता र जोतको आकार हेरेर हदबन्दी तोक्ने ? हदबन्दीभन्दा बढी जग्गाको क्षतिपूर्ति दिने कि नदिने ? आदि विषय हदबन्दीभित्रका बहसका विषय हुन। तर भूमिसुधारका लागि भने हदबन्दी महत्वपूर्ण पक्ष हो। हदबन्दीविना पुनर्वितरणमुखी भूमिसुधार नेपालमा सम्भव नहुन सक्छ।

## गयल जमिन्दारी

नेपालको भूमि सम्बन्ध परिवर्तन गर्दा उत्पादकत्व वृद्धि र सामाजिक न्याय स्थापित गर्ने दृष्टिकोणबाट हेरिनुपर्छ। नेपालमा आज पनि जमिनको ठूलो हिस्सा गैरकृषि क्षेत्रमा कार्यरत् व्यक्तिको हातमा छ। जमिनमा काम गर्ने किसानको ठूलो हिस्सा भने भूस्वामित्वबाट वञ्चित छ। यसले भूमिको स्वामित्व घट्ने मात्र हैन कि गम्भीर सामाजिक अन्यायसमेत सृजना गरेको छ। उनीहरु जमिनमा आफैं खेती गर्दैनन् र उत्पादकत्व बढाउन पनि खासै लगानी गर्दैनन्। गयल जमिनदारी कृषि क्षेत्र विकासको बाधक बनेको छ। गयल जमिनदारीकै कारण कतिपय जग्गा बाँझो र अनुत्पादक छ। आफैं उत्पादन कर्ममा सहभागी नहुनेले जग्गा ओगट्नु कत्तिको न्यायोचित हो भन्ने पनि सवाल बनेको छ। गयल जमिनदारीकै कारण नेपालको श्रम बन्धनमा बाँधिएको छ। यसले कृषि उत्पादनमा समेत ह्रास ल्याएको छ।





## भूमिमा महिला स्वामित्व

नेपालको कृषि उत्पादनमा महिलाको योगदान ६०.५ प्रतिशत छ तर उनीहरु भूस्वामित्वबाट वञ्चित छन्। अहिले पनि जमिनमा महिलाको स्वामित्व १०.८३ प्रतिशतमा सीमित छ। यी पनि अधिकांशतः कृषि कार्यमा संलग्न नरहेका महिला हुन्। यस तथ्याङ्कले नेपालको वर्तमान भूमि सम्बन्धले सामाजिक अन्याय मात्र हैन कि लैङ्गिक असमानतासमेत सृजना गरेको देखाउँछ। तसर्थ नेपालमा लैङ्गिक समानता कायम गर्न र सामाजिक न्याय स्थापना गर्नसमेत भूमिमा महिलाको पहुँच र नियन्त्रण सुनिश्चित गर्न आवश्यक छ।

## मोहियानी

भूमिसम्बन्धी ऐन २०२१ मा चौथो पटक २०५३ पुस २४ मा भएको संशोधनले भूमिमा द्वैध स्वामित्व अन्त्य गरी आफूले भोग गरेको जमिनको ५० प्रतिशत हिस्सा जोताहा किसानले पाउने व्यवस्था गरेको छ। दुर्भाग्य नै मान्नुपर्छ, आजसम्म पनि द्वैध स्वामित्व अन्त्य भएको छैन। मोहीले आफ्नो हिस्सा पाइसकेका छैनन्। यसका अतिरिक्त जमिनदारको जग्गा कमाएका तर मोहीका रुपमा दर्ता नभएका करिब ४ लाख ५० हजार किसानलाई मोहियानी हक दिलाउने कुरा अर्को महत्वपूर्ण विषय हो। जुन सङ्ख्या वर्षौंदेखि अरुको जग्गामा मेहनत गर्दै आएका छन्। अधिया, बटैया, हुण्डा जस्ता उत्पादन प्रक्रियामा संलग्नले पनि मोहियानी हक पाउनुपर्छ भन्ने विषय न्याय र उत्पादनको दृष्टिकोणबाट नकार्न मिल्दैन। अरुलाई कमाउन दिए मोहियानी हक लाग्छ भन्ने भयले नाम मात्रको बाली लगाउने वा त्यत्तिकै राख्ने चलन पनि बढेर गएको छ। यसले कृषि उत्पादन र रोजगारी सृजना गर्ने अवसरमा समेत अवरोध पुऱ्याएको छ।

जमिन हुनेले अरुलाई खेती गर्न दिएर त्यसको निश्चित आय आफू खाने प्रवृत्ति नेपालमा निकै पहिलेदेखि छ। अरुको जमिन जोतेर निश्चित हिस्सा जग्गावाललाई बुझाउने र बाँकी आफू उपभोग गर्ने व्यक्तिलाई मोही भनिन्छ। मोहीले आफूले जोतिरहेको जग्गामा श्रम र पसिना बगाएबापत

पाउने आंशिक स्वामित्वचाहिँ मोहियानी हक हो । जग्गामा आफैं श्रम नगर्ने तर स्वामित्व लिइरहन चाहने वर्गको चिन्ता हदबन्दीमा भन्दा पनि ज्यादा मोहियानी हक नलागोस् भन्नेमा छ । अरुको जग्गा कमाउन पाउने स्पष्ट व्यवस्था नहुँदा जग्गा कमाउन दिने र कमाउने दुवै असुरक्षित महसुस गरिरहेका छन् ।

## भूमिहीनता

भूमिहीनता अर्थात् सुकुम्बासी समस्या नेपालको अर्थराजनीतिको एउटा महत्वपूर्ण सवाल हो । सुकुम्बासी समस्या समाधान गर्ने नाममा विभिन्न समयमा समिति गठन हुने र केही हदसम्म जग्गाको पूर्जासमेत बाँड्ने गरे तापनि यसले सहीरुपमा समस्या समाधान गर्नेभन्दा पनि अझै जटिल बनाउँदै लगेको छ । नेपालमा व्यक्तिको नाममा मात्र हैन, विश्वविद्यालय, विद्यालय, मन्दिर, गुम्बा, उद्योग आदिका नाममा समेत ठूलो क्षेत्रफलमा जग्गा छ । उद्योगपति, नेता र कर्मचारी अधिकांश जमिनदार छन् । खेतीमा काम गर्ने जोताहा किसान, कृषि श्रमिकचाहिँ भूमिहीन छन् । उदाहरणका लागि, नेपाल संस्कृत विश्वविद्यालयको नाममा दाङमा मात्र हजार विगाहाभन्दा बढी जग्गा छ । एकातिर निर्जीव वस्तुसँगसमेत जमिन छ भने अर्कोतर्फ मुलुकका २ लाख १७ हजार ६७५ परिवारसँग छाप्रो उभ्याउने जमिनसमेत छैन । त्यसैगरी कृषि कर्ममा लागेका ८ लाख २ हजार ६१५ परिवारसँग खेती गर्ने जमिन छैन । (राष्ट्रिय जनगणना, २०५८) भूमिहीन परिवार आधारभूत मानवीय आवश्यकताबाट वञ्चित बन्नुपरेको अवस्था छ ।

## गञ्जागोल गुठी

धार्मिक, सांस्कृतिक, परोपकारी वा सार्वजनिक हितका लागि राखिएको चल-अचल सम्पत्तिलाई गुठी भनिन्छ । यस्तो सम्पत्ति दाताले परोपकारी वा धार्मिक कामका लागि आफ्नो हक त्यागेर दिएको हुन्छ । जसबाट मठ, मन्दिर, पुस्तकालय, औषधालय, पुल, धारा, पर्व, पूजा, जात्रा आदि





सम्पन्न गर्ने उद्देश्य राखिएको हुन्छ । उच्चस्तरीय गुठी सुधार आयोगको प्रतिवेदन २०५३ का अनुसार गुठी संस्थानसँग ९५४९७ रोपनी र ७८१९५ विगाहा जग्गा रहेको देखिन्छ । तर गुठी जानकारहरु गुठीको जमिन र सम्पत्ति धेरै भएको तर आफ्नो सम्पत्ति कति छ भन्ने जानकारी स्वयम् गुठी संस्थानलाई नै नभएको दाबी गर्छन् । गुठी जग्गाको एकिन लगतको अभाव, खेती गरिरहेका गरीब किसानबाट कुत उठाएर पुजारीले खाने, गुठी जग्गाको प्रभावकारी उपयोग नहुनु आदि समस्या प्रमुख छन् ।

## अलपत्र भू-उपयोग

स्पष्ट र उद्देश्यमुखी भू-उपयोग योजनाको अभावमा जग्गाबाट पाउनुपर्ने उत्पादन मात्र नपाइने हैन कि भूमि र उत्पादन क्षमतासमेत ह्रास हुने हुन्छ । अहिले भू-उपयोगको कुनै व्यवस्थित नीति र सोको कार्यान्वयन योजना छैन । जसलाई जे गर्न मन लाग्छ, त्यसो गर्न कुनै रोकावट छैन । खेती गर्न उपयुक्त ठाउँमा घर वा उद्योग बनाइएका छन् । घर बनाउन उपयुक्त ठाउँमा खेती गरिएका छन् । बालीनालीमा जोड दिनुपर्ने तराईमा फलफूल र फलफूल खेतीमा जोड दिनुपर्ने पहाडमा बालीनालीमा जोड दिइएको छ । ठूलो मात्रामा रहेको बाँझो सडक किनारा, ऐलानी पर्ति, नदी उकास आदि जग्गा कसरी उपयोग गर्ने भन्नेबारे कुनै नीति र योजना भेटिँदैन । कुल कृषियोग्य जमिनको २० प्रतिशत अर्थात् ५ भागको एक भाग जमिन अहिले पनि बाँझो छ । यो जग्गाको उपयोगमा कुनै व्यवस्थित सोच र योजना अभाव छ । समयानुकूल भू-उपयोग नीति र योजनाको आवश्यकता खड्किएको छ । प्रभावकारी भू-उपयोग नीति नभएका कारण जग्गाको अतिक्रमण र खण्डीकरण बढिरहेको छ ।

## पञ्चायतकालीन भूमि नीति

नेपालको भूमि व्यवस्था २०२१ सालमा पञ्चायती व्यवस्थालाई स्थायित्व प्रदान गर्न लागू गरिएको भूमि ऐन र त्यसअन्तर्गत बनेका नियमावलीबाट चलेको छ । राजनीतिक तथा आर्थिक क्षेत्रमा ठूलो परिवर्तन आइसक्दा

पनि नयाँ नीति लागू हुन सकेको छैन । ५० वर्षअघिको ऐनले अहिलेको भूमि समस्यालाई सही ढङ्गले सम्बोधन गर्नसक्ने अवस्था छैन । भूमिसम्बन्धी ऐन, २०२१ मा ६ पटक संशोधन गरिए पनि यसले भू-सम्बन्धमा संरचनागत परिवर्तन गरी जनमुखी भूमि व्यवस्थामा परिणत गर्न सकेको छैन । कस्तो भूमिसुधार गर्ने भन्नेबारे बहसमा भूमिमा अनुभव भएका र कृषि कर्ममा लागेकाको सहभागिता पटक्कै गराइएको छैन । अझै पनि सर्वसाधारण जनतामा भूमिसुधार आफैं स्थानीय तहबाट सुरु गर्ने सोचभन्दा पनि माथिबाट गरिदिन्छन् भन्ने अपेक्षा बढी छ । भूमि नीति एकापसमा बाझिएका, अस्पष्ट र जमिनदारमुखी नै पाइन्छन् ।

## भताभुङ्ग भूमि प्रशासन

भूमि प्रशासन ज्यादा मन्त्रालय तहमा केन्द्रित छ । यस मन्त्रालयको देशव्यापी संयन्त्र भए पनि ती निकायले नियमित व्यवस्थापनबाहेक निर्णय लिनुपर्ने प्रकृतिका काम गर्न सक्दैनन् । तल्लो निकायले माथि र माथिले तल सोधी पठाउने कागजी प्रक्रिया पट्यारलाग्दो छ । कामसँग अतिरिक्त कमाईलाई जोडेर हेरिने हुँदा भूमि प्रशासन विकृत बनेको छ । केही असल कर्मचारीले सक्रिय भई काम गरेमा त्यसलाई निजी स्वार्थसँग गाँसेर टीका-टिप्पणी गर्ने गरिन्छ । साना साना स्थानीय विषयमा पनि मन्त्रालयसम्म आइपुग्नुपर्ने जटिलता छ । गरीब र भौगोलिकरुपले विकट क्षेत्रमा बसोबास गर्नेको पहुँच भूमि प्रशासनमा छैन । अभिलेख व्यवस्थित छैनन् ।

भूमिसुधार कार्यक्रम सफलताका लागि जमिनको एकिन लगत आवश्यक पर्दछ । भूमि अड्डा कति खेतियोग्य जग्गा छ ? कसले कति जग्गा भोग गरिरहेको छ ? आदि तमाम विषयमा आफैं अनविज्ञ छ । उपलब्ध केही तथ्याङ्कको अविश्वसनीयता, पुराना र फरक फरक तथ्याङ्क प्रयोगले सही अर्थमा भूमिसुधार असम्भव नै छ ।

जग्गाको नाप जाँच प्रणाली अवैज्ञानिक भएकाले पनि एकिन तथ्य अभाव भएको हो । बसोबास तथा भोगचलन गरिआएको जग्गा ब्लकमा





नापिएको छ । जग्गाको नापजाँच स्पष्ट नहुँदा किसानबीच एक आपसमा विवाद देखिन्छ । जमिनको स्वामित्वसम्बन्धी सही र वास्तविक तथ्याङ्क छैन ।

## शोषणकारी भू-प्रथाहरु

नेपालमा विभिन्न स्वरुपमा अमानवीय बँधुवा मजदूरी प्रथा विद्यमान छ । २०५७ सालमा मुक्त घोषणा गरिएको कमैया प्रथा नेपालमा विद्यमान अनेकथरिका बँधुवा मजदूर प्रथामध्येको एक थियो । हालै सरकारले हलिया मुक्तिको घोषणा गरेको छ । यसबाहेक हरुवा-चरुवा, गोठाला, हली, बालीघरे, डोले कमलरीलगायत्का बँधुवा प्रथा असमान भूमि व्यवस्थाकै कारण विद्यमान छन् ।

- ***हलिया***

हलो जोत्ने व्यक्तिलाई हली भनिन्छ । विशेषगरी पश्चिम, मध्यपश्चिम र सुदूर पश्चिमका पहाडी जिल्लामा आफ्नो खेतबारीको काम गराउन हली राख्ने चलन निकै छ, जसलाई हलिया प्रथाका रुपमा चिनिन्छ । मुलुकभर हलीको सङ्ख्या करिब ३ लाख भएको अनुमान छ । सुदूरपश्चिममा मात्र यस्तो सङ्ख्या ६० हजारको हाराहारीमा छ । जातीय शोषण, श्रमको उचित मूल्य नपाउने, अर्ध बन्धन यीसँग जोडिएका मुख्य समस्या हुन् ।

- ***हरुवा-चरुवा***

जमिनदारकहाँ हलो जोत्न बस्ने निजी हलीलाई मूलतः पूर्वी तराईका जिल्लामा हरुवा भनिन्छ । यो प्रथा पश्चिमका नवलपरासी, रुपन्देही र कपिलवस्तु जिल्लामा पनि चल्तीमा छ । यिनीहरु जमिनदारको ऋण बन्धनमा परेर ऋणको ब्याजवापत वा सस्तो ज्यालामा जमिनदारको जग्गामा हलो जोत्नेलगायत् अन्य खेती र घरायसी काम गर्छन् । चरुवा भन्नाले जमिनदारकै घरको वस्तुभाउ हेर्न बस्ने निजी गोठालो बुझिन्छ ।

- ***कमलरी***

हुनेखाने जमिनदारकहाँ काम गर्न थारु समुदायलगायत् गरीब परिवारका किशोरी छोरी राख्ने चलन छ। त्यसरी बस्नेलाई कमलरी भनिन्छ। सामान्यतया ७-८ वर्षदेखि १६-१७ वर्षसम्मका किशोरीलाई यसरी कमलरी राख्ने गरिन्छ। विशेषगरी पश्चिम तराइका बाँके, बर्दिया, कैलाली कन्चनपुर र दाङमा कमलरी राख्ने चलन बढी छ। लुगाा धुने, भाँडा माझ्ने, गोबर सोहोर्ने जस्ता घरायसी काममा सहज हुने र अर्कोतर्फ सोझो र इमानदार हुने भएकाले पनि कमलरी राख्नेको पहिलो रोजाइ छोरी हुने गर्दछ।

- ***उखडा***

उखडासम्बन्धी ऐन २०२१ ले जग्गाधनीसँग भएको बोलकबोलबमोजिम किसानले जग्गाधनीलाई नगदी पोत बुझाउने गरी कमाइआएको जग्गालाई उखडा जग्गा भनी परिभाषित गरेको छ। जग्गाको स्वामित्वको दृष्टिकोणबाट हेर्दा जमिनदारले मन लाागेका बेला जोताहाबाट हक खोस्न सक्ने जग्गालाई उखडा जग्गा भन्न सकिन्छ। अथवा जमिनदारले मन लागेको बेला जोतभोग गर्ने किसानलाई त्यस्तो जमिनबाट बेदखल गर्न सक्ने गरी नगदी वा जिन्सी बुझाउने सर्तमा कमाउन वा आवादि गर्न दिएको जग्गा उखडा हो। विशेषगरी रुपन्देही, नवलपरासी र कपिलवस्तुमा यस्तो जग्गा कमाउने करिब ५ हजार परिवार छन्।

## विश्वव्यापीकरणको प्रभाव

विश्वव्यापीकरणको विस्तारसँगै गरीब मुलुकमा बहुराष्ट्रिय कम्पनीले जमिनमाथिको नियन्त्रण बढाउँदै जाँदा किसानहरु क्रमशः जमिनबाट विस्थापित हुने क्रम बढ्दो छ। नेपालको भूमि व्यवस्थापनमा समेत विश्वव्यापीकरणका प्रभाव देखा पर्न थालेका छन्। किसानहरुको परम्परागत जीविकोपार्जनसमेत सङ्कटमा पर्दै गएको छ। यो प्रक्रियालाई हाम्रो जस्तो गरीब देशमा लागू गराउनमा अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक, एसियाली विकास बैंक जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुले नीतिगत पहल एवं दबाब सिर्जना गर्ने गरेको पाइन्छ। परिमाणस्वरुप





भूमिसुधारको सवाल पनि किसानको हितभन्दा पनि बजारको हितअनुकूल बन्ने खतरा छ। उदाहरणका लागि २०६३ सालमा भूमिसुधारका लागि विश्व बैंकको सहयोगमा भूमि बैंक स्थापना गर्ने प्रयासलाई लिन सकिन्छ। किसानहरुबाट विरोधपछि यो कार्यक्रम स्थगित गरियो। यसर्थ जनमुखी भूमिसुधार गर्न विश्वव्यापीकरणका सम्भावित नकारात्मक प्रभावहरुसँग कसरी जुध्ने भन्ने सवाल नेपालको भूमि व्यवस्थापनको एउटा महत्वपूर्ण सवाल बनेको छ।

## राजनीतिक प्रतिबद्धता र ठोस कदमको अभाव

राजनीतिक नेतृत्वको बोली र व्यवहारबीचको भेद र राष्ट्रिय अठोटको अभावका कारण भूमिसुधार सर्वसम्मत एजेण्डा बन्न सकेको छैन। नेपाली समाजमा 'जमिन कसको ? जोत्नेको' नारा केवल नारामा सीमित बन्यो। राजनीतिक इच्छाशक्ति र प्रतिबद्धताबिनाको नाराले व्यवहारमा सार्थकता नपाउने यथार्थताको शिकार बन्यो भूमिसुधार पनि।

नेपालका अधिकांश राजनीतिक दलहरुको उद्भव भूमिसुधारको एजेण्डासँग जोडिएको पाइन्छ। दलहरुले क्रान्तिकारी वा जनमुखी वा प्रगतिशील भूमिसुधारलाई राजनीतिक एवं साङ्गठनिक शक्ति आर्जन गर्ने माध्यमका रुपमा प्रयोग गर्ने गरेका छन्। तर सत्तामा पुगेपछि भने भूमिसुधारको एजेण्डा छाड्ने गरेको पाइन्छ।

## आन्दोलन

भूमिअधिकारको आन्दोलन अन्याय, शोषण र गरिबीको कारण सम्बोधन गर्ने सामाजिक आन्दोलन हो। यो आन्दोलन गरीब जनताका इच्छा, आवश्यकता र अधिकार सम्पन्नतासँग जोडिएको छ। यो भौतिक सेवा सुविधा र आर्थिक समुन्नतिका अलावा न्याय, सम्मान र समानताका पक्षसँग पनि त्यत्तिकै सम्बन्धित छ। यो एक पृथक प्रयत्न हो। भूमिअधिकारको आन्दोलन समाजमा उत्पीडनमा परेका तथा कठिन

जीवन जिइरहेका वर्ग, समूह, जाति एवम् जनजातिको सामाजिक तथा आर्थिक मुक्तिको आन्दोलन हो ।

आन्दोलन जहिले पनि अपमान, असमानता, अनभिज्ञता र अन्यायविरुद्ध गतिवान भइरहनुपर्दछ । निरपेक्ष समानता असम्भव कुरा हो तर अन्यायपूर्ण संरचनामा समानताका लागि हुने आन्दोलनले कुनै वर्गलाई विभेद पनि गरिरहेको हुन्छ । सामाजिक आन्दोलनहरु तत्कालीन परिस्थितिमा विभेदपूर्ण देखिए पनि तिनीहरुले समताका लागि योगदान गरिरहेका हुन्छन् । उत्पादनका साधनमाथिको स्वामित्व, अवसरसँगको पहुँच र निर्णयको अधिकारसँगको समानता नै सम्पन्नताको सूचक हो । भूमि आन्दोलनले मूलतः यी तिनै पक्ष प्राकृतिक सम्पदा, सीप तथा रोजगारी र सामुदायिक राजनीतिक सहभागिता र नेतृत्वलाई राम्ररी समात्छ । यी नहुनु गरिबी र हुनु सम्पन्नतासँग सम्बन्धित छ ।

कमजोर र विपन्न वर्गको जमिनसँगको सम्बन्ध मूलतः उत्पादनमा छ, वितरण र उपभोगमा छैन । नेपालको कृषि संस्कृतिमा जमिन आयको स्रोत मात्र होइन, विपत्तिको बीमा, वृद्धावस्थाको पेन्सन र सामाजिक सम्मानको आधार पनि हो ।

मौलिक सामाजिक रुपान्तरणबिना गरिबी हट्न सम्भव छैन । आधारभूत सामाजिक संरचना कायम राखेर गरिबी निवारण गर्ने प्रयत्न सफल हुन सक्दैनन् । हाम्रो कामले गरीब जनतालाई सचेत, सङ्गठित र आन्दोलित गर्नुपर्दछ । जनताको गलत चिन्तन र व्यवहारलाई सुधार्न, नयाँ मूल्य निर्माण गर्न र वैज्ञानिक दृष्टिकोण विकास गर्न पनि आन्दोलनबाट गुज्रनै पर्ने हुन्छ । सामाजिक न्यायका आत्मगत पक्षहरु, मूल्य-मान्यता, विश्वासका प्रणाली र दायित्वबोध आदि, बाह्य दबाबबाट थोपर्न सकिँदैन । उनीहरुभित्रै रहेका शिक्षाबाट मात्र उमार्न सकिन्छ ।

सामाजिक न्याय र रुपान्तरण हलुका र सतही प्रयत्नले सम्भव नै छैन । दीर्घकालीन प्रतिबद्धता र सङ्गठन चाहिन्छ । यो आन्दोलनमा भिन्न काम गर्न खोजेको हो र सोचाई पनि छन् । राजनीतिक इच्छाशक्ति र प्रतिबद्धताबिनाको नारा, नारा मात्र हुन्छ । गहिरो अभ्याससबिनाको सोच





केवल सोचमात्र हुन्छ । हाम्रो आन्दोलनले सङ्गठन, सहजकर्ता, अभियानकर्ता, विचारक, लेखक, चिन्तक, अगुवा, नेता कति बनायो वा बनाएन, यो पनि हामीले चिन्तन गर्दै अगाडि बढ्नुपर्ने विषय हो । हामीले असल अभ्यासको शुरुवात् गरेको भए पनि गहिराई पुगेको छैन र यसमा आत्तिने नभएर सचेत ढङ्गले नै अगाडि बढ्नुपर्दछ । शक्ति रुपान्तरणका लागि शक्ति विश्लेषण गरेर अभ्यासमा ल्याउन भुइँमा पर्याप्त काम भएको छैन । आन्दोलनको कति प्रतिशत हामी आफ्नै स्रोतबाट बेहोर्न सक्ने भयौं त ? परिवेश विश्लेषणको महत्वबोध र अभ्यासको घनत्व कस्तो छ ? हरेक काम सचेत ढङ्गले गर्ने, मौलिक पाराले गर्ने, गुणात्मक ढङ्गले गर्ने, गल्ती इमानदारी ढङ्गले स्वीकार्ने र परिवर्तनलाई ठीक ढङ्गले व्यक्त गर्ने काम हामीले गर्दै जानुपर्दछ । परिवर्तन आफैंबाट सुरु भयो भने सामाजिक आन्दोलनका रुपमा अगाडि बढाउँदै लैजान सकिन्छ ।

जमिनको असमान वितरण स्थितिले आर्थिक विकास र सामाजिक न्यायको प्रक्रिया अवरुद्ध भैरहेको छ । भूमिहीन तथा मोही किसान गरिबीको दुश्चक्रमा क्रमशः फस्दै गएका छन् । भूमिको असमान वितरणको कारणले नै हलिया प्रथा, बाँधा प्रथालगायत् अन्य शोषणकारी प्रथा टिकिरहेका छन् । बालश्रम, मानव बेचविखन, बेरोजगारी बढ्दो छ । भूमि नहुँदा शिक्षा, साक्षरता एवम् विकासका अवसरबाट पनि गरीबहरु नै वञ्चित छन् । अतः उत्पादन वृद्धि, सामाजिक न्याय स्थापना, शोषणको अन्त्य एवम् गरीब तथा दलित समुदायको विकासका अवसरमा पहुँच वृद्धि, सामाजिक द्वन्द्वको रुपान्तरण अनि समग्र नेपाली समाजको लोकतान्त्रिक रुपान्तरणका लागि जनमुखी भूमिव्यवस्था स्थापना अपरिहार्य छ ।

## ३. विश्वास तथा मूल्य-मान्यता

**विश्वास :**

(क) गरिबी सम्मानित जीवन बाँच्नका लागि उत्पादनमूलक स्रोतमा पहुँच तथा नियन्त्रणको अभाव हो । गरिबी भनेको अन्यायपूर्ण शक्ति सम्बन्धको परिणाम हो ।

(ख) जमिन उत्पादनको साधन हो । यो कसैको निजी नियन्त्रणमा मात्र रहन सक्दैन । तसर्थ भूमि खेती गर्ने (महिला, पुरुष) को पहुँच र नियन्त्रणमा हुनुपर्दछ ।

(ग) मानवअधिकार हरेक मानवका जन्मजात अधिकार हुन् । यी अधिकार सबै मानव समुदायका सदस्यमा समानरुपले लागू हुन्छन् । आधारभूत आवश्यकता नै मानवको आधारभूत अधिकार हो ।

(घ) ग्रामीण समाजमा विद्यमान सामन्ती र शोषणमुखी संरचनामा फेरबदल नल्याई मुक्त र आत्मनिर्भर किसान समाज निर्माण गर्न सम्भव छैन ।

(ङ) अन्यायपूर्ण र शोषणकारी शक्ति सम्बन्धमा फेरबदल ल्याउन भूमिअधिकारबाट वञ्चितलाई सङ्गठित गरी अहिंसात्मक परिचालन आवश्यक छ ।

(च) भूमि सम्बन्धमा फेरबदल नल्याई ग्रामीण समाजमा दिगो रुपान्तरण असम्भव छ । भू-सम्बन्ध परिवर्तन गर्दा उत्पादकत्व वृद्धि र सामाजिक न्याय एकै साथ लगिनुपर्दछ ।

(छ) नेपाली समाजको समग्र लोकतान्त्रीकरण गर्न जनमुखी भूमि व्यवस्था आवश्यक छ । जनमुखी भूमि व्यवस्थाका लागि भूमि





आन्दोलनमा लागेकाको पनि जनमुखी प्रवृत्ति र व्यवहार आवश्यक छ ।

(ज) भूमिअधिकार मानवअधिकारको रक्षा र लोकतन्त्रको आधार पनि हो ।

**मूल्य र मान्यता :**

(क) सबैका लागि सबै मानवअधिकारको संरक्षण र प्रबर्द्धन : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, यस आन्दोलनका सहयात्री संस्था र सङ्गठन सबै अधिकार सर्वव्यापी र अन्तर्सम्बन्धित हुन्छ र समाजका सबै व्यक्ति र समूह (महिला, पुरुष, वरिष्ठ नागरिक, युवा, फरक क्षमता भएकाहरु) ले विनाभेदभाव ती सबैको अधिकार उपभोग गर्न पाउनुपर्दछ भन्नेमा विश्वास गर्दछन् ।

(ख) बहुलवाद र विविधताको कदर : हामी नेपालमा रहेको विविधता र बहुलपनालाई समृद्धिको स्रोतको रुपमा देख्छौं र यसलाई भूमिअधिकार आन्दोलनमा प्रबर्द्धन गर्न प्रतिबद्द छौं । हामी बहुलवादलाई राजनीतिक र सांस्कृतिक विविधता अभिव्यक्त गर्ने माध्यम मान्छौं ।

(ग) सामाजिक समावेसिता : भूमिअधिकारबाट वञ्चितको भूमिअधिकार सुनिश्चित गर्ने प्रक्रियामा समाजका सबै तह, वर्ग, क्षेत्र, समुदाय र तप्का (महिला, पुरुष, वरिष्ठ नागरिक, युवा, फरक क्षमता भएकाहरु) का मानिसको समावेशिता अपरिहार्य छ भन्नेमा विश्वास गर्दछौं ।

(घ) अहिंसात्मक पद्धति अनुशरण : हाम्रो आन्दोलनमा हुने गतिविधि तथा अभिव्यक्ति अहिंसात्मक बनाउन हामी प्रतिबद्ध छौं । शान्तिपूर्ण सामाजिक आन्दोलन दिगो उपलब्धि हासिल गर्ने माध्यम हो भन्नेमा हाम्रो दृढ विश्वास छ ।

(ङ) संस्थागत सुशासन : सुशासनका आधारभूत सिद्धान्त हामी आफैं अनुशरण नगरी भूमि प्रशासन पारदर्शी र जवाफदेही बनाउने लक्ष्य पूरा हुदैंन भन्ने कुरामा सहमत छ । र, हाम्रा गतिविधि मूल्य मान्यतामा आधारित भएमा सरकारलगायत् अन्य निकायलाई सुशासनका सिद्धान्त पालना गर्न/गराउन नैतिक बल प्राप्त हुन्छ ।

(च) लोकतान्त्रिक निर्णय प्रक्रिया र कार्यान्वयन : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, यस आन्दोलनका सहयात्री संस्था र संगठन सबै लोकतान्त्रिक पद्धतिको आधारभूत सिद्धान्त पालना गर्न/गराउन प्रतिबद्ध छन् । यो संस्था र आन्दोलनको हरेक तह र समग्र गतिविधिको योजना, कार्यान्वयन र अनुगमन मूल्याङ्कन पद्दतिमा प्रभावकारीरुपले अभ्यास गरिनेछ ।

(छ) लैङ्गिक समानता : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, यस आन्दोलनका सहयात्री संस्था र सङ्गठनभित्र तथा आन्दोलनको समग्र गतिविधिको योजना, कार्यान्वयन र अनुगमन मूल्याङ्कन पद्धतिमा महिला र पुरुषको बराबर सहभागिता र स्वामित्व स्थापित गर्न प्रतिबद्ध छ ।





## ४. लक्ष्य, उद्देश्य र रणनीति

१. **परिकल्पना :**
नेपाली समाज, जहाँ हरेक व्यक्ति स्वतन्त्र, सुरक्षित र आत्मसम्मानित जीवन बाँचिरहेका हुनेछन् ।

२. **ध्येय :**
भूमिअधिकारबाट वञ्चित महिला तथा पुरुषलाई भूमिलगायत् अन्य आधारभूत अधिकारमा दाबी र उपभोग गर्न सक्षम बनाउनु ।

३. **लक्ष्य :**
भूमिअधिकारबाट वञ्चित महिला तथा पुरुषको स्वतन्त्रता र आत्मसम्मानित जीवन जीउनका लागि भूमिमाथि न्यायिक पहुँच र नियन्त्रण कायम गर्ने ।

४. **रणनीतिक उद्देश्य :**

उद्देश्य १ : भूमिअधिकारबाट वञ्चित महिला तथा पुरुषलाई आफ्नो हक अधिकार दाबी र प्रभावकारी उपयोग अभ्यास गर्न सङ्गठित र सवल बनाउने ।

उद्देश्य २ : भूमिसुधारबारे आम सहमति र स्पष्टता ल्याई नेपालको सन्दर्भमा सुहाउँदो भूमिसुधारको नीति तथा कार्यढाँचा विकास गर्न सहयोग गर्ने ।

उद्देश्य ३ : भूमि तथा कृषि क्षेत्रमा संलग्न गैरराज्य पक्षका सरोकारवाला (विश्व बैंक, एसियाली विकास बैंक र अन्य बहुपक्षीय नाफाखोर कम्पनीहरु) का नीति तथा कार्यक्रमको आलोचनात्मक निगरानी ।

उद्देश्य ४ : भूमि तथा कृषि अधिकार आन्दोलनको विभिन्न तहमा भएका अभ्यासबाट ज्ञान निर्माण गरी आदान-प्रदान र संस्थागत गर्ने ।

उद्देश्य ५ : भूमिमा महिला र पुरुषको बराबर अधिनत्वको ग्यारेण्टीसहित नयाँ नीति निर्माणका लागि अभियान गर्ने ।

## ५. रणनीतिक पद्धति :

- भूमिअधिकारबाट वञ्चित समुदायको सशक्तीकरणका लागि जनमुखी शिक्षा प्रक्रियालाई सघनरुपमा भूमि तथा कृषि अधिकार आन्दोलन र जनसङ्गठनमा जोडेर लैजाने ।
- भूमि तथा कृषि अधिकारबाट वञ्चितहरुको कृषि सहकारी स्थापनाका लागि सहजीकरण तथा सहयोग गर्ने ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा नीति निर्माता, राजनीतिक नेता र प्रभावशाली व्यक्ति तथा संस्थासँग सम्वाद बढाउने ।
- भूमि तथा कृषि अधिकारका विभिन्न सवालमाथि अध्ययन, अनुसन्धान, प्रकाशन र प्रसार गर्ने ।
- भूमि तथा कृषि अधिकारका विषयमा ज्ञानको घेरा फराकिलो पार्न, आन्दोलनका अभ्यास अभिलेखन गर्ने सीप विकास गर्न र त्यसको प्रशारण गर्ने संयन्त्र विकासका लागि प्राज्ञिक र अनुसन्धानमूलक संस्थासँग सहकार्य गर्ने ।
- भूमि तथा कृषि अधिकार आन्दोलनको नेतृत्व गर्नका लागि राष्ट्रिय भूमि अधिकार मञ्चलाई सवल र सुदृढ गर्दै लैजाने ।
- जनसङ्गठनका अगुवा, अभियानकर्ता र अन्य संलग्न पक्षमा भूमिअधिकार आन्दोलनको वैचारिक एवं प्रक्रियागत पक्षमा क्षमता अभिवृद्धि गर्दै जाने ।
- भूमिसुधारका वैकल्पिक ढाँचा निर्माण गरी बहसमा ल्याउने ।
- भूमिसंग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरुसंग सहकार्य र ऐक्यवद्धता गर्दै जनो ।





# ५. अपेक्षित नतिजा, सूचक र क्रियाकलाप

## नतिजा १

*भूमिअधिकारबाट वञ्चित महिला तथा पुरुष आफ्नो हक अधिकार दाबी र उपयोग गर्न सङ्गठित, सवल र परिचालित भएका हुनेछन् ।*

**सूचक :**

- राष्ट्रिय भूमिअधिकार मञ्च भूमिअधिकार आन्दोलनको नेतृत्व गर्ने जनसङ्गठनका रुपमा सुदृढ भएको,
- आन्दोलनमा सक्षम कर्मचारी र कार्यकर्ता परिचालित,
- स्थानीय अभियान र राष्ट्रिय नीतिगत छलफलबीच मजबुत सम्बन्ध स्थापना,

**मुख्य क्रियाकलाप :**

- भूमि तथा कृषिअधिकार र यससँग सम्बन्धित विषयको परिवेश विश्लेषण, सामग्री र सूचना सङ्कलन र अभिलेखनको काम संस्थागत गर्ने ।
- राष्ट्रिय भूमिअधिकार मञ्चको ५० जिल्लामा विस्तार र ७० जिल्लामा सम्पर्क स्थापित गर्ने ।
- स्थानीय राजनीतिक दल, जमिनदार, सामाजिक अभियानकर्ता र स्थानीय जनसमुदाय, स्थानीय, जिल्ला र क्षेत्रीय तहमा रुपान्तरणमुखी भूमिसुधारबारे छलफल र अन्तरक्रिया सञ्चालन गर्ने ।
- समुदाय तहमा जनमुखी शिक्षा केन्द्रहरु स्थापनामा सहजीकरण गर्ने ।
- कर्मचारी, भूमिअधिकार अभियानकर्मी, समुदायका अगुवा र नीतिगत कार्यकर्ताको क्षमता अभिवृद्धिका लागि तालिम र प्रशिक्षण सञ्चालन गरी सम्बन्धित क्षेत्रमा परिचालन गर्ने ।
- देशभित्र र बाहिर सिकाई आदान-प्रदानका कार्य अभिवृद्धि गर्ने ।

- भूमिअधिकार मञ्चका कार्यक्रमलाई व्यवस्थित र निष्पक्ष बनाउन नीतिहरु व्यवस्थापन र अपडेट गर्ने ।
- स्थानीय र जिल्ला तहमा आन्दोलन कोष स्थापना र परिचालन गर्ने ।
- वास्ताविक भूमिसुधारका प्रक्रियालाई प्रेरित गर्न वकालत र लबिङको कार्यलाई प्रभावकारीरुपमा अगाडि बढाउने ।
- विभिन्न जनपरिचालन जस्तो : र्‍याली, प्रदर्शन, अभियान सञ्चालन गर्ने ।
- भूमिसुधारका वैकल्पिक खाका बनाउन र स्थानीय तहबाट नै व्यवस्थापन गर्न कार्य अनुसन्धानका प्रक्रिया अघि बढाउने ।
- संयुक्त स्वामित्व र जमिनमा महिला पुरुष दुवैको बराबरी हक स्थापनाका लागि व्यवस्थित लबिङ गर्ने ।
- भूमिअधिकारका लागि दावी गरिएका मुद्दा र भूमिअधिकारलाई प्रोत्साहित र सुरक्षित गर्ने मुद्दामा पनि सहजीकरण गर्ने ।

## नतिजा २

*भूमिसुधारबारे आम सहमति र स्पष्टता आई नेपालको सन्दर्भ सुहाउँदो भूमिसुधारको नीति तथा कार्यढाँचा विकास र कार्यान्वयन भएको हुनेछ ।*

**सूचक :**

- राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा नीति सुधार, नयाँ नीति निर्माण, उच्चस्तरीय भूमिसुधार आयोग गठनका लागि क्रमबद्ध अभियान र द्विपक्षीय संस्थाहरुसँग अन्तरक्रिया ।
- भूमिसुधारका वैकल्पिक खाका निर्माण ।
- राष्ट्रिय/अन्तर्राष्ट्रिय अनुभवबाट बटुलिएका राम्रा क्रियाकलाप र अभ्यास छापिएको, वितरण गरिएको ।
- सबै तह स्थानीय, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध स्थापना र सुदृढीकरण





- केन्द्रीय, सङ्घीय र स्थानीय तहमा भूमि व्यवस्थापन र प्रशासनमा प्रजातान्त्रीकरण ल्याउन विभिन्न अभियान सञ्चालन

**मुख्य क्रियाकलाप :**

- राजनीतिक दलका नेता, सरकारी कर्मचारी, सभासद्, नागरिक समाजका अगुवा र विज्ञसँग नीतिगत छलफल परिचालन गर्ने ।
- उच्चस्तरीय भूमिसुधार आयोग तथा भूमिसुधार तथा व्यवस्था मन्त्रालयसंग सहकार्य गर्ने ।
- नीतिगत विश्लेषण, अनुसन्धान, प्रकाशन र वितरण गर्ने ।
- छापा र विद्युतीय सञ्चार माध्यमलाई भूमिअधिकारका विषयलाई सामाजिक घेरामा ल्याई छलफलको विषय बनाउन उत्प्रेरित गर्ने ।
- भूमिअधिकार अभियानमा लागेका सङ्गठन परिचालन गर्ने ।
- राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा आफ्ना सिकाई र अनुभव बाँड्ने ।
- राजनीतिक दल, सभासद र राज्यका संस्थासँग समन्वय बढाउने ।
- भूमिसुधारका विषयलाई अझ प्रोत्साहन गर्न विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता जनाउने ।

## नतिजा ३

*भूमि तथा कृषि क्षेत्रमा संलग्न गैरराज्य पक्षका सरोकारवाला (विश्व बैंक, एसियाली विकास बैंक र अन्य बहुपक्षीय नाफाखोर कम्पनीहरु) सँग आलोचनात्मक कार्य भइरहेको हुनेछ ।*

**सूचक :**

- गरीब भूमिहीन, महिला  र पुरुषका हितविपरित रहेका नीतिको विरोध गर्न समालोचनात्मक समन्वय विस्तार ।
- बहुउद्देश्यीय र वित्तीय संस्थामा रहेका गरीबका हितविपरित नीतिको प्रतिरोध  र संगठन एवं संजालको क्रियासिलता ।

**मुख्य क्रियाकलाप :**

- गरीब र पिछडिएका वर्गमा विश्वव्यापीकरण र उदारवादी नीतिको प्रभाव बुझ्न अध्ययन र अनुसन्धान गर्ने ।
- यी संस्थाका नीतिबारे जनमानसमा सचेतीकरण बढाउन अभियान सञ्चालन गर्ने ।
- विश्वव्यापीकरण र नवउदारवादी प्रक्रिया र गरीब भूमिहीनबीचको सम्बन्ध छलफल गर्न यी संस्थाबीच अन्तरक्रिया गर्ने ।

## नतिजा ४

*भूमिअधिकार आन्दोलनको विभिन्न तहमा भएका अभ्यासबाट सिकाई एवं ज्ञान निर्माण भई आन्दोलनभित्र प्रयोग र अन्यत्र प्रसार भएको हुनेछ ।*

**सूचक :**

- सवालगत कार्यअनुसन्धान र निचोडहरुको प्रकाशन र प्रचारप्रसार ।
- अभियानकर्ता, अनुसन्धानकर्ता र विज्ञमा पढ्ने र सिक्ने बानीको प्रोत्साहन गर्न स्रोत केन्द्र स्थापना ।

**मुख्य क्रियाकलाप :**

- भूमिसम्बन्धी सामग्री सहजरुपमा उपलब्ध गराउन विभिन्न भेगमा स्रोत संस्था स्थापना गर्ने ।
- अध्ययन तथा अनुसन्धान सम्भव भएसम्म विश्वविद्यालयहरुसँगको सहकार्यमा गर्ने ।
- सामाजिक लेखाजोखा र सहभागीमूलक चिन्तन मनन् र सिकाई प्रक्रिया बढाउने ।
- विभिन्न वकालतीय तथा आवधिक प्रकाशन र वितरण गर्ने ।
- राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा समन्वय र सहकार्य विकास तथा विस्तार गर्ने ।





- सामुदायिक भूमिसुधार अभ्यासको थालनी गर्ने ।

## नतिजा ५

*भूमिमा महिला र पुरुष दुवैको अधिनत्वको ग्यारेण्टी हुने नयाँ नीति निर्माण भई कार्यान्वयनमा आएको हुनेछ ।*

**सूचक :**

- भूमिमा अधिनत्व पाएका महिलाको सङ्ख्या
- भूमिमा संयुक्त अधिनत्व पाएका परिवारको सङ्ख्या
- नयाँ कानुन तथा नियमावली निर्माण

**मुख्य क्रियाकलाप :**

- राजनीतिक दल, अभियानकर्ता, समुदाय आदिबीच नियमित अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गर्ने ।
- भूमिमा महिलाको अधिनत्व बढाउन हरेक परिवारमा छलफल गरी उत्प्रेरित गर्ने ।
- सभासद, सम्बन्धित मन्त्रालय र अन्य निकायमा लबिङ्ग गर्ने ।
- तालिम, गोष्ठी, अन्तरक्रिया आदि कार्यक्रम सञ्चालन गर्ने । जागरण, सचेतना एवम् अधिनत्व कायमसम्बन्धी अभियान सञ्चालन गर्ने ।
- भूमिमा महिलाको अधिनत्व विषयमा सञ्चार माध्यमको सहयोग लिने ।
- महिला अभियानकर्ता निर्माण तथा क्षमता अभिवृद्धि गर्ने ।
- भूमिमा महिलाको अधिनत्वका विभिन्न परिवेशबारे अभिलेखन, लघु अध्ययन र प्रकाशन गर्ने ।

## ६. क्रियाकलाप र तिनीहरुको व्याख्या

| SN | Description | विवरण | व्याख्या |
|---|---|---|---|
| 1.1 | Building and Strengthening National Land Rights Forum | जनसङ्गठन सुदृढीकरण निर्माण र परिचालन | *अनुसूची (ग) मा हेर्नुहोला* |
| *1.1.1* | *Overall management and coordination* | राभूअमको समग्र व्यवस्थापन राष्ट्रिय भूमिअधिकार मञ्च नेपाल (रा भू अ म) | मञ्चको राष्ट्रिय समितिका लागि चाहिने आधारभूत सामग्री खरिद, |
| *1.1.2* | *Full timer worker (National Secretariat of NLRF)* | पूर्णकालीन कार्यकर्ता | राष्ट्रिय समितिका लागि ३ जनासम्म पूर्णकालीन कार्यकर्ता सहयोग गर्न सकिनेछ । यस्तो पूर्णकालीन कार्यकर्ताको क्षेत्र, कार्यविवरण र दिगोपनाका विषयमा गृहकार्य चाहिन्छ । सहयोग सुरु गरिएको एक वर्षपछि एक जना पूर्णकालीन कार्यकर्ता मञ्चकै स्रोतबाट राख्ने गरी अहिलेदेखि नै अभ्यास थाल्नुपर्दछ ।<br>*थप अनुसूची (झ) मा हेर्नुहोला* |
| *1.1.3* | *Accountant and office support* | कार्यालय सचिव | राष्ट्रिय समितिको कार्यालयको हरहिसाव, प्रतिवेदन, अभिलेखन, सञ्चार, समन्वय आदि सम्पूर्ण कार्य गर्ने गरी एक जना कार्यालय सहयोगी व्यवस्था गरिएको छ । |
| *1.1.4* | *Meeting and national team mobilisation* | बैठक तथा राष्ट्रिय समिति परिचालन | राष्ट्रिय समितिको पूर्ण बैठक, सचिवालय बैठक, सदस्यहरु विभिन्न क्षेत्र र आन्दोलनका काममा सहभागिता र प्रतिनिधित्व, यस्ता बैठक विभिन्न क्षेत्रमा गाउँमा गर्नुपर्दछ । |
| *1.1.5* | *Campaign and capacity building* | क्षमता अभिवृद्धि र जनसङ्गठन अभियान | राष्ट्रिय, जिल्लास्तरका अगुवा पहिचान र उनीहरुको थप क्षमता अभिवृद्धिका लागि सिकाई प्रक्रिया बढाउने तालिम, गोष्ठी, भ्रमण, स्वअध्ययन आदि कार्य |
| 1.2 | Formed and strengthening DLRF | जिल्ला भूमिअधिकार मञ्च निर्माण तथा सुदृढीकरण | |
| 1.2.1 | Campaign cost | अभियान खर्च | जिल्ला तहको अभियान, विशेषत सङ्गठन सुदृढीकरण र हक अधिकार प्राप्तिको अभियान - यसमा स्थानीय र अन्य निकायसमेतको सहयोगमा तयार पारिएको योजनामा हाम्रो तर्फबाट बीउ सहयोग हो । यसको तोकिएको ढाँचामा सहभागीमूलकरुपमा योजना तयार पारिएको हुनुपर्दछ । र, आफ्नै सामर्थ्यमा पनि गर्न सकिने अभियान हुनुपर्दछ । |
| 1.2.2 | Full time worker (District) | पूर्णकालीन कार्यकर्ता | जिल्ला सङ्गठनलाई मजबुत बनाउने, परिचालनमा सहयोग गर्ने, जिल्ला तहमा हुने आन्दोलनको व्यवस्थापन गर्ने, गाउँ मञ्चको बरोबर भ्रमण गरी सवल बनाउने आदि कामका लागि पूर्णकालीन कार्यकर्तालाई सहयोग गरिएको हो । प्रत्येक वर्ष यो सहयोग कम गर्दै गइनेछ । |

| | | | |
|---|---|---|---|
| | | | जिल्ला मञ्चले नै यसमा स्रोत खोज्नुपर्नेछ । (थप अनुसूची झ मा हेर्नुहोला । |
| 1.2.3 | NLRF office secretary | कार्यालय सचिव | जिल्ला समिति कार्यालयको हरहिसाव, प्रतिवेदन, अभिलेखन, सञ्चार, समन्वय आदि सम्पूर्ण कार्य गर्ने गरी एक जना कार्यालय सचिव व्यवस्था गरिएको हो । |
| 1.2.4 | Extension of DLRF | जिल्ला मञ्च विस्तार | सम्पर्क समन्वय स्थापना भएका अनि निकट समयमै जिल्ला मञ्च निर्माण गर्न सम्भव भएका जिल्लाको अभियान शुरुवात् र जिल्ला मञ्च निर्माणका लागि सहयोग |
| 1.3 | Capacity building of staff and activists for effective advocacy, paralegal assistance and building connection and alliances, and mobilization of them as change agents in the districts and communities | प्रभावकारी वकालत, कानुनी सहायता, सम्पर्क समन्वय विस्तार, अभियान आदि विषयमा अभियानकर्ता तथा कर्मचारीको क्षमता अभिवृद्धि | तालिम, समीक्षा, अन्तर जिल्ला तथा जिल्ला बाहिर अध्ययन भ्रमण |
| 1.3.1 | Land Camp (Sibir) | भूमि शिविर | भूमिअधिकारबाट वञ्चितहरुको |





| | | | |
|---|---|---|---|
| | | | व्यापक सहभागितामा गाउँगाउँमै स्थानीय स्रोतको अधिकतम् उपयोग गरेर भूमि तथा अधिकारबारे प्रशिक्षण चलाउने । यस्ता शिविरमा घटीमा एक सय जना सहभागी हुनेछन् । यसका लागि समुदायबाट हरसम्भव सहयोग उपलब्ध गराउने । |
| 1.3.2 | Training and orientation programme (Social analysis, Populer education, Campaign facilitation) | तालिम | सामाजिक विश्लेषण, जनमुखी शिक्षा, परिवेश विश्लेषण, सामाजिक आन्दोलन र भूमिअधिकार तालिम वार्षिकरुपमा करिव ३० वटा सञ्चालन हुनेछन् । यी तालिम सामुदायिक हलमा मात्र गर्न पाइनेछ । तालिमको पूर्व तयारी, फलोअप र आन्दोलनसँग जोडिन अनिवार्य छ । |
| 1.4 | Mobilisation of the Mainstreaming popular education (action-reflection-action) in land rights movement | भूमिअधिकार आन्दोलनमा जनमुखी शिक्षा प्रक्रिया | जनमुखी शिक्षा केन्द्रहरु सञ्चालन (विशेषगरी गाउँ मञ्चहरुमा) |
| 1.4.1 | Activist | अभियानकर्ता | अभियानकर्ता परिचालनका लागि सहयोग<br>अभियानकर्ता जुन गाविसमा काम गर्ने हो सोही गाविसको अधिकारग्रही समुदायबाटै हुनुपर्दछ । अभियानकर्ताको काम |

| | | | |
|---|---|---|---|
| | | | हेरेर सहयोग पनि फरक फरक हुन सक्छ । *(थप अनुसूची ङ मा हेर्नुहोला ।)* |
| 1.4.2 | Formation of agricultural cooperatives | कृषि सहकारी निर्माण | भूमिअधिकारबाट वञ्चित महिलाको सहकारी निर्माण, यस्ता सहकारी कहाँ कति बनाउने भन्ने कुरा योजनामा नै तोकेर अभियानको रुप लिन असम्भव छ । यस विषयमा समुदाय तहमा अधिकतम् छलफल र अवधारणागत प्रष्टता पार्ने काम गरेपछि समुदायको चाहनाअनुसार सहकारी बनाउनुपर्दछ । सहकारीबारे अभियानकर्ता, कर्मचारी, अगुवा र समुदायलाई नै प्रशिक्षित गराउने, सामग्री तयार गर्ने आदि काम नै सहकारीका प्रारम्भिक काम हुन् । *(थप अनुसूची घ मा हेर्नुहोला ।* |
| 1.4.3 | REFLECT circle | रिफ्लेक्ट केन्द्र | भूमिअधिकारबाट वञ्चित बढी भएका एवम् गाउँ भूमिअधिकार मञ्च भएका ९० गाविसको कम्तिमा ३ र बढीमा ५ स्थानमा यस्तो रिफ्लेक्ट केन्द्र सञ्चालन गरिनेछ । हरेक केन्द्रमा साप्ताहिकरुपमा कम्तिमा २ घण्टा विभिन्न दृश्यात्मक औजार प्रयोग गरी अधिकारका मुद्दामा छलफल गराई छलफललाई काममा, व्यवहारमा उपयोग गर्नुपर्नेछ । *(थप अनुसूची ख मा हेर्नुहोला ।* |
| 1.5 | Context mapping | परिवेश | समुदायको परिवेश विश्लेषण, |





| | | | |
|---|---|---|---|
| | | विश्लेषण | अभिलेखन र उपयोग |
| 1.6 | Linking local movement with policy dialogues | स्थानीय अभियानलाई क्षेत्रीय तथा राष्ट्रिय तहमा जोड्ने | समुदाय तथा जिल्ला तहमा उठेका विभिन्न मुद्दा राष्ट्रियकरण गर्ने, आम बहसमा ल्याउने |
| 1.7 | Public campaigns, demonstrations, rallies and submission of memoranda | विभिन्न जनअभियान | जनमुखी भूमिव्यवस्था निर्माणको अभियान, अधिकार हननविरुद्ध खबरदारी र प्रतिरोध अभियान, शक्ति निर्माण र प्रदर्शनको अभियान, जनमत निर्माणको अभियान - यस्ता कार्यक्रम दिगो प्रकृतिको स्वाभाविक र मजवुत हुन आवश्यक छ |
| 1.8 | Support to claiming land rights | भूमिअधिकारको मुद्दामा सहयोग | गम्भीर प्रकृतिको अधिकार हननका घटनामा निश्चित परिपाटी विकास गरी सहयोग |
| | Out Put 2 | | |
| 2.1 | Policy dialogue with political party leaders, government officials, CA members, civil society leaders and experts | नीतिगत तहमा छलफल तथा सम्वाद | जनमुखी भूमि व्यवस्थाका जल्दाबल्दा सवालमा सानो तथा ठूलो समूहमा छलफल तथा अन्तरक्रिया, अभिलेखन, प्रकाशन र प्रसारण |
| 2.2 | Critical engagement | भूमि आयोगसँग आलोचनात्मक | भूमि आयोगका पदाधिकारीसँग जिल्ला, क्षेत्र र नीतिगत तहमा |

| | | | |
|---|---|---|---|
| | with high level land commission | सहकार्य | छलफल, विभिन्न अध्ययन सामग्री खोजी र सहयोग, दस्तावेज निर्माण र प्रस्तुति, सवालगत छलफलमा सहयोग, सूचना आदान-प्रदान |
| 2.3 | Development of alternative land policy for public debate | वैकल्पिक भूमिसुधारको खाका निर्धारण | हामीले खोजेको भूमि व्यवस्था र त्यसले ल्याउने परिवर्तनको खाका निर्माण र व्यापक छलफल |
| 2.4 | Action research to develop viable alternative models of land reform and management | स्थानीय तहमा भूमिसुधारको प्रयास अभ्यास | भूमिसुधारसम्बन्धी समुदाय तहमा व्यावहारिक अभ्यास थाल्नका लागि प्रत्येक स्रोत संस्था र स्रोत केन्द्रका एक एक गाविसमा यस विषयमा अभ्यासलाई तीव्रता दिने । *(थप अनुसूची क मा हेर्नुहोला)* |
| 2.5 | Deepening engagement with political parties, state agencies and CA members | राजनीतिक दलका सदस्य संविधानसभाका सभासद्सँग छलफल | संविधान निर्माणको सन्दर्भमा विभिन्न तहमा छलफल, सुझाव र दबाबका रचनात्मक अभियान |
| 2.6 | Media mobilisation (radio programme and others) | सञ्चार परिचालन | रेडियो कार्यक्रम, सञ्चारका विभिन्न विकल्पको अधिकतम् उपयोग |
| 2.7 | Support to global land Assembly | अन्तर्राष्ट्रिय भूमि सञ्जालको सम्मेलन | विभिन्न सवालगत कार्यशाला र सहभागिता<br>सामग्रीहरुको उत्पादन र वितरण |
| 2.8 | Independent Campaigner | स्वतन्त्र अभियानकर्ता | विभिन्न क्षेत्रमा जाने, सङ्गठन निर्माण गर्ने, अगुवा कार्यकर्ता तयार पार्ने एवं अभियान उठाउने |





| | | | |
|---|---|---|---|
| | | | र भूगोल सीमित नगरिएका कार्यकर्ता |
| | Output 3 | | |
| 3.1 | Study on possible effects from globlisation of land issues | अध्ययन | भूमिसुधारको सवालमा विश्वव्यापीकरणले पार्दै गरेको र भविष्यमा पार्ने असरका विषयमा अध्ययन |
| 3.2 | Training | तालिम | भूमिसुधारको सवालमा विश्वव्यापीकरणले पार्दै गरेको र भविष्यमा पार्ने असरका विषयमा कर्मचारी, अगुवा र अभियानकर्ताका लागि तालिम |
| | | | |
| 4.1. | Resource centre establishment in regional/federal centres with basic resources and references about land | सिकाई तथा ज्ञानको निर्माण र उपयोग | क्षेत्र क्षेत्रमा स्रोत केन्द्र स्थापना |
| 4.1.1 | National level resource centre | राष्ट्रिय स्रोत केन्द्र निर्माण | पढ्न मिल्ने र उपयोग गर्न सकिने प्रकृतिको कम्तिमा एक हजार पुस्तक, सि.डी, टेलिभिजन, कम्प्युटर आदि भएको स्रोत केन्द्र निर्माण |

| | | | |
|---|---|---|---|
| 4.1.2 | Support to regional level resource centre | जिल्ला स्रोत केन्द्र निर्माण | २५, ३० जनालाई तालिम गर्न, एकसरो अध्ययन तथा तालिम सामग्री भएका स्रोत केन्द्र (प्रत्येक वर्ष २ स्थानमा) *थप अनुसूची ञ मा हेर्नुहोला ।* |
| 4.2 | Mobilisation of the alliances engaged in land rights movement | स्रोत संस्थाहरुको परिचालन | स्रोत संस्था परिचालनका लागि आवश्यक जनशक्ति तथा भौतिक सहयोग |
| 4.2.1 | Resource organisation coordinator | स्रोत संस्था संयोजक | स्रोत संस्था संयोजक |
| 4.2.2 | District coordinator | जिल्ला संयोजक | जिल्ला संयोजक |
| 4.2.3 | Assistant finance Officer/ Account | सहायक वित्त अधिकृत / लेखा प्रशासक | सहायक वित्त अधिकृत |
| 4.2.4 | Overall management including transportation and computer | समग्र व्यवस्थापन सहयोग | घर भाडा, सञ्चार खर्च, स्टशेनरी, चिया, फोटोकपी, कम्प्युटर र क्यामरा खरिद, इ-मेल सुविधा |
| 4.3 | Research and documentation in collaboration with academic institutions where necessary | प्राज्ञिक संस्थाहरुसँग मिलेर अध्ययन तथा अनुसन्धान | विभिन्न सवालमा वार्षिकरुपमा विभिन्न विश्वविद्यालयसँग मिलेर अध्ययन तथा अनुसन्धान |





| | | | |
|---|---|---|---|
| 4.4 | Social audit and participatory review and reflection | सामाजिक लेखाजोखा तथा सहभागीमूलक समीक्षा तथा मनन् | सङ्गठन, जिल्ला, स्रोत संस्था र राष्ट्रिय तहमा नियमितरुपमा अनिवार्य |
| 4.5 | Publications and dissemination of advocacy materials, periodic reports, journals and bulletins | प्रकाशन तथा प्रसारण | वकालतीय सामग्री निर्माण र प्रकाशन |
| 4.6 | CSRC Institutional strengthening including finance | सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संस्थागत सुदृढीकरण | विभिन्न नीति तथा पद्धति विकास र लागू |
| 4.7 | capacity building and of CSRC board , staff and alliance members | कर्मचारी र पदाधिकारीको क्षमता अभिवृद्धि | विभिन्न विषयमा क्षमता अभिवृद्धिका अवसर |
| 4.8 | PME | सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन | पद्धति विकास र कार्यान्वयन |
| 4.9 | Network and Alliance Building | समन्वय तथा सञ्जाल विकास | भूमिअधिकारसँग सम्बन्धित सवालसँग विभिन्न व्यक्ति, निकाय, सङ्घ, समूहसँग |

| | | | |
|---|---|---|---|
| | | | औपचारिक, अनौपचारिक सम्बन्धि स्थापना |
| 4.10 | Grant support for research students | अध्ययनका लागि सहयोग | भूमिसुधार विषयमा ४ जना विद्यार्थीका लागि थेसिस लेख्न सहयोग, यस्तो सहयोग गर्दा समावेशितालाई ध्यान दिनुपर्दछ । |
| | Output 5 | | |
| 5.1 | Women and land rights campaign | भूमिमा महिला अधिकारको अभियान | विभिन्न तहमा छलफल तथा अन्तरक्रिया, संयुक्त पूर्जा अभियान, र्‍याली, जुलुस, सभा, यात्रा (राजनीतिक दल, अभियानकर्ता, समुदाय, आदिबीच नियमित अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना गर्ने ।) |
| 5.2 | Women Activist | महिला अभियानकर्ता | महिला अभियानकर्ता निर्माण तथा क्षमता अभिवृद्धि |
| 5.3 | Lobbying and policy dilogue | नीतिगत सम्वाद र लबिङ | सभासद्, सम्बन्धित मन्त्रालय र अन्य निकायमा लबिङ |
| 5.4 | Study | अध्ययन | भूमिमा महिलाको अधिनत्वका विभिन्न परिवेशसम्बन्धी अभिलेखन, लघु अध्ययन र प्रकाशन गर्ने |





## ७. आन्दोलन केन्द्रित गर्नुपर्ने सवाल

### १. संविधानमा भूमि :

लेखिँदै गरेको संविधानमा भूमिमा श्रम गर्ने किसानको स्वामित्व र नियन्त्रणमा कृषियोग्य जमिन रहने व्यवस्था, हदबन्दीभन्दा माथिको क्षतिपूर्ति नदिने व्यवस्था र गैरकानुनी वा राजा वा राणाबाट पुरस्कारका रुपमा पाइएका वा आफू शक्तिमा रहँदा शक्ति प्रयोग गरेर आफ्नो बनाइएका जमिन जफत हुने व्यवस्था गरिनुपर्दछ । यदि हदबन्दीभन्दा बढीको जमिनमा क्षतिपूर्ति दिइयो भने धनीको मात्रै सम्पत्तिमाथिको कुरा हुन्छ, गरीबको सम्पत्तिमाथिको कुरा हुँदैन । राज्यको पुनर्संरचना भए पनि शक्तिको पुनर्संरचना हुँदैन, त्यसैले शक्तिको पुनर्संरचनाका लागि हदबन्दीभन्दा माथिको जमिनमा क्षतिपूर्ति दिइनु हुँदैन ।

जग्गाधनीहरुले कृषियोग्य भूमि अधिया, मोही, ठेक्का, हुन्डामा दिन नपाउने, बाँझो राख्न नपाउने, हलिया, कमलरी, कमैया, हरुवा-चरुवा राख्न नपाउने तर औपचारिक श्रम नियमावलीअनुसार उचित तथा न्यायोचित ज्याला दिएर खेती गर्न पाउने तर यसका लागि आफैं खेतीमा संलग्न हुनुपर्ने संवैधानिक व्यवस्था हुनुपर्छ । अर्को पेशा गर्ने तर आफ्नो खेती अरुलाई दिने र श्रम शोषण गर्ने व्यवस्था संवैधानिकरुपमा रहनु हुँदैन ।

भूमि फरकखालको सम्पत्ति हो । यो प्राकृतिक साधन हो । यो हामीले चाहेर बढाउन सक्दैनौं । उत्पादनको साधन सीमित व्यक्तिको हातमा गयो भने प्रतिष्पर्धा कम हुन्छ । प्रतिष्पर्धा भएन भने उत्पादकत्व घट्छ र मूल्य बढ्छ । उत्पादनको साधनमा जसले श्रम लगाउँछ, उसैको अधिनत्व भएमा उत्पादन बढ्छ । चाहिनेभन्दा बढी जमिन एउटैले बनाउन सक्दैन, जमिनदारले कानुन बनाएपछि आफू जमिन राख्छ कि राख्दैन ? हिजो नै स्रोत वितरणमा असमानता भयो । त्यसैलाई कानुनले संरक्षण गर्‍यो । यसलाई वितरण नगरी, यस अन्यायलाई नसच्याई मान्न सकिने अवस्था हुँदैन ।

कसलाई भूमिसम्बन्धी सम्पत्तिको अधिकार ? उत्पादनशील जमिनको ठूलो हिस्सा ओगटेर बसेका सीमित पुँजीपतिलाई कि समग्र किसान परिवारलाई

? सम्भव भएसम्म समानरुपले सम्पत्तिको अधिकार नै हाम्रो आन्दोलनको मुद्दा हुनुपर्दछ ।

**२. जनमुखी भूमि नीति, जमिनको पुनर्वितरण र उपयोग :**

नयाँ जनमुखी भूमि नीति चाहिन्छ । जुन नीतिले जमिन जोत्नेलाई जमिनको अधिनत्व र उपयोगको अधिकार ग्यारेण्टी गराउन सक्छ । जुन नीतिले भूमि वितरण र उपयोगमा अहिलेको लैङ्गिक र जातीय समस्यालाई पनि हल गर्नुपर्दछ । यसका लागि भूमि, भूमिअधिकारबाट वञ्चित र कृषि कर्ममा लागेकाहरुको सही तथ्याङ्क हुन आवश्यक छ ।

**३. जनसङ्गठन :**

भूमिअधिकार आन्दोलनलाई सफल बनाउन सक्षम र क्रियाशील जनसङ्गठन आवश्यक छ । अधिकारबाट वञ्चितहरु सङ्गठितरुपले सुझबुझका साथ आन्दोलनमा उत्री, सङ्गठनमा जुटेका व्यक्ति, परिवार, सङ्गठनको समग्र सवलीकरणमा ध्यान दिनुपर्दछ ।





## ८. हामी कहाँ कहाँ काम गर्छौ ?

| समूह १ | समूह २ | समूह ३ |
|---|---|---|
| बैतडी, डडेल्धुरा, कैलाली, सुर्खेत, बर्दिया, बाँके, दाङ, कपिलवस्तु, सिन्धुपाल्चोक, सर्लाही, महोत्तरी, सिरहा, सप्तरी, सुनसरी, झापा | कञ्चनपुर, दैलेख, रुपन्देही, नवलपरासी, बारा, धनुषा, पर्वत, रसुवा, उदयपुर, मोरङ | डोटी, बाजुरा, जुम्ला, सल्यान, रोल्पा, प्युठान, अर्घाखाँची, पाल्पा, चितवन, रौतहट, सिन्धुली, खोटाङ, कास्की, म्याग्दी, गोरखा, धादिङ, नुवाकोट, ललितपुर, काठमाडौं, दोलखा, रामेछाप |

## ९. भूमिअधिकारको सवालमा कार्यरत् संस्थाहरुको भूमिका र मुख्य काम

### क. राष्ट्रिय भूमिअधिकार मञ्च

| भूमिका | मुख्य काम |
|---|---|
| सङ्गठन सुदृढीकरण र विकास | ▪ परिवेश विष्लेषण, मनन र सार्वजनिक गर्ने ।<br>▪ भूमिअधिकार वञ्चितलाई सङ्गठनमा आबद्ध गर्ने<br>▪ भूमिअधिकार आन्दोलनका लागि आवश्यक कार्यकर्ता र नेतृत्व विकास गर्ने<br>▪ कार्यकर्ता र नेतृत्वको क्षमता विकास गर्ने<br>▪ सदस्यता वितरण र त्यसको प्रभावकारी अभिलेख राख्ने<br>▪ सामाजिक लेखाजोखा गर्ने<br>▪ संस्था सञ्चालनको लोकतान्त्रिक विधि विकास गर्ने |
| भूमिअधिकार आन्दोलनको विचार निर्माण | ▪ भूमिअधिकार आन्दोलन के हो र यो कसरी सञ्चालन हुन्छ भन्ने स्पष्ट गर्ने<br>▪ स्थानीय, जिल्ला तथा राष्ट्रिय तहमा विज्ञ, सरोकारवालासँग भूमिसुधारको उपादेयताबारे |

| | |
|---|---|
| | छलफल गर्ने<br>▪ भूमिअधिकार आन्दोलनले ल्याउने नतिजा आङ्कलन गर्ने<br>▪ भूमिसुधार भएपछि समाजमा आउने परिवर्तनको खाका आङ्कलन गर्ने<br>▪ रुपान्तरणमुखी भुमिसुधारका विषयमा आफ्ना सदस्यको बुझाइ बढाउने<br>▪ भूमिअधिकार आन्दोलनको सवाल पहिचान, अडान निर्माण र विकल्प प्रस्तुति गर्ने |
| भूमिअधिकारको पक्षमा जनमत निर्माण | ▪ भूमिअधिकार आन्दोलनको औचित्यबारे लेख्ने, सार्वजनिक स्थानमा बोल्ने, सञ्चार माध्यमबाट सन्देश प्रवाह गर्ने<br>▪ भूमिअधिकार आन्दोलनको पक्षमा बोलिदिन वा सहयोग गर्न समाजका विभिन्न तह र तप्काका मानिसलाई अनुरोध गर्ने, कुरा बुझाउने र साथमा लिने |
| भूमिअधिकार आन्दोलनको नेतृत्व | ▪ भूमिअधिकार आन्दोलन व्यवस्थित गर्ने मूल्य, मान्यता र विधि विकास गर्ने<br>▪ सहभागीमूलक तरिकाबाट आन्दोलनको योजना, कार्यान्वयन र समीक्षा गर्ने<br>▪ राजनीतिक दल र नीति निर्मातासँग सम्बन्ध, दबाब, वकालत आदि गर्ने<br>▪ समसामयिक भूमि र कृषिको विषयमा नीतिगत बहस गर्ने |
| स्थानीय स्रोत पहिचान र परिचालन | ▪ भूमिअधिकार आन्दोलनलाई आत्मनिर्भर र स्वाभिमानी बनाउने आन्दोलनका लागि आवश्यक स्रोत साधन पहिचान, सङ्कलन र परिचालन गर्ने<br>▪ भूमिअधिकार आन्दोलनलाई सघाउ पुर्‍याउन स्थानीय तथा राष्ट्रिय स्तरका सङ्घ/संस्था ( व्यावसायिक, सेवामुखी), व्यक्तिसँग सम्बन्ध विकास गर्ने |
| सम्बन्ध र सम्पर्क | ▪ नागरिक समाज, मावनअधिकार समुदायसँग |





| | |
|---|---|
| विस्तार | भूमिअधिकारबारे सहकार्य गर्ने<br>▪ राष्ट्रिय र स्थानिय<br>▪ अन्तर्राष्ट्रिय सञ्जालमा सहभागी हुने |

## ख. सहयोगी गैरसरकारी संस्थाहरु

| भूमिका | मुख्य काम |
|---|---|
| जनसङ्गठनको क्षमता विकास | ▪ भूमिअधिकार मञ्चका नेतृत्व तथा अभियानकर्मीलाई आन्दोलन तयारी, योजना र सिकाई निर्माण गर्न सघाउने<br>▪ भूमिअधिकार मञ्चका केन्द्रीय, जिल्ला र स्थानीय सङ्गठनलाई बाह्य सम्बन्ध स्थापना गर्न सघाउने<br>▪ भूमिअधिकार मञ्चको संस्थागत विकास (संस्थागत सुशासन, लोकतान्त्रिक सञ्चालन पद्धति निर्माणमा सहयोग गर्ने । |
| नीतिगत वकालत र आन्दोलन सहजीकरण | ▪ आफ्नो क्षेत्र र जिल्लामा भूमि तथा कृषि विकासको रुपान्तरणको खाका तयार गरी नीतिगत संवाद चलाउने<br>▪ आफ्नो जिल्ला र क्षेत्रको परिवेश तयार गरी विभिन्न सरोकारवालासँग आदान-प्रदान गर्ने<br>▪ जनसङ्गठनलाई राजनीतिक दल तथा सरकारी संयन्त्रसँग सम्बन्ध स्थापना गर्न सघाउने<br>▪ भूमिअधिकारबारे जिल्ला र स्थानीय तहमा बहस छलफल सञ्चालन गरी निष्कर्ष निकाल्ने<br>▪ स्थानीय भूमिअधिकार आन्दोलनलाई राष्ट्रिय बहसमा जोड्ने |
| स्थानीय स्रोत पहिचान र परिचालन | ▪ भूमिअधिकार आन्दोलनलाई आत्मनिर्भर र स्वाभिमानी बनाउने आन्दोलनका लागि आवश्यक स्रोत साधन पहिचान, सङ्कलन र परिचालन गर्न सघाउने<br>▪ भूमिअधिकार आन्दोलनलाई सघाउ पुर्‍याउन स्थानीय तथा राष्ट्रिय स्तरका सङ्घ/संस्था ( व्यावसायिक, सेवामुखी), व्यक्तिहरुसँग सम्बन्ध |

| | |
|---|---|
| | विकास गर्ने<br>▪ स्थानीय जनसङ्गठनलाई अधिकारमुखी अवधारणाको विकास गरी स्थानीय स्रोत साधनमा पहुँच गराउने |
| सिकाई व्यवस्थापन | ▪ भूमिसुधारका सृजनात्मक नमुना विकास गर्ने<br>▪ भूमिअधिकार स्रोत केन्द्र विकास गर्ने<br>▪ भूमिअधिकार आन्दोलनको प्रक्रिया, उपलब्धि र सिकाई अभिलेख गर्ने र अरुसँग आदान-प्रदान गर्ने<br>▪ सामाजिक लेखाजोखा सम्पन्न गर्ने र जनसङ्गठनलाई पनि गर्न सघाउने |

## ग. सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको भूमिका

| भूमिका | मुख्य काम |
|---|---|
| भूमिअधिकारबारे विचार निर्माण | ▪ समग्र भूमि तथा कृषि व्यवस्थाको राष्ट्रिय परिवेश तयार गरी बहसमा ल्याउने<br>▪ भूमिअधिकार आन्दोलनलाई सामाजिक आन्दोलनका रुपमा अगाडि बढाउन प्रभावकारी विधि र प्रक्रिया विकास गर्ने<br>▪ भूमिअधिकार आन्दोलनले मानवअधिकार र सामाजिक न्यायको कुरालाई कसरी सम्वोधन गर्दछ भन्नेबारे विश्लेषण गर्ने<br>▪ भूमि तथा कृषि नीतिहरुको विश्लेषण र अडान प्रस्तुत गर्न सघाउने<br>▪ राष्ट्रिय जनसङ्गठन र स्रोत संस्थाको मानव स्रोत विकास र भूमिसुधारका विचार निर्माणमा सहयोग पुर्‍याउने |
| क्षमता विकास | ▪ जनसङ्गठनको क्षमता विकासमा सहयोग गर्ने ।<br>▪ भूमिअधिकार मञ्चका नेतृत्व तथा अभियानकर्मीलाई आन्दोलन तयारी, योजना र सिकाई निर्माण गर्न सघाउने<br>▪ भूमिअधिकार मञ्चको सुशासन व्यवस्था, लोकतान्त्रिक |





| | |
|---|---|
| | पद्धतिको अभ्यास र संस्थागत ज्ञान तथा सीप हासिल गर्न सघाउने |
| नीतिगत वकालत | ▪ राजनीतिज्ञ र नीति निर्माताबीच नियमितरुपमा नीतिगत बहस सञ्चालन गर्ने<br>▪ समग्र भूमिअधिकारको परिवेश तयार गरी विभिन्न सरोकारवालासँग आदान-प्रदान गर्ने<br>▪ सरकार, राजनीतिक दल र नागरिक समाजलाई भूमिअधिकारका लागि लबिङ र वकालत गर्ने<br>▪ अन्तर्राष्ट्रिय गैसस, द्विपक्षीय दातृ निकाय र गरिबी निवारणका लागि काम गरिरहेका सामाजिक संस्थालाई यथार्थपरक भूमि तथा कृषि सुधारका लागि काम गर्न वकालत र लबिङ गर्ने<br>▪ स्थानीय भूमिअधिकार आन्दोलनलाई राष्ट्रिय बहसमा जोड्ने<br>▪ भूमिसुधार तथा भूमिअधिकारका लागि सरकारी निकाय तथा राजनीतिक दलहरुसँग सम्बन्ध स्थापना गरी उनीहरुलाई आवश्यक सहयोग पुर्‍याउने |
| स्थानीय स्रोत पहिचान र परिचालन | ▪ भूमिअधिकारका लागि राष्ट्रिय स्रोत संस्थाका रुपमा काम गर्ने<br>▪ आर्थिक स्रोतको पहिचान, आवश्यक स्रोत खोजी र सही प्रयोगमा सहयोग गर्ने<br>▪ अधिकारमुखी अवधारणाको विकास गरी जनसङ्गठनलाई स्थानीय स्रोत साधनमा पहुँच गराउन सघाउने |
| सम्पर्क र सम्बन्ध | ▪ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जाल, सम्बन्ध र समन्वय विकास गर्ने<br>▪ भूमिअधिकारका लागि स्थानीय र राष्ट्रिय तहमा सञ्जाल विकास गर्ने |

| | |
|---|---|
| सिकाई विकास | ▪ भूमिसुधारका सृजनात्मक नमुना विकास गर्ने र राम्रा अभ्यासलाई अन्य क्षेत्रमा प्रयोगमा ल्याउने<br>▪ सृजनात्मक नमुनाबाट प्राप्त सिकाईलाई सरकारी निकायसमक्ष प्रस्तुत गरी त्यसलाई संस्थागत गर्न सघाउने<br>▪ यथार्थपरक भूमिसुधारका लागि कार्यगत अनुसन्धान गर्ने<br>▪ भूमिअधिकार आन्दोलनक लागि आवश्यक सामग्री विकास गर्ने<br>▪ भूमिसुधार तथा भूमिअधिकारबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा भएका राम्रा अभ्यास र सिकाई सङ्कलन गरी भूमिअधिकार आन्दोलनमा प्रयोग गर्ने<br>▪ भूमिअधिकार आन्दोलनको प्रक्रिया, उपलब्धि र सिकाई अभिलेखन गर्ने र अरुसँग आदान-प्रदान गर्ने<br>▪ सामाजिक लेखाजोखा सम्पन्न गर्ने र सहकार्य गर्ने गैरसरकारी संस्था तथा जनसङ्गठनलाई पनि गर्न सघाउने |

## १०. समुदाय तहमा काम गर्ने ढांचा

अभियान केन्द्रित गरिने गाविसभित्र बढी समस्या भएका समुदाय र सङ्गठन निर्माण भएका स्थानमा अभियानकर्ता र अगुवामार्फत् नियमितरुपमा छलफल गरिनेछ। ती सङ्गठनहरुमा साप्ताहिक वा पाक्षिकरुपमा विभिन्न सहभागीमूलक विधि तथा औजार प्रयोग गरी रिफ्लेक्ट पद्दतिअनुरुप भूमिअधिकारलगायत् अन्य जीविका र अधिकारका विषयमा सम्वाद र सोका आधारमा परिवर्तनका कार्यक्रम हुनेछन्। ति





गाविसमा १ जना अभियानकर्ता हुनेछन्। धेरै काममध्ये प्रत्येक सङ्गठनलाई सवल बनाउनु, परिचालनमा उत्प्रेरित गर्नु र अगुवा तयार पार्नु उसको प्रमुख जिम्मेवारी हुनेछ। यस्तो सहजकर्ताले कम्तिमा ३ वटा सङ्गठनमा साप्ताहिकरुपमा छलफल चलाउनुपर्नेछ।




**हरेक सङ्गठनमा मुलतः निम्न विषयमा सम्वाद, छलफल र उठेका सवालमा पैरवी योजना तयार पार्नु पर्ने छ।**

- सहभागीमूलक परिवेश विश्लेषण (समुदाय र गाविस तह)
- भूमिसुधार, रुपान्तरणको स्थानीय खाका र योजना निर्माण
- अधिकारबाट वञ्चितको शिक्षा, स्वास्थ्य, जीविका र अधिकारका मुद्दामा छलफल र कार्य
- पीडितबाहिर पनि योजनाबद्ध बहस, स्थानीय दलका इकाईसँग नियमित छलफल
- व्यक्ति, परिवार, सङ्गठन र समुदायको समग्र विषय र सवलीकरणका मुद्दामा सम्वाद
- आन्दोलनका लागि वैकल्पिक आर्थिक स्रोत खोजी र स्थानीय स्रोतमा हस्तक्षेप

यो वर्षबाट मूलतः अभियान सङ्गठनमार्फत् नै गरिनेछन्। केही निश्चित भूगोल किटानी गरिएको समुदायमा भूमिसुधार र अधिकार अभियानलाई

गहिरोसँग अभ्यासमा ल्याई अन्यत्र फैलाइनेछ। जिल्ला जनसङ्गठनले जिल्लाव्यापीरुपमा आफ्ना सङ्गठनमार्फत् काम गर्नेछ। हालको कमजोर सम्वादलाई बढाइनेछ। पर्याप्त छलफल र महसुसीकरण प्रक्रियाबाट नगुज्री सङ्गठन निर्माण गरिने छैन। आन्दोलनका मात्र हैन, सङ्गठन, परिवार र व्यक्तिभित्रका समस्यामा पनि छलफल र परिवर्तन हुने हिसावले कामलाई सघन बनाइनेछ। जनसङ्गठन लक्ष्य र माध्यम दुवै हो। सङ्गठन आफैं पनि सशक्त राष्ट्रिय आन्दोलनको रुपमा अगाडि बढाइनेछ। पहिले समुदाय र टोल तहमा आफ्ना समस्याबारे बहस चलाउने, अनि स्थानीय तहमा सङ्गठन बनाउने, र सङ्गठन जोड्दै जोड्दै जिल्ला सङ्गठन बनाउँदा सङ्गठन मजबुत बन्नेछ।

## ११. सवालगत सम्बन्ध

| जीविकोपार्जन | महिला अधिकार | शिक्षा |
|---|---|---|
| अन्य निकायसँग समन्वय।<br>जस्तो- कृषि विकास<br>कार्यालय, कृषिमा काम<br>गर्ने संस्थाहरु आदिसँग<br>मिलेर सङ्गठनलाई कृषि<br>सुधार कामका लागि<br>सहयोग<br>सामूहिक खेती<br>महिला सहकारी<br>बाँझो जग्गाको उपयोग<br>आफ्नै जग्गाको सही र<br>प्रभावकारी प्रयोग<br>गाविस तथा जिविसको<br>बजेटमार्फत् कृषि<br>विकासका कामलाई<br>अगाडि बढाउने | भूमिमा महिला<br>अधिकार<br>संयुक्त पूर्जा अभियान<br>सङ्गठनमा समान<br>सहभागिता<br>महिला अगुवा<br>अभियानकर्ता निर्माण<br>महिला भेला र<br>छलफल<br>श्रमको मोल<br>घरपरिवारको विभेद<br>महिला हिंसा<br>दहेज<br>बालविवाह | भूमिहीन, जोताहाको<br>साक्षरता<br>हरेक भूमिहीन तथा<br>जोताहा किसानका<br>छोराछोरीलाई<br>विद्यालय पठाउने<br>वातावरण तयार गर्ने<br>छात्रवृत्तिको खोजी र<br>वकालत |





## १२. प्रभाव र परिवर्तनका क्षेत्र

| व्यक्ति | परिवार | सङ्गठन | सङ्गठन बाहिर |
|---|---|---|---|
| हरेक सदस्यको<br>सवलीकरण<br><br>जनमुखी<br>शिक्षाको<br>अभियानबाट<br>सङ्गठनका<br>सदस्य र उनका<br>परिवारलाइ<br>साक्षर बनाउने,<br>सचेत बनाउने,<br>आलोचनात्मक<br>चेतनास्तरयुक्त<br>बनाउने,<br>सामाजिक<br>बहसमा<br>सहभागी<br>हुनसक्ने<br>तुल्याउने<br><br>व्यक्तिगत<br>आचरण,<br>व्यवहार, सोचाई,<br>विचारमा<br>परिवर्तनमा जोड | हरेक<br>परिवारको<br>सवलीकरण<br>सामूहिक<br>कार्य<br>जिम्मेवारी<br>बाँडफाँट<br>गरेर काम<br>गर्ने<br>किचेन<br>गार्डेन<br>धुँवारहित<br>चुह्लो<br>घरको<br>सरसफाई<br>आम्दानी र<br>खर्चको<br>योजना<br>सामाजिक<br>काममा<br>सहभागिता<br>सिकेको<br>कुरा<br>आदान-<br>प्रदान<br>विद्यालय<br>उमेरका<br>बालबालिका<br>विद्यालयमा<br>पठाउने<br>साक्षरता | जनसङ्गठनमा<br>जनमुखी शिक्षा र<br>सहभागीमूलक<br>लोकतन्त्रको गहिरो<br>अभ्यास<br>सरकारी निकायसँग<br>व्यवहार गर्नुपर्दा,<br>बजारमा खरीद<br>बिक्रीमा संलग्न हुँदा<br>र त्यस्तै अन्य<br>कारोवार गर्दा कोही<br>ठगिन नपरोस्,<br>शोषित हुन नपरोस्<br>भन्ने विषयमा<br>छलफल<br>सामूहिक समझदारी,<br>सामूहिक निर्णय,<br>सामूहिक श्रम,<br>सामूहिक फाइदा,<br>सामूहिक जस<br>दमन उत्पीडनप्रति<br>सचेतना र आक्रोश,<br>अन्याय र अधिकार<br>हनन्का घटनाको<br>प्रतिरोध<br>जनसङ्गठनभित्र<br>लोकतान्त्रिक अभ्यास,<br>सहभागितामूलक<br>शैली स्थापीत गर्ने<br>सहभागीमूलक<br>व्यवहार | अधिकारको दावी<br>स्रोतको खोजी<br>परिवर्तनका अभियानमा<br>सहभागी, नेतृत्व<br>विद्यालय व्यवस्थापन<br>समिति, सामुदायिक वन<br>उपभोक्ता समूहलगायत्का<br>स्थानीय स्तरका विभिन्न<br>समूह सङ्गठनमा<br>प्रतिनिधित्व<br>बालविवाह<br>दहेज |

| | | | |
|---|---|---|---|
| | बालविवाह | परिवेश विश्लेषण<br>सबैलाई समान अवसर<br>वास्तविक पीडितको सामूहिक पहिचान<br>गाउँ शिविर<br>सम्वाद केन्द्र (समस्या, सङ्गठनको परिपाटी, पारदर्शिता, प्रवृत्ति, वैचारिक छलफल)<br>आन्दोलनका लागि वैकल्पिक आर्थिक स्रोतको खोजी र स्थानीय स्रोतमा हस्तक्षेप<br>एकिकृत सङ्घर्षका लागि योजना र कार्यान्वयन<br>श्रम शिविर<br>छात्रवृत्तिको खोजी र उपयोग<br>विद्यालय भ्रमण<br>बालविवाह<br>दहेज | |





## १३. स्थानीय स्रोत परिचालन तथा स्रोत नचाहिने कामको विवरण

| कामको क्षेत्र | काम |
|---|---|
| १. आफ्नै सिकाई र रुपान्तरण प्रक्रिया | ▪ नियमित योजना बनाई कार्यान्वयनमा ल्याउने ।<br>▪ अनुभव, सिकाई एवं परिवेश बारे लेख्ने र विभिन्न पत्रपत्रिकामा छपाउने ।<br>▪ विभिन्न सुक्ष्म विषयमा अध्ययन गरी अभियानमा चाहिने विचार र तथ्यलाइ अध्यावधिक गर्ने ।<br>▪ विभिन्न पुस्तक पढ्ने संस्कार बसाल्ने । कम्तिमा महिनामा एक पुस्तक पढ्ने ।<br>▪ कार्यकर्ता र पदाधिकारीको सवल पक्ष र सुधार गर्नुपर्ने कुरा ३/३ महिनामा सहभागीमूलक तरिकाले समीक्षा गर्ने (ज्ञान, सीप, धारणा)<br>▪ आत्मकथा तयार |
| २. परिवेश विश्लेषण | ▪ काम गर्ने क्षेत्रको भूमिसम्बन्धी सूचना सङ्कलन गर्ने, सूचनाका सम्बन्धमा समुदाय एवम् सङ्गठन तहमा नियमित छलफल चलाउने ।<br>▪ भूमि अधिकारबाट वञ्चितहरुको जीवन, जीविका, सङ्घर्ष, अनुभव र योजना सम्बन्धमा विभिन्न व्यक्ति, परिवार र समुदायको मसिनो परिवेश विश्लेषण भूमिअधिकारलगायत् शिक्षा, महिला अधिकार र अन्य जीविकाका मुद्दामा पनि विश्लेषण<br>▪ परिवेश विश्लेषणबाट आएका आङ्कडालाई देखिने बनाउने र यसलाई सङ्गठन, अभियानकर्ता र संस्था तहमा व्यवस्थित |

| | |
|---|---|
| | गर्ने तथा प्रकाशन गर्ने ।<br>▪ परिवेश विश्लेषणलाई सहभागीमूलक अनुगमन, मूल्याङ्कन तथा छलफल एवम् सम्वादको महत्वपूर्ण औजारका रुपमा प्रयोग गर्ने ।<br>▪ जिल्लाको भूमिअधिकार आन्दोलनको २ पेजको परिवेश घटनाक्रम वार्षिकरुपमा तयार पार्ने ।<br>▪ भूमिसुधारको गाउँ र जिल्ला तहको खाका निर्माण गर्ने । |
| ३. जनसङ्गठन सवलीकरण तथा सशक्तीकरण | ▪ अधिकार हनन्का घटनाविरुद्ध स्थानीय तहमै आवाज र अभियान<br>▪ जमिनको हक पाउने कुरामा गाउँ तहदेखि जिल्ला तहसम्म सहजीकरण (कानुनी शिविर सञ्चालन, बैठक, गोष्ठी सञ्चालन, सामाजिक अभियान तालिम सञ्चालन)<br>▪ राष्ट्रिय भूमिअधिकार मञ्चको सदस्यता वास्तविक पीडितलाई प्रदान गर्ने । पीडितलाई नेतृत्वमा ल्याउन हरहमेसा सहयोग गर्ने ।<br>▪ प्रत्येक सङ्गठनबाट कम्तिमा २ अगुवा ( महिला, पुरुष) छनौट, सूची तयार पारी फोटो र मार्मिक सवाल (विचार) लेखेर भित्तामा टाँस गर्ने वा अभिलेखन गर्ने। नियमित अभिमुखीकरण र जिम्मेवारी दिने ।<br>▪ टोलटोलमा पटक-पटक सङ्गठनका अगुवाको शिविर सञ्चालन गर्ने ।<br>▪ प्रत्येक सङ्गठनको सवाल र अडान तयार पार्ने ।<br>▪ अडान पूरा गर्न कार्ययोजना तयार गरी सो कार्ययोजना पूरा गर्न स्थानीय स्रोत तथा |





| | |
|---|---|
| | साधन परिचालन गर्ने। योजना समुदायभित्रै परिवर्तन ल्याउन सकिने पनि बनाउने<br>▪ जनसङ्गठनमा विभिन्न सहभागीमूलक विधि तथा औजार प्रयोग गरेर नियमितरुपमा कम्तिमा १५ दिनको एक पटक छलफल चलाउने ।<br>▪ विभिन्न विषयका सम्बन्धित व्यक्ति ल्याएर बोल्न लगाउने ।<br>▪ हरेक पीडित व्यक्ति, परिवार र समुदायमा सम्बन्ध विकास गर्ने ।<br>▪ शक्तिको विश्लेषण, छेकवार किटानी र जुध्ने रणनीति तयार गर्ने ।<br>▪ वास्तविक पीडितको सामूहिक पहिचान<br>▪ गाउँ शिविर<br>▪ सम्वाद केन्द्र (समस्या, सङ्गठनको परिपाटी, पारदर्शिता, प्रवृत्ति, वैचारिक छलफल)<br>▪ एकिकृत सङ्घर्षका लागि योजना र कार्यान्वयन<br>▪ श्रम शिविर<br>▪ चरणबद्ध क्षमता अभिवृद्धिको योजना (व्यक्ति पहिचानपछि ३ वर्षको योजना गर्ने)<br>▪ सङ्गठनसम्बन्धी सरल भाषाको स्थानीय सामग्री निर्माण<br>▪ आन्दोलन कोष स्थापना |
| नीतिगत वकालत | ▪ भूमिअधिकार विषयमा सबै दल, नागरिक समाजबीच छलफल गर्ने र जनप्रदर्शन गर्ने ।<br>▪ हदबन्दीभन्दा बढीको जमिन लुकाउने जमिनदार र अनुपस्थित जमिनदारको सूची तयार पार्ने र प्रकाशमा ल्याउने ।<br>▪ राष्ट्रिय भूमिअधिकार मञ्च, नेपालको |

| | |
|---|---|
| | अगुवाईमा योजना आयोग, गरिबी निवारण कोष, दल, सभासद्हरु, मानवअधिकार आयोग आदिमा भेटघाट<br>▪ राजनीतिक दलका मुख्यालयमा पीडितका हजारौं पत्र नियमितरुपमा पठाउने |
| जनमत निर्माण | ▪ जिल्लाको परिवेशमा आधारित अपिल प्रकाशन र वितरण<br>▪ जिल्लास्तरका दलका मुख्य नेताको सम्पर्क सूची तयार, दलहरुसँग छुट्टाछुट्टै र संयुक्त भेटघाट<br>▪ भूमिअधिकार हनन्का घटना, सवाल र विकल्पसहित प्रमुख दलसँग सम्वाद<br>▪ इ-मेलमार्फत् दैनिक अपडेट<br>▪ मासिकरुपमा नेपाली र अङ्ग्रेजीमा इ-बुलेटिन<br>▪ मासिकरुपमा वेभसाइट अपडेट<br>▪ स्थानीय पत्रपत्रिकामा नियमित लेखन, चर्चा<br>▪ एक जिल्ला, एक हप्ता, एउटा सञ्चार माध्यममा आउने अभियान<br>▪ भित्ते लेखन<br>▪ सञ्चार माध्यमहरुसँग नियमित भेटघाट, अनौपचारिक बैठक<br>▪ विभिन्न व्यक्तिसँग नियमित भेटघाट<br>▪ स्थानीय तहका राजनीतिक दलका इकाईसँग लगातार सम्पर्क र सम्वाद<br>▪ जिल्ला समितिहरुमा पीडितहरुको लगातार डेलिगेसन |





# अनुसूचीहरू

अनुसूची १ : भूमिसुधारको थालनी
अनुसूची २ : भूमिअधिकार आन्दोलनमा जनमुखी शिक्षा
अनुसूची ३ : भूमिअधिकार आन्दोलनमा जनसङ्गठन
अनुसूची ४ : शक्ति र आत्मविश्वासको आधार, वित्तीय साधनमाथि भूमिहीन किसानको अधिकार
अनुसूची ५ : अभियानकर्ता
अनुसूची ६ : अधिकारमुखी विकास पद्धतिबारे
अनुसूची ७ : सामाजिक आन्दोलन
अनुसूची ८ उत्पीडन अभिलेखन
अनुसूची ९ : पूर्णकालीन कार्यकर्ता
अनुसूची १० : क्षेत्रीय स्रोत केन्द्र

अनुसूची १

# भूमिसुधारको थालनी

## विषय प्रवेश

कम विकसित र कृषिमा आधारित मुलुकमा भूमिसुधार किन जरुरी छ भन्नेमा अल्भ्फेर बस्नुभन्दा कस्तो र कसरी भूमिसुधार भन्नेमै छलफल, चिन्तन र अभ्यास हुन जरुरी छ। यो विषयको टुङ्गो केवल बौद्धिक छलफलले मात्र हुने होइन। खेतीमा श्रम गरिरहेकाहरुकै अनुभव, अगुवाई र अभ्यासबाट भूमिसुधार थालिनुपर्दछ। सिक्दै र गर्दै जानुपर्दछ।

कस्तो भूमिसुधार भन्ने विषयमा केहीले बोल्ने, लेख्ने गरे पनि त्यसको भुईँमा अभ्यास छैन। भूमिसुधारलाई यथार्थतामा परिणत गर्न नीतिगत व्यवस्था व्यावहारिक र श्रमिक किसानमुखी हुन जति जरुरी छ, त्यत्तिकै व्यवहारमा यसरी सम्भव छ भूमिसुधार भनेर देखाउन किसानको सङ्गठित र मौलिक अभ्यास पनि जरुरी छ। यसका लागि किसानको इच्छा शक्ति चाहिन्छ। राजनीतिक दलले आवश्यक वातावरण निर्माण गरिदिनुपर्दछ। अरु धेरैले यो प्रक्रियामा स्थानीयको प्रयासमा सघाउनुपर्दछ।

## (क) शुरुवाती चरण

### १. वातावरण निर्माण

भूमिसुधारका लागि स्वयम् समुदायमा नै छलफल गरेर अवधारणा तयार पार्नुपर्दछ। बनीबनाउ ढाँचामा छलफल गरेर हुँदैन। भूमिको अधिनत्व र उपयोगको अवस्था कस्तो छ ? भूमि तथा कृषिसुधारको आवश्यकता किन पऱ्यो ? भूमिको अवस्था यस्तै राख्ने वा नयाँ ढाँचाबाट जाने ? अहिलेको भूमि, शक्ति सम्बन्ध र यसले समग्र आर्थिक विकासमा पारेको असर के हो ? कस्तो भूमिसुधार र कसरी गर्ने ? त्यसले गाउँ, टोल र क्षेत्रमा





के/कस्तो परिवर्तन ल्याउला ? यो विषयमा मसिनो छलफल आवश्यक छ।

### २. गाविस छनौट

समुदायका अगुवाहरुसंग छलफल गरी गाविसको छनौट गर्ने। गाविस सामर्थ्यअनुसार एक, दुई वा तीनवटा पनि हुन सक्छन् तर गाविसबाट पनि हामी गर्छौं भन्ने प्रतिबद्धता आउन जरुरी छ।

### ३. परिवेश नक्साङ्कन

छानिएको गाविसको भूमिको अवस्था, अधिनत्वको स्थिति, सवाल सबै आउने गरी परिवेश विश्लेषण गर्नुपर्दछ। परिवेशबाट आएका कुरालाई विभिन्न कोणबाट विश्लेषण गरी मुख्य परिवर्तन गर्नुपर्ने भूमि सम्बन्ध र व्यवस्थाका सवाल किटानी गरिनुपर्दछ। यसलाई बारम्बार छलफलमा ल्याउन आवश्यक छ। केही अनुभवी व्यक्तित्वसँग पनि छलफल गर्ने। समुदायबाट नै परिवर्तनका चित्र तयार गर्नुपर्दछ। कस्तो भूमिसुधार चाहिएको हो, यसको नक्शाङ्कन र चित्र बनाउनु पर्दछ।

### ४. समुदायबाट सहमति जुटाउने

परिवेश विश्लेषणबाट निस्केका विभिन्न सवाल समुदाय तह, समिति र दल, विज्ञ समूहमा छलफल गराउने, सवालगतरुपमा सहमति जुटाउने र त्यसको कार्ययोजना बनाउने। जस्तै : ऐलानी जमिनमा मानिस बसिरहेका छन् के गर्ने ? यसका लागि त्यही जग्गा दिने वा अर्को ठाउँमा दिने वा त्यति उनीहरुलाई जीविकाको लागि पुग्दैन भने अरु दिने वा अन्य केही गर्ने ? यतिमात्र छलफलले पुग्दैन। कार्यान्वयनको योजना पनि सहमतिका आधारमा बनाउनुपर्दछ।

### ५. गाविस तहमा सर्वपक्षीय भेला गर्ने

गाविस तहको समग्र भूमिसुधारको अवधारणाको २ वा ३ पेजको सामग्री तयार गर्ने। गाविस तहमा सर्वदलीय बैठक राख्ने। त्यहाँ पनि सबै दल, सरकार, सामाजिक सङ्घ/संस्था, सामाजिक कार्यकर्ता, पत्रकार सबैलाई

सहभागी गराउने। समग्र भूमिसुधारको नमुनाको आवश्यकता र त्यस गाविसमा भएका भूमिको अवस्था र भूमि सम्बन्ध परिवर्तन गर्ने विषयमा छलफल गर्ने। गाविस तहमा पनि ३ वा ४ राउण्ड छलफल हुन सक्छन्। सबैको सहमति जुटाउने। सबैको सहमतिमा एउटा समग्र भूमिसुधार कार्यान्वयन समिति वा तयारी समिति बनाउने। यसमा पनि सबैको सहभागिता वा समावेसी भएको हुनुपर्नेछ। गाविसले यसको स्वामित्व लिनु जरुरी छ।

**६. गाविस तहको समितिले आफ्नो कार्ययोजना बनाउने**

समितिको मुख्य काम समुदाय समुदायमा भेला छलफल, परिवेश नक्साङ्कन तथा विश्लेषण र गाविस तहको भूमिसुधारको खाका तयार गर्ने हुनेछ। समिति कहाँ कहाँबाट कसरी सहयोग लिन सक्छ त्यसको पनि चित्राङ्कन गर्ने। आवश्यक सहयोगका लागि सबैलाई अनुरोध गर्ने। यो समितिले जिल्ला तहमा बनेको समितिसँग आवश्यक सहयोग लिने र तल भएका सम्पूर्ण कुरा यस समितिलाई लगातार आदान-प्रदान गरेर जानुपर्छ। जिल्ला संयोजन समितिले गाविस तहमा भएका सम्पूर्ण कामको स्वामित्व लिनुपर्छ।

**७. समुदाय तहमा व्यापक छलफल चलाउने**

समुदाय समुदायमा सबै पक्ष जमिनदार, सुकुम्बासी, मोहीलगायत् भूमिका समस्याबाट पीडितलगायत् सामाजिक कार्यकर्ता, राजनीतिक कार्यकता सबैलाई सहभागी गराई विस्तृत छलफल र काम निरन्तर गरिरहनु पर्दछ।

**८. गाविस तहमा कृषि र भूमि शिक्षा संवाद केन्द्र सञ्चालन गर्ने**

यदि सम्भव भएमा गाविसमा भूमिसुधारको नमुना सफल बनाउन समुदाय समुदायमा कृषि र भूमि शिक्षा अस्थायी केन्द्र स्थापना गर्ने। यी केन्द्र पछि गएर स्थायी पनि हुन सक्छन्। यसबाट भूमिसुधारको खाका रोप्ने होइन, उमार्ने र तुरुन्तै प्रयोगमा लैजाने। धेरै सम्वाद गर्ने, प्रश्न बनाएर परिवर्तनको चाहना, विकल्प, अन्यत्रका उदाहरण, चित्र, नक्साहरु, गरिरहेकै कामबाट जोड्ने, स्वामित्व र उत्पादनका लागि धेरै गर्नुछ। केही





सुरु गरौं। अहिलेको अवस्था ठीक छैन, अब हामीले विकल्प खोज्नुपर्दछ। अनी छलपल चलाउनु पर्दछ।

**९. भूमिसुधारको खाका र कार्ययोजना**

सहमतिअनुसार केही अनुभवी व्यक्तिको समेत सहयोग लिएर खाका तयार गर्ने। विभिन्न विज्ञसँग छलफल गर्ने। आर्थिक सामाजिक, वातावरणीय पक्षमा पनि ध्यान पुर्‍याउने। सबैले सुझाव राखिसकेपछि खाकालाई अन्तिम रुप दिइनेछ।

**१०. खाका गाउं भेलामा लैजाने**

प्रस्तावित खाका गाउँ भेला बोलाई प्रस्तुत गर्ने र गाउँको सुझावसमेत राखेर यसको अन्तिम रुप दिने। यसमा समितिलगायत् मुख्य सरोकारवालको हस्ताक्षर गराउने। यसलाई प्रकाशन गरी सबैको घर-घरमा पुर्‍याउने।

**११. खाका जिल्ला तहमा छलफल**

जिल्ला तहमा पनि यसलाई छलफल गराई अनुमोदन गराउने। कार्ययोजनाअनुसार वा गाविसको खाकाअनुसार आवश्यक सहयोग जुटाउन पहल गर्ने।

**१२. जिल्ला समिति निर्माण र कार्ययोजना**

जिल्ला सहयोग समिति बनाउनुपर्दछ। जिल्ला तहको समितिले आफ्नो कार्ययोजना तयार गर्ने। यसको मुख्य काम गाविस तहको समिति गठन गरी गाविसलाई भूमिसुधारको मोडेल तयार गर्न सघाउने हुनेछ। साथै यसले विभिन्न विशेषज्ञ टिमलाई अनुरोध गरी छानिएका गाविसमा पुर्‍याउने, छलफल चलाउने मन्त्रालयमा पनि यस विषयमा जानकारी दिने। दललगायत् सामाजिक सङ्घ/संस्थालाई पनि यसका विषयमा आदान-प्रदान गरी सहयोग लिने हुनेछ। गाविसमा जानेलगायत् समितिले गर्ने सबै प्रक्रिया वा काम पारदर्शी हुन आवश्यक छ। मुख्य कुरा सबैले यसको स्वामित्व लिनुपर्छ।

## १३. जिल्लाका राजनीतिक दल, सरकारी निकाय, सामाजिक सङ्घ/संस्था र पत्रकारसंग छलफल

आफ्नो गाविस वा जिल्लामा कस्तो भूमिसुधार आवश्यक छ भन्ने सवाललाई जिल्लास्थित सबै सरकारी कार्यालय, सामाजिक सङ्घ/संस्था, राजनीतिक दल, पत्रकार, सामाजिक कार्यकर्ताबीच व्यापक छलफल चाहिन्छ। यस्ता छलफल चरण-चरणमा हुन सक्छन्। यसका लागि जिल्ला विकास समितिलाई जिम्मेवार बनाउने वा उसको अगुवाईमा छलफल कार्यक्रम चलाउनुपर्दछ। यस्तो छलफलमा यस अवधारणामा उत्साहित र योगदान गर्न सक्नेलाई छुटाउनु हुन्न। यस्तो छलफल गर्दै जानुपर्दछ। अवधारणापत्र पनि पुनर्लेखन गर्दै जानुपर्दछ। छानिएका सहभागीलाई भूमिसुधार सवालका केही पढ्ने सामग्री पनि बाँड्ने। अनि नियमित सम्पर्क र सम्बन्ध विस्तारमा लागिरहनुपर्दछ।

## १४. केही विज्ञ वा अनुभवी व्यक्तिसाग पनि छलफल गर्ने

छलफलमा विभिन्न धारणा आउन सक्छन्। त्यसैले केही अनुभवी व्यक्तिलाई अनुरोध गरेर जिल्लाको सन्दर्भमा कस्तो भूमिसुधारका नमुन हुन सक्छन् भन्ने कुरामा केही कार्यपत्र प्रस्तुत गर्न लगाउनु पनि राम्रो हुन्छ। यो कहीँ अगाडि पनि आवश्यक हुन सक्छ, कहीँ गाविस तहमा गएपछि मात्रै पनि आवश्यक हुन सक्छ। यस्तो छलफल सन्दर्भ हेरेर गर्नु पर्दछ।।

## १५. मन्त्रालयसागको सम्बन्ध

हामीले गर्न खोजेको भूमिसुधारका लागि कतिपय कानुनीरुपमा परिवर्तन गर्नुपर्ने विषय गाँसिएका हुन्छन्। यसबाहेक पनि यो काममा मन्त्रालयको अन्य प्राविधिक तथा आर्थिक सहयोग चाहिने हुन्छ। तसर्थ भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँगको समन्वयमा काम गर्ने र यसमा आवश्यक सहयोगका लागि मन्त्रालय पनि पठाउनु पर्दछ।





## (ख) दोस्रो वा कार्यान्वयन चरण

### १. गाविसको अगुवाइमा भूमिसुधारको सामुदायिक अभ्यास थालनी गर्ने

खाकाअनुसार विभिन्न समिति बनाउने। जिल्ला विकास समिति, राजनीतिक दल, सरकारी कार्यालय, सामाजिक सङ्घ/संस्था, पीडित किसान आदि। यसभित्र विशेषगरी भूमिको स्वामित्व पुनर्वितरण, आवश्यक कृषि सहयोगलगायत् गाविसमा नै भू-सूचना वा जमिनका सम्पूर्ण सूचना पाउने र प्रशासनिक प्रक्रियामा पनि सकेसम्म गाविस तहमा नै मिलाउने।

### २. स्रोत केन्द्रित गर्ने

गाविस, जिल्ला, सामाजिक सङ्घ/संस्था सबैको स्रोत पनि भूमिसुधारको नमुनामा लक्षित गर्ने। आवश्यक स्रोत सबै लागेर जुटाउने। काम ढिलो नगरी कार्यान्वयनका प्रक्रिया अगाडि बढाउने।

### ३. समीक्षा र सिकाइहरु निकाल्ने

भूमिसुधार प्रक्रियामा भएका गल्ती कमजोरीलाई सिकाइका रुपमा लिने। समग्र भूमिसुधारका प्रक्रियामा सकेसम्म सबैलाई बराबरी स्वामित्व दिने। प्रत्येक कामपछि समीक्षा गरिहाल्ने, त्यसबाट सिकाइ निकाल्ने। एक-अर्कामा आदान-प्रदान गर्ने।

## (ग) तेस्रो चरण

१. अरु गाविसमा समग्र भूमिसुधारको उपलब्धि र सिकाइ आदान-प्रदान गर्दै विस्तार गर्ने। यसलाई व्यापक बनाउँदै जानुपर्दछ।

## समग्र भूमिसुधारको एउटा चित्र (उदाहरणका लागि)

१. भूमिको पुनर्वितरण वा स्वामित्व हस्तान्तरण :

- खेती गर्ने किसानको स्वामित्वमा जमिनको लालपूर्जा हुने, घरबासका लागि सबैले जमिन पाउनुपर्‍यो ।
- गाविसमा कृषियोग्य भूमि कति छ र त्यस गाविसमा अनुपस्थित जमिनदार, हदबन्दीभन्दा माथिको जमिन, सरकारी जमिन, अन्य खेतीयोग्य जमिनको नक्शाङ्कन र वितरण

२. कृषि सहयोग :

(क) जग्गाको चक्लाबन्दी, जग्गासुधार गरेर सहकारी खेती गर्ने आदि उपाय हुनेछ ।
(ख) भूमिलाई थप उत्पादनशील बनाउन एवम् हैसियत कमजोर रहेको भूमिलाई सुधार गर्न नदी कटान, नियन्त्रण, गह्रा सम्याउने, सिचाईको व्यवस्था, ट्रेस/चेक ड्याम आदि निर्माण, कृषि सडकको व्यवस्था आदि गरिनेछ ।
(ग) कृषि प्रविधि, जनशक्ति, मल बीउ, औजार आदि सहयोग जुटाइनेछ ।
(घ) कृषिमा वीमा व्यवस्था सुरुवात्का साथै बाली बिग्रिएमा वा ह्रास आएमा न्युनतम सहयोगको व्यवस्था हुनेछ ।
(ङ) किसान सहकारी विकास गरिनेछ । सहकारी खेती, ग्रामीण अर्थतन्त्र विकास र आवश्यक कर्जाको जोहोका लागि पनि यो उपयोगी हुनेछ ।
(च) उत्पादित अन्नको मूल्य अभिवृद्धि एवम् सङ्कटको समयमा उपयोगका लागि उत्पादित सामग्रीको सञ्चय एवम् समुचित बजार व्यवस्था गरिनेछ ।

३. भूमि प्रशासनमा स्वायत्ततासहित विकेन्द्रीकरण :

रुपान्तरणमुखी समग्र भूमिसुधारका लागि सबै अधिकार विकेन्द्रित गरिएको हुनेछ । गाउँ समिति वा जिल्ला समितिले सबै अधिकार पाउनुपर्छ ।





अनुसूची २

# भूमिअधिकार आन्दोलनमा जनमुखी शिक्षा

नेपाल र विश्वभरि नै युगअनुसारको आन्दोलन चलि नै रहेको छ । ती आन्दोलनका अनुभवले सफल अधिकारमुखी आन्दोलनका लागि जनमुखी शिक्षाको ठूलो महत्व भएको देखिएको छ । जनमुखी शिक्षा भन्नाले जनताको आफ्नै परिवेश बुझ्ने, सूचना बटुल्ने, विश्लेषण गर्ने, त्यसलाई ग्रहण गर्ने, आफूजस्तै अरुसँग एकाकार र सङ्गठित भई अधिकार दाबी गर्ने र आफैं परिवर्तनको प्रक्रियामा लाग्न सघाउने शिक्षा बुझिन्छ । यस्तो शिक्षा अनौपचारिक, औपचारिक र स्वतः स्फूर्त हुन्छ । जनमुखी शिक्षाको प्रक्रियाले अधिकारबाट पीडितलाई सशक्त बनाउँदै उत्पीडनका संरचना चिन्दै, त्यसलाई चुनौती दिँदै रुपान्तरणको बाटो खोल्छ । मानव मुक्तिको बाटोतर्फ उन्मुख गराउँछ ।

यसरी हेर्दा जनमुखी शिक्षालाई सामाजिक आन्दोलनको अभिन्न अङ्गका रुपमा बुझ्नुपर्दछ । जनमुखी शिक्षासहितको सामाजिक आन्दोलनले नै व्यक्ति, समूह, संरचना फेरिँदै गई नयाँ संसार निर्माण हुँदै जान्छ । प्रत्येक व्यक्तिको स्वतन्त्रता के हो ? सीमा के हो ? आफैं गर्ने के हो ? सानो समूहमा गर्ने के हो ? ठूलो समूहमा गर्ने के हो ? प्रष्ट गराउँछ । अधिकार दाबी गर्ने पक्ष र अधिकारका लागि आफ्नो कर्तव्य पनि सँगसँगै अगाडि बढाउन सघाउँछ । अधिकारमुखी आन्दोलनका सहभागीलाई आफ्ना समस्या र अवसरउपर चिन्तन र समाधानमा सहभागी बन्ने उत्प्रेरणा प्रदान गर्दछ । मान्छेभित्रको सृजनात्मक शक्ति उजागर गर्दछ । सहभागीमूलक सिकाई प्रक्रिया आत्मसात गर्दछ । सामाजिक, आर्थिक, राजनीतिक अवस्थालाई आलोचनात्मक ढङ्गले विश्लेषण गर्ने क्षमता बढाउँछ । यस अर्थमा जनमुखी शिक्षा एउटा खास वैचारिक अवधारणा वा

शैक्षिक कार्यक्रम मात्र नभएर प्रत्येक समाज वा मुलुकमा चलिरहेको एउटा ऐतिहासिक, सामाजिक तथा राजनीतिक आन्दोलन नै हो ।

जनमुखी शिक्षा जोडिएको सामाजिक आन्दोलनले अधिकार हनन् भएकालाई मात्र हैन, बाँकी समाजलाई पनि सचेत गराउँछ। जस्तो भूमिअधिकारको आन्दोलनमा भूमिहीनहरुमा हामी भूमि नभएकै कारण अपहेलित र भोको जीवन जीइरहेका हुनाले भूमिअधिकारका लागि लड्नुपर्दछ भन्ने सामर्थ्य थपिन्छ भने जग्गा हडपेर बसेका जमिनदारमा आफैं श्रम गर्न नसक्नेहरु जमिनमा टाँसिएर बस्ने हैन, अन्य विकल्प पनि छन् भन्ने बाटो देखाउँछ। बाँकी समाजका सदस्यमा यसरी समाज पछाडि धकेलिनुको मुख्य कारण त भूमिको न्यायोचित पुनर्वितरण नभएर पो रहेछ भन्ने प्रष्टता ल्याउँछ। निष्कर्षमा जहाँ जनमुखी शिक्षा र सामाजिक आन्दोलनलाई अभिन्न अङ्गका रुपमा हेरिएको छ, त्यहाँ सामाजिक आन्दोलनहरु बलियो बन्दै गइरहेका छन्। यस परिप्रेक्ष्यमा अधिकारमुखी आन्दोलन र जनमुखी शिक्षा एकापसका परिपूरक हुन् ।

२०४६ सालको बदलिएको राजनीतिक परिवेशसँगै थुप्रै सामाजिक आन्दोलन सुरु भएका छन्। यथास्थितिलाई चूपचाप स्वीकार्नेहरु आज आफ्नै संरचनाभित्र र केन्द्रीय सत्तासँग अधिकार दाबी गर्न थालेका छन् । नेपालमा भएका र भइरहेका केही अधिकारमुखी आन्दोलनभित्र केही मात्रामा भए पनि जनमुखी शिक्षा प्रक्रिया जोडिएको छ। कतिपय आन्दोलन सतही ढङ्गका, घटनामुखी, पटके परिचालन केन्द्रित छन् । जनमुखी शिक्षा प्रक्रियालाई जुन हिसावमा आत्ससात गरिनुपर्ने हो, त्यसरी हुन सकेको छैन। परिवेश विश्लेषण नगरी घटना केन्द्रित देखाउने प्रकृतिको आन्दोलन एवम् आवधिकरुपमा आन्दोलनको प्रगति देखाउनुपर्ने अवस्था पनि सामाजिक आन्दोलनको रोग बनेको छ। आन्दोलन त यथार्थ अवस्थाको पहिचान र विश्लेषणको जगमा उठ्नुपर्दछ। विभिन्न सहभागीमूलक विधि तथा औजारको प्रयोगबाट परिवेश गहिराउन मद्दत पुग्दछ ।

एक दशकयता जनमुखी शिक्षासम्बन्धी सचेत र असल अभ्यास सुरु भएका छन्। यी असल अभ्यासको पृष्ठभूमिमा अधिकारकर्मी र जनमुखी





शिक्षाकर्मी छन्। यद्यपि यसको घेरा अझै पनि साँघुरो छ। आन्दोलनका सहभागीले कस्तो अधिकार खोजेको ? अधिकार हनन्का कारण के हो ? आदि नबुझेसम्म सहभागिता आधिकारिक हुँदैन। हामीकहाँ आन्दोलनमा कति हजार थिए ? भन्ने पक्ष अगाडि आउँछ। तर त्यसको विषय, मुद्दा, प्रक्रिया, नतिजा, सिकाई जस्ता पक्ष ओझेलमा परेको छ। हाम्रो समाजमा दुःख छ, शोषण छ, पीडा छ, असमानता छ, भेदभाव छ र यिनका पनि कारण छन्। ती दुख र कारण नकेलाई अर्ति उपदेशका रुपमा जनमुखी शिक्षा प्रक्रिया अपनाइँदै आएको छ, जसले वर्तमान दुःखको कारण र अन्यायपूर्ण समाज व्यवस्थालाई प्रश्न गर्नबाट रोकिराखेको छ ।

जनमुखी शिक्षा प्रबर्द्धन गर्ने मूल ध्येयले नेपालमा रिफ्लेक्ट अभ्यासको थालनी भएको हो। तर रिफ्लेक्टलाई प्रौढ कक्षाको सट्टामा भित्र्याइएको तथा अर्को सुधारिएको प्रौढ कक्षाका रुपमा बुझ्ने जमात अझै ठूलै छ। सुनेको भरमै यस विषयलाई बुझेको बहाना गर्नेहरुको कमी छैन। जनमुखी शिक्षालाई रुपान्तरणको प्रक्रियाभन्दा पनि प्रौढ साक्षरता कक्षा सञ्चालनको दैनिक घटनाका रुपमा बुझ्नेहरु छन्। शिक्षालाई सामाजिक परिवर्तन र जनराजनीतिसँग जोड्ने विषय ओझेलमा पर्दै आइरहेको छ। यसले गर्दा सामाजिक आन्दोलनहरु गहिरिने र फैलिने गति जुनरुपमा हुनुपर्ने हो, त्यहीरुपमा भएको छैन ।

हामी आन्दोलनहरु कुनै फैलिएको, कुनै विलाएको, कुनै सघन भएको आदि हेर्न पाउँछौं। जुन आन्दोलनमा नेतामुखी शिक्षाभन्दा परिवेश विश्लेषणसहितको सिकाई प्रक्रिया, समीक्षा, विश्लेषण हुन्छ, जहाँ परिवेश फेर्ने पहलता उत्प्रेरित गरिएको हुन्छ, जहाँ व्यक्तिगत नभएर सामूहिक निर्णय प्रक्रिया हुन्छ, त्यहाँ आन्दोलन फैलिएका र प्रभावकारी भएका छन्। तर हाम्रा सामाजिक आन्दोलनमा जनमुखी शिक्षाभन्दा नेतामुखी शिक्षा नै बढी हाबी भएका छन् ।

भूमिअधिकारको आन्दोलनमा जनमुखी शिक्षालाई एक अर्काका परिपूरकका रुपमा अभ्यास गरिँदै आएको छ। यसको सुरुवात् नै जनमुखी शिक्षाको अभ्यासबाट भएको थियो। सन् १९९५ देखि सिन्धुपाल्चोकमा गरिएको मोहियानी तथा गुठी अभियानमा जनमुखी शिक्षाले पुर्‍याएको योगदानमा

भएका सिकाईलाई देशभर जारी भूमिअधिकार आन्दोलनमा सचेतरुपले प्रयोग गरिँदै आइएको छ । प्रत्येक जनसङ्गठनमा परिवेश विश्लेषणलाई महत्वपूर्णरुपमा अभ्यास गरिएको छ । नियमितरुपमा कामको योजना र सोको समीक्षाका आधारमा काम फेर्दै लगिएको छ । अधिकारबाट वञ्चित अभियानकर्ता समुदायबाट छानिएका छन् । यो प्रक्रियालाई सङ्गठन, संस्था, अभियानकर्ताका सबै तहमा स्थापित गराउन प्रयास भइरहेको छ ।

जनमुखी शिक्षा र अधिकारमुखी आन्दोलन सम्बन्धमा सचेत ढङ्गले तालिम तथा समीक्षा कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । मूलतः विपन्न सुदायमा स्थानीय परिवेशका आधारमा विभिन्न नाममा जनमुखी शिक्षाको अभ्यास नियमितरुपमा भइरहेको छ । जस्तो : रिफ्लेक्ट केन्द्र । सामुदायिक वन आन्दोलनमा प्रत्येक उपभोक्ता समूह आफैं बसेर आफ्नो परिवेश र कामबारे छलफल तथा निर्णय गर्न स्वतन्त्र छन् । परिवेशअनुरुप योजना बनाउन सक्षम छन् । महिलाको आधा सहभागिता सुनिश्चित गरिएको छ । सिरहा सप्तरीको दलित आन्दोलनको सुरुवात् र सफलता पनि जनमुखी शिक्षा प्रक्रियाको अभ्यासबाट नै भएको हो । दलित बस्तीमा सञ्चालित छलफल केन्द्र (रिफ्लेक्ट विधि र प्रक्रिया) मा जम्मा भएका सहभागीबीच छुवाछुतको मुद्दामा सुरु भएको छलफल गहिरिँदै गई सिनो फाल्नैपर्ने बाध्यताबारे व्यापक सम्वाद भयो । यो विषयमा भएको दृश्यात्मक छलफलले सहभागीलाई अन्याय महसुसीकरण गरायो र अन्ततः उक्त बहसले बृहत् अधिकार आन्दोलनको रुप लिई सफल पनि भयो ।

## तत्कालीन जल्दाबल्दा सवाल :

(क) बुझाई : भूमिअधिकार आन्दोलनमा जनमुखी शिक्षा प्रक्रियाबारेको बुझाइलाई बढाउने र व्यापक बनाउनु नै पहिलो सवाल रहिआएको छ । यसका लागि नबुझेकालाई बुझाउने, व्यापकरुपमा भएको अस्पष्टता कम गर्नुपर्ने आवश्यकता छ ।

(ख) अभिलेखन : भूमिआन्दोलन भित्र भएका असल अभ्यासको अभिलेखन र सिकाईको मसिनो आदान-प्रदान भइरहेको छैन । यसले हरेक आन्दोलन आफ्नै भिनो सिकाई प्रक्रियामा अल्भिएका छन् ।

(ग) अध्ययन सामग्री : अधिकारमुखी आन्दोलन भूमिअधिकार र जनमुखी शिक्षासम्बन्धी अत्यन्तै कम सामग्री छन् । नेपाली भाषामा सामग्री उपलब्धता खड्केको छ । नेपालको मात्र हैन, अन्य विदेशका अनुभवबारेको समेत पुस्तक चाहेजति भित्रिएका छैनन् ।

(घ) ज्यादा मनगढन्ते प्रशिक्षण : परिवेशको मसिनो विश्लेषण गर्ने, कामबाट सिक्ने भन्दा पनि प्रशिक्षण बढी भएको छ । परिवेशबाट नसिक्नेहरु नै सबभन्दा बढी सिकाउनेहरु भएका छन् ।

(ङ) साँघुरो घेराबीचको समीक्षा : सामाजिक आन्दोलनको समीक्षा सीमित व्यक्ति वरिपरि केन्दित छ । सङ्गठनबीचमा काम, समीक्षा, सिकाई र अन्य काम हुन सकेको छैन । जस्तो- भूमि अधिकार आन्दोलनमा भएका अनेकन परिचालनका अभियानको समीक्षा सीमित अभियानकर्ता र संस्थाका कार्यकर्ताबीच मात्र भइरहेको छ । त्यस्ता कार्यक्रमका सहभागीको हरेक सङ्गठनमा समीक्षा हुन सकेको छैन ।

(च) रुपान्तरणमुखी सिकाई प्रक्रिया अभ्यास गरेपछि मात्र बुझ्न सकिने कुरा हो । तर यहाँ अभ्यास गर्ने एकथरी र यस्तो चिन्तन गर्ने अर्कोथरी भएका छन् । सबै अभियानकर्मी, जनमुखी शिक्षाकर्मी र सबै जनमुखी शिक्षाकर्मी अभियानकर्मी भएको अवस्था छैन ।

(छ) कामको आलोचनात्मक चिन्तन र त्यसबाट सिक्ने काम सचेत ढङ्गबाट भएको छैन । आन्दोलनमा जुलुस निकाल्ने, सदस्यता बाँड्ने, धर्ना बस्ने काम ज्यादा भएका होलान्, त्यसलाई आलोचनात्मक ढङ्गले चिन्तन गर्ने, समीक्षा गर्ने, सिकाई निकाल्ने काम अत्यन्तै कम भएको छ । सिकाईलाई सचेतपूर्वक काममा प्रयोग गरेको ज्यादै कम छ ।

(ज) अधिकारमुखी आन्दोलनबीच सञ्जाल जे/जस्तो अवस्थामा भए पनि जनमुखी शिक्षाको विषयमा पटक्कै बहस भएको छैन। प्राविधिक विषयमा नै यस्ता सञ्जाल अड्किएका छन्।

**अबको बाटो** :

(क) अधिकारमुखी आन्दोलनका असल अभ्यासको अभिलेखन गर्ने र सोको आदान-प्रदान गर्ने।

(ख) सामाजिक आन्दोलनमा शक्ति सम्बन्ध र परिवेश विश्लेषण गर्नु भनेको खास अर्थमा जनमुखी शिक्षालाई गहिराउनु हो तर यो व्यवहारमा प्रभावकारी ढङ्गले अभ्यास हुन सकेको छैन। तसर्थ सामाजिक आन्दोलनमा परिवेश विश्लेषणलाई निरन्तर र अनिवार्य प्रक्रियाका रुपमा अगाडि बढाउने। परिवेश विश्लेषणभित्र शक्ति सम्बन्ध र ऐतिहासिक पक्षको विश्लेषण पक्ष नछोड्ने।

(ग) जनमुखी शिक्षाको कार्यक्रमलाई निरन्तरता दिन आवश्यक अभियानकर्ता पुगेका छैनन्। जनमुखी शिक्षाका मूल खम्बा भनेका अभियानकर्ता वा जनमुखी शिक्षाकर्मी हुन्। क्षमतावान जनमुखी शिक्षाकर्मीको विकास र परिचालन बढाउनुपर्दछ। अभियानकर्ता बढाएर र उसको क्षमता अभिवृद्दि गरेर पुग्दैन। महिला अभियानकर्ता यसमा पनि स्वयम्सेवी अभियानकर्ता धेरैभन्दा धेरै उत्पादन गर्न आवश्यक छ।

(घ) जनमुखी शिक्षालाई प्रभावकारी बनाउन र आन्दोलनलाई बलियो बनाउन परिवेश सुहाउँदा सामग्रीहरु विकास र आदान-प्रदान गर्ने। सामाजिक आन्दोलन र जनमुखी शिक्षा कार्यक्रम छुट्टाछुट्टै कार्यक्रम हैनन् भन्ने कुरा स्थापित गर्ने।

(ङ) काम-समीक्षा-कामको प्रक्रियालाई व्यक्ति, सङ्गठन, संस्था सबै तहमा नियमित गर्ने।

(च) जनमुखी शिक्षालाई अधिकारमुखी आन्दोलनमा क्रियाशील सबैले अभिन्न र आधारभूत अङ्गका रुपमा आत्मसात गरी यस विषयमा व्यापक अभिमुखीकरण गर्ने।





(छ) प्राविधिक साक्षरतालाई नै शिक्षा बुझ्ने घेरालाई चुनौती दिँदै शिक्षाभित्र साक्षरता भन्ने मुद्दालाई आम बहसको विषय बनाउने।

(ज) प्रत्येक अधिकारमुखी सङ्गठन एवम् सञ्जालले विभिन्न आन्दोलनका कामको निरन्तर समीक्षा र निचोडको अभिलेखन गर्ने।

(झ) भएका अभियानकर्ता र सामाजिक आन्दोलनमा लागेकाबीच बृहत् सञ्जाल र अनुभव आदान-प्रदान हुन सकिरहेको छैन। सञ्जालबीच सतही सूचना आदान-प्रदानको सट्टा आलोचनात्मक चिन्तन्मनन् प्रक्रियालाई सघनरुपमा अगाडि बढाउने।

(ञ) जनमुखी शिक्षाकर्मी वा अभियानकर्ताले कामको व्यक्तिगत समीक्षा गरी नियमित अभिलेखन गर्ने।

(ट) जनमुखी शिक्षा मञ्चको निर्माण र अभ्यासलाई विभिन्न क्षेत्र र जिल्ला तहमा पनि स्थापित गर्दै जाने।

(ठ) हरेक अभियानकर्ता जनमुखी शिक्षाको धारणा र प्रक्रियाबारे प्रष्ट बन्दै जाने।

(ड) सामाजिक आन्दोलनमा लागेका संस्था अभियानकर्ताले भरिएको हुनुपर्दछ। जहाँ जनमुखी शिक्षाको अभ्यास भएको होस् र आन्दोलनका बीचमा आएका विभिन्न सवालउपर सङ्घर्ष पनि, यस्ता नमुना संस्था स्थापना गरिनुपर्दछ।

यस कार्यमा देखिएका चुनौतीलाई अवसरमा परिणत गर्दै लैजानुपर्दछ। सिकाईलाई व्यवहारमा प्रयोग गर्न देखिएको खाडललाई कम गर्न हामीले कम्तीमा मिल्दोजुल्दो सवालमा कार्यरतहरुबीच साझा मञ्च बनाई नियमितरुपमा सम्वाद हुन जरुरी छ। यसका लागि विषयलाई प्रबर्द्धन गर्ने नियमित ठाउँ र समूह चाहियो। अभियानकर्ताको अब कलेज नै चाहिने बेला भइसकेको छ।

परियोजना सकिँदा आन्दोलन सकिने अवस्थाको अत्यका लागि हामीले स्थानीय अभियानकर्ता, स्थानीय स्रोतको अधिकतम् उपयोग र जनमुखी शिक्षालाई अभिन्नरुपमा गाँसेर लैजानु पर्दछ। जनमुखी शिक्षाको अभ्यास गरीब र अधिकारबाट वञ्चितहरुलाई मात्र चाहिएको हैन, यहाँ त

राजनीतिक दलका उच्च तहका नेतालाई समेत जरुरी भएको छ। यसतर्फ पनि हामीले सोच्नुपर्दछ। समुदाय र सङ्गठन तहमा विश्लेषण र बहस पुगिरहेको छैन। राजनीतिक प्रक्रिया बलियो बनाउन पनि यस्तो अभ्यास आवश्यक छ।

जनमुखी शिक्षाकै विस्तार अर्को महत्वपूर्ण मुद्दा हो। संविधानसभाको प्रक्रियामा महिला, दलित, अधिकारबाट वञ्चितको कुरा उठाउन जनमुखी शिक्षाले नै सहयोग गर्दछ। सामाजिक आन्दोलनमा समग्र सङ्गठन कि सवालगत सङ्गठन ? भन्ने विषयमा बुझाई बढाउन आवश्यक छ।

बढीभन्दा बढी मानिससँग छलफल गर्दै विचार निर्माणको प्रक्रिया अघि बढाउन जनमुखी शिक्षाको प्रक्रिया उपयोगी छ। बुझाईको घेरालाई फराकिलो बनाउँदै नयाँ विचार र काम थालनी गर्नको लागि जनमुखी शिक्षाले समुदायलाई मद्दत गर्दछ। स्थानीय नेतृत्व विकास, सहभागितात्मक पद्दतिका मूल्य-मान्यताको विकास र अभ्यासका लागि आधार दिन्छ।

जनमुखी शिक्षाको प्रक्रियालाई केवल कक्षा कोठा वा छलफलमा मात्र सीमित राख्नेभन्दा पनि यसलाई विभिन्न अभियान वा कामसँग पनि त्यत्तिकै गाँस्दै लैजाँदा सामाजिक अभियान बलियो हुने र त्यसबाट समुदाय पनि बढी सशक्त हुने पाइयो। जस्तै गाउँ भेला, पदयात्रा, पत्रकार सम्मेलन, जिल्ला घेराउ आदि सबै प्रक्रिया एकपछि अर्को जोडियो। यस प्रक्रियाले समुदायलाई पनि बलियो बनायो। महात्मा गान्धीले भनेजस्तै सहभागी नै सहजकर्ताका पाठ्यपुस्तक हुन। यहाँ करिव करिव यस्तै भएको छ। समुदाय नै पाठ्यपुस्तक हुँदा उनीहरुका सवाल, समस्या, योजना र अनुभूति गाँसिएका छन्। यसले सशक्त हुने प्रक्रियालाई सहयोग पुर्‍याएको छ।

जनमुखी शिक्षाका मूल खम्बा भनेका स्थानीय अभियानकर्ता हुन, उनीहरुको क्षमता विकास नै यसको मूल खम्बा देखियो। यसका लागि काम समीक्षा र सुधारिएको काम वास्तविकरुपमा सहजकर्ता सक्षम भएको अवस्थामा मात्र पाइयो। जनमुखी शिक्षालाई प्रभावकारी बनाउन र





आन्दोलनलाई बलियो बनाउन परिवेश सुहाउँदा सामग्री विकास, त्यसमाथि समीक्षा, त्यसमा आफ्ना सिकाईको संलग्नता महत्वपूर्ण पाइयो।

## जनमुखी शिक्षाको प्रभावकारी पद्धति रिफ्लेक्ट

जनमुखी शिक्षाले मानिसलाई भक्त बनाउने पनि होइन, नकारात्मक बनाउने पनि होइन तर आलोचनात्मक बनाउनुपर्छ। नेपालमा सन् १९९५ बाट रिफ्लेक्ट (जसलाई हामी जनमुखी शिक्षाको एक प्रक्रिया मान्छौं) अभ्यास सुरु भएको हो। उत्पीडितहरुको मुक्तिका लागि आफ्नै सिकाई प्रक्रियामा यसले जोड दिन्छ।

> **रिफ्लेक्ट** [REFLECT]
>
> Regenerated Freirian Literacy through Empowering Community Techniques
>
> पुनर्सिर्जित फ्रेरियन साक्षरता सशक्तीकरण समुदाय विधि

पछाडि पारिएका गरीब, दलित, महिला र जनजातिको सशक्तीकरण गर्दै आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रुपान्तरणमा रिफ्लेक्ट प्रक्रिया सहयोगी बनेको छ। मुक्तिदायी शिक्षाको अवधारणा र त्यसको अभ्यासले समाजमा पछाडि पारिएका वर्गलाई सङ्गठित गर्न, उत्पीडनका सवालमा आन्दोलित गर्न र अधिकार स्थापना गराउन पर्याप्त सहयोग पुगेको अनुभव छ। विभिन्न समस्या झेलिरहेकाहरुको जीवनमा गुणात्मक परिवर्तन ल्याउनका लागि सामाजिक परिचालन प्रक्रियालाई जीवन्त तुल्याउन पनि यो अभ्यास आवश्यक छ। यसका लागि समुदायको सवाल, सङ्गठन र अधिकारमुखी जनअभियानलाई समाहित गर्नुका साथै रिफ्लेक्टको निरन्तर सिर्जनात्मक प्रयोग हुनुपर्दछ।

नेपालमा सन् १९९५ बाट रिफ्लेक्ट सुरु भएको हो। उत्पीडितहरुको मुक्तिका लागि आफ्नै सिकाई प्रक्रियामा यसले जोड दिन्छ। पछाडि पारिएका गरीब, दलित, महिला र जनजातिको सशक्तीकरण गर्दै आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रुपान्तरणमा रिफ्लेक्ट प्रक्रिया सहयोगी बनेको छ।

मुक्तिदायी शिक्षाको अवधारणा र त्यसको अभ्यासले समाजमा पछाडि पारिएका वर्गलाई सङ्गठित गर्न, उत्पीडनका सवालमा आन्दोलित गर्न र अधिकार स्थापना गराउन पर्याप्त सहयोग पुगेको अनुभव छ ।
विभिन्न समस्या भोलिरहेकाहरुको जीवनमा गुणात्मक परिवर्तन ल्याउनका लागि सामाजिक परिचालन प्रक्रियालाई जीवन्त तुल्याउन पनि यो अभ्यास आवश्यक छ । यसका लागि समुदायको सवाल, सङ्गठन र अधिकारमुखी जनअभियानलाई समाहित गर्नुका साथै रिफ्लेक्टको निरन्तर सिर्जनात्मक प्रयोग हुनुपर्दछ ।

रिफ्लेक्ट अनौपचारिक प्रौढ शिक्षाको फगत विधि होइन ।

रिफ्लेक्ट प्रक्रियाले सहभागीलाई आफूले आफैंलाई चिन्न सक्ने क्षमता प्रदान गर्दछ ।

आफूभित्र रहेको क्षमता र आत्मबल पहिचान गरी उसले आफ्नो जीवनयापन कार्यलाई सजिलो बनाउन सक्छ ।

यो असमान सामाजिक शक्ति संरचनामा हस्तक्षेप गर्दै पछाडि पारिएका वर्गको अधिकार स्थापित गराउन चाहनेको बहस केन्द्र हो ।

यसमा कुनै निश्चित/तोकिएको पाठ्यपुस्तक हुँदैन, यसमा त छलफल, अन्तरक्रिया र समस्याको पहिचान जस्ता कुरा हुन्छन् ।

प्रत्येक केन्द्रमा स्थानीय जीवन, स्थानीय गतिविधिबारे नक्सा, क्यालेण्डर, ग्राफ, म्याट्रिक्स र विभिन्न क्रियाकलाप वा गतिविधिका आधारमा स्तरीकरण चार्ट बनाइ सवालमा महसुसीकरण पक्ष बलियो बनाइन्छ ।

रिफ्लेक्टले स्थानीय अन्यायपूर्ण संरचनाविरुद्ध न्यायपूर्ण समाज निर्माणका लागि अभियान सुरु गर्ने हो । समुदाय नै तपाईंले बुझ्ने पुस्तक हो ।





**अनुसूची ३**

# भूमिअधिकार आन्दोलनमा जनसङ्गठन

सङ्गठन, शक्तिबिहीन बनेकाहरुलाई बलियो बनाउने, शक्ति निर्माणको काम हो । सामाजिक तथा आर्थिक असमानताका कारण नेपाली समाजमा उत्पीडक र उत्पीडित दुई वर्ग प्रष्टरुपमा देखिएका छन् । आफैं श्रम नगर्ने तर ठूलाठूला होटलमा ऐस गर्ने, कारमा गुड्नेलगायत् अनेकन मोजमस्ती गर्नेहरु उत्पीडकमा पर्दछन् । खोलाका किनारमा गिट्टी कुटिरहेकाहरु, खेतका गह्रामा काम गरिरहने, कम ज्यालामा हलियाको रुपमा काम गर्ने, गलैंचा तथा गार्मेन्ट कारखानामा काम गर्नेहरु उत्पीडितमा पर्दछन् । यी दुई वर्गको जीवन-शैली अन्तर स्वतः स्पष्ट छ । हवेलीछेउ बनेको छाप्रोको प्रतिविम्ब नै यस असमानताको ज्वलन्त उदाहरण हुनसक्छ ।

गरीबहरु भौतिकरुपमा मात्र गरीब नभएर सङ्गठित हुने कुरामा पनि गरीब छन् । सङ्ख्यात्मकरुपमा उत्पीडकभन्दा उत्पीडित बढी भए पनि राम्ररी सङ्गठित हुन नसक्नाले उत्पीडकसँग लड्न असम्भव हुँदै आएको छ । नीति-नियम बनाउने, सरकारी संयन्त्र चलाउने, सञ्चार माध्यम र प्रहरी सबै उत्पीडककै हातमा छ । पैसाको हिसाबमा र साधनको हिसाबमा गरीब किसान अथवा छिँडीमा बस्ने कामदारलाई उत्पीडकसँग दाँज्न कुनै हालतमा पनि मिल्दैन । यसलाई जित्न सङ्गठित सङ्घर्षविना सम्भव नै छैन ।

उत्पीडकबाट उत्पीडितको हातमा शक्तिको हस्तान्तरण एकै झमटमा सजिलैसँग हुने कुरै हैन । शताब्दीदेखिको जनताको चेतनामा रहेको “मौनताको संस्कार (Culture of silence)” यसको प्रमुख कारण हो । उनीहरु आफ्नो मुक्ति आफ्नै बलमा देख्दैनन् । त्यसैले बाह्य शक्ति वा व्यक्तिको मुख ताकिरहेका छन् । ताकि उनीहरुको सुरक्षा अरुले

गरिदिउन् । उनीहरुले सोचेको शक्ति उनीहरु आफैंमा छ भन्ने कुरा उनीहरुलाई थाहा छैन । त्यसैले उनीहरु भगवानको बरदान र नेताहरुको कृपाको आशमा बसिरहेका छन् ।

परिवर्तन ल्याउन पहिले “मौनताको संस्कार” तोड्नुपर्छ । यसका लागि जनताले भोगेका वास्तविक परिवेशमा छलफल भई जनतालाई सङ्गठित पार्नुपर्छ । त्यसपछि उत्पीडक र उत्पीडनविरुद्ध मुठभेड गर्न अग्रसर पार्नुपर्छ । हामीले आन्दोलनमा तत्कालिक सवालमा पनि काम गर्नुपर्दछ । महत्वपूर्ण कुरोचाहिँ सङ्गठनको अनुभव र बैरीसँगको मुठभेडको सवाल हो । यो अनुभव नै शताब्दीदेखि चलिआएको मौनताको संस्कार तोड्ने साधन बन्दछ । परिवर्तनको बाटो यहीँबाट सुरु हुन्छ ।

खँदिला-खँदिला समस्यालाई लिएर जनतालाई सङ्गठित पार्ने ठाउँ धेरै छन् । के के सवाल छन् ? उदाहरणका लागि किसानहरु जमिनबाट धपाइएका मात्र हैनन्, आफूले श्रमको हिसाबभन्दा कामको वालीको हिस्सामात्र हात पार्छन् । सङ्गठित पार्ने विषयवस्तुको खाँचो हैन, सङ्गठनकर्ताको खाँचोले उत्पीडितहरु असङ्गठित छन् । सङ्गठनकर्ताले जनताका आक्रोश र आकाङ्क्षालाई निर्दिष्ट दिशामा डोऱ्याउनुपर्छ । जनतालाई अधिकार दिलाउनका लागि शक्तिशाली जनसङ्गठनमा सरिक बनाएर कम्तीमा पनि नीति-नियम बनाउने परिधिभित्र उनीहरुलाई धकेल्ने उद्देश्य राख्नुपर्छ ।

जनतालाई सङ्गठित गरेर उनीहरुलाई आफ्नो जीवनलाई असर पार्ने कुराको निर्णय आफैं गर्नसक्ने बनाउन नै हामी लागिरहेका छौं । सङ्गठन उत्पीडितहरुको सङ्घर्षमा गाँसिएको हुन्छ । सङ्गठनलाई उत्पीडितको पूर्ण मुक्ति तथा अहिलेको अन्यायपूर्ण तथा असमान सामाजिक, आर्थिक तथा राजनीतिक ढाँचामा परिवर्तन गर्ने जस्ता राष्ट्रिय आन्दोलनबाट अलग्याउन सकिँदैन ।”

उत्पीडित भनेको गरीब, निमुखा र निर्धन मानिस हुन् । उनीहरु भनेका हातमा भर पर्ने ज्यामी, किसान, माझी ...आदि हुन् । सङ्गठनकर्ताले





निर्देशित गर्नुपर्ने जनता पनि यिनै हुन् । सङ्गठनकर्ताले उनीहरुभित्रको सामर्थ्य बुझ्रेको हुनुपर्छ ।

“हामी गरीब छौं, अशिक्षित छौं, हाम्रो आडभरोसा केही छैन, हामीले के नै गर्न सक्छौं र ? यो उत्पीडितमा भएको हीनताबोध लामो समयदेखिको उत्पीडनको उपज हो ।

सङ्गठनकर्ताले जनताका लागि आफैं काम गर्न र निर्णय दिनबाट जोगिनुपर्छ । उनीहरु अक्मकाए भने उनीहरुलाई उत्साहित पार्नपर्छ । चुनौती दिनुपर्छ र केही सीप नलागेमा एक-एक गरेर अर्थ्याउनुपर्छ तर सङ्गठनकर्ताले आफैं निर्णय दिनुहुँदेन । निर्णय दिनु भनेको अप्ठ्यारो काम हो, जसमा हुनसक्ने असफलता र त्रुटिको सबैले जिम्मेवारी लिनुपर्ने हुन्छ । जनता आफैंले निर्णय गरेमा मात्र उनीहरुको सोचाई परिपक्व र स्वतन्त्र हुन्छ ।

## भूमिसुधारका लागि सुदृढ, समावेशी, स्वप्रेरित, सक्षम, सहभागीमूलक, सवल, सुसङ्गठित, सक्रिय सङ्गठन

जमिनको वास्तविक रेकर्ड तयार गर्न, गाउँका किसानको वर्गीय हैसियत पहिचान गर्न, वास्तविक भूमिहीन र जोताहा किटानी गर्नदेखि लिएर भूमिसुधारलाई गाउँस्तरसम्म लागू गर्न स्थानीय स्तरको भूमिअधिकार वा किसान सङ्गठन नभई हुन्न । स्थानीय जनसमुदाय परिचालन गरेरमात्र राष्ट्रिय तहमा बनाइएका नीति आधारभूत तहमा लागू गर्न सम्भव हुन्छ । तसर्थ भूमिसुधारका लागि गाउँगाउँमा भूमिअधिकारबाट वञ्चित तथा किसान सङ्गठन मजबुत बनाउनुपर्दछ । भूमिसुधारको स्थानीय खाका स्वयम् पीडित र किसानकै सहभागितामा बनाइनुपर्दछ ।

भूमिसुधार पूर्व स्थानीय स्तरमा वैज्ञानिकतवरले वर्ग विश्लेषण गरिनुपर्दछ । त्यहाँका भूमिहीन, हरुवाचरुवा, मोही, साना किसान, मध्यम किसान, धनी किसान र सामन्त र उनीहरुको अवस्था राम्ररी खुट्याउनुपर्दछ । यो काम स्थानीयबाहेक अरुले गर्नु व्यावहारिक हुन्न । स्थानीय श्रमजीबी जनतालाई नै प्रमुख कर्ता बनाएर भूमिसुधार सफल

बनाउन सकिन्छ । भूमिसुधारका लागि साना र मध्यम किसानको पनि सहयोग लिन आवश्यक छ ।

अब प्रश्न उठ्छ, जोताहामुखी भूमिसुधार कसरी हुन्छ वा कसले गरिदिन्छ ? यसअघिका अनुभवले प्रष्ट गरेको छ कि सङ्गठन, सङ्गठित आन्दोलन र त्यसको प्रभावकारी परिचालनले मात्र भूमि व्यवस्थामा रुपान्तरण हुन्छ । हरेक समुदाय एवम् जिल्ला जिल्लामा भूमि व्यवस्थाबारे व्यापक बहस र छलफल नभई केन्द्रबाट भूमिसुधारको प्याकेज खस्दैन र खसे पनि यसले व्यवहारमा परिवर्तन ल्याउँदैन ।

भूमिसुधारबारे ६ दशकभन्दा बढी अवधि राजनीतिकलगायत् विकासको क्षेत्रमा चर्चा/परिचर्चा भइरहे पनि अर्थपूर्ण परिवर्तन हात लाग्न सकेन । त्यसको मूलकारण बलियो सङ्गठनको अभाव र भएका सङ्गठनको प्रभावकारी परिचालन नहुनु नै हो । भूमि अधिकारबाट वञ्चित दलित, महिला, जनजाति, मुक्त कमैया, हलियाको जमिनमाथिको पहुँच र उपभोगका लागि स्वयम् पीडितको सङ्गठन आवश्यक पर्दछ । यस्तो सङ्गठनको नाता विभिन्न सरोकारवाला मानव अधिकारवादी, राजनीतिक पार्टी, पत्रकार, कानून व्यवसायी, विभिन्न जातीय तथा वर्गीय सङ्गठनसँग जोडिन पनि त्यत्तिकै जरुरी छ ।

भूमिअधिकार सवाललाई सही सम्बोधनका लागि विभिन्न पक्षबीच व्यापक सूचना आदान-प्रदान तथा सम्वाद खाँचो पर्दछ । आन्दोलनप्रति पीडितहरुको अपनत्व वृद्धि गर्दै शक्ति बोध गराउन सङ्गठित कार्यक्रम र स्वरहरु आवश्यक पर्दछ । भूमिअधिकार आन्दोलनलाई स्थानीयदेखि राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरमा जोड्न र दबाब खडा गर्न सङ्गठन नभई हुँदैन । भूमि व्यवस्था सम्बन्धमा बनेका ऐन, नियम र कार्यक्रमको अध्ययन, विश्लेषण, अभिलेखन गरी सरकारलाई गरीबहरुको हितमा परिमार्जन, नयाँ नियम निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनका लागि प्रभाव पार्ने सङ्गठन र सङ्गठनको व्यापक र सही परिचालन चाहिन्छ ।

पीडितको सामूहिक सौदावाजीको क्षमता वृद्धि पनि सङ्गठनले नै गर्ने हो । हली, कमैया जस्तो अर्ध दासप्रथा समाजमा कायम राखिराख्ने अर्थ





राजनीतिक आधारशीला पनि अहिलेकै भूमि व्यवस्थाले तयार गरेको हो । सिङ्गो समाजलाइ पछौटे अवस्थामा खँादिराख्ने यस्तो सामन्ती भूमि व्यवस्थालाई रुपान्तरण गरेर जमिन जोत्ने र व्यवस्थापन गर्नेलाई नै जमिनको मालिक बनाउनका लागि भूमिसुधार खाँचो छ । रुपान्तरणमूखी भूमिसुधारका लागि सशक्त भूमिअधिकार आन्दोलन चाहिन्छ । यस्तो आन्दोलन बलियो सङ्गठनले मात्र गर्न सक्छ ।

नेपालकै र विश्वभरका अधिकारमुखी आन्दोलनले हामीलाई के पाठ सिकाएको छ भने जबसम्म अधिकारबाट वञ्चित, शोषित तथा पीडित समुदाय आफैं बिउँझेको हुँदैन, तबसम्म दिगो र वास्तविक परिवर्तन सम्भव हुँदैन । भूमिअधिकार आन्दोलनलाई दरो, दिगो बनाउँदै लक्ष्यसम्म पुऱ्याउनका लागि पनि हली, कमैया, सुकुम्बासी र मोही किसानकै मजबुत जनसङ्गठन चाहिने हुन्छ ।

न्यायप्रेमी बौद्धिकहरुले अभियानको पक्षमा वकालत गर्न सक्छन् । परिवर्तनवादी दलहरुले भूमिसुधारको पक्षमा ऐन, कानुन र नीति संसदबाट अनुमोदन गराउन सक्छन् । पत्रकारले पीडितका आवाज नीति-निर्मातासमक्ष पुऱ्याउन सक्छन् । इमानदार गैरसरकारी विकास संस्थाले समुदाय तहसम्मै पुगेर भूमि व्यवस्थाबारे सहभागिमूलक छलफल चलाउँदै पीडितको सङ्गठन निर्माणमा सहयोगी भूमिका खेल्न सक्छन् । तर पीडितहरुको प्रतिनिधित्व पीडितहरुकै जनसङ्गठनसिवाय अरुले गर्न सक्दैन । राज्य निकाय, राजनीतिक दल र गैरसरकारी विकास संस्थामा जुन वर्ग वा तप्का नेतृत्वमा रहेको हुन्छ, त्यसले अन्तिम विन्दुसम्म हली, कमैया, सुकुम्बासीका तर्फबाट शक्ति केन्द्रहरुसँग सौदावाजी गर्ने सम्भावना नै छैन । यो राजनीतिक इमानदारीको सवाल मात्र नभएर सामाजिक शक्ति रुपान्तरणको शक्ति विन्यासको सवाल पनि हो । तसर्थ, भूमिअधिकार आन्दोलनलाई सफल तुल्याउन सशक्त जनसङ्गठन निर्माण गर्नुपरेको हो ।

विभेदकारी सामाजिक संरचनाका कारण जनहितका निम्ति र भूमिसुधारका पक्षमा छौं भन्ने राजनीतिक पार्टीका जनवर्गीय सङ्गठनको नेतृत्वमा भूमिअधिकारबाट पीडितहरु पुगेका छैनन् । नीति निर्माण एवम्

प्रशासनिक निकायमा पीडककै बोलवाला छ । पीडित उत्थानका योजना गैरपीडितले बनाउने हुँदा पीडितमुखी हुने कुरै भएन । सानातिना सङ्गठनले उठाएका सवाल पानीका फोका भइदिन्छन् । किनभने पीडकको हर क्षेत्रमा जालो बलियो र सवल छ । सरकार र सरकारी संयन्त्र पीडककै छ । नेपालका तमाम भूमिहीन सुकुम्बासी, मोही किसान तथा कृषि श्रमिक आफ्नो जमिनमाथिको न्यायिक र कानूनी हक तथा अधिकार प्राप्त गर्नका लागि एक दरिलो र सशक्त सङ्घर्षशील सङ्गठन निर्माण गर्ने प्रयासस्वरुप सङ्गठन आवश्यक भएको हो ।

## सङ्गठन र यसका आधारभूत तत्व

शाब्दिक अर्थमा जनसङ्गठन भन्नाले आफ्नो अधिकार प्राप्तिका लागि सङ्गठित जमात भन्ने बुझिन्छ । अधिकारका लागि सङ्गठितहरुको बलियो समूह जनसङ्गठन हो । पीडितको सङ्गठनमा सङ्गठित हुने हरेक सदस्य पीडित नै हुन्छ । भूमिअधिकारबाट वञ्चितहरुले आफ्नो अधिकार प्राप्तिका लागि निर्माण गरेको सङ्गठनलाई भूमिअधिकारबाट वञ्चितको सङ्गठन भनिन्छ ।

सङ्गठनको केही घोषित उद्देश्य, परिपाटी, नीति र कार्यक्रम हुन्छ । यही घोषित दायराभित्र बस्ने औपचारिक समूहलाई सङ्गठन भनिन्छ । सामुदायिक सङ्गठन नभइकन त समाज नै बन्दैन । समाजमा केही पेशागत सङ्गठन पनि जन्मिन्छन् । सामुदायिकबाहेक अरुखाले सङ्गठन निर्माण गर्नुभन्दा पेशागत सङ्गठन निर्माण गर्नु सजिलो हुन्छ । भूमि अधिकारबाट वञ्चितहरुको सङ्गठन निर्माण गर्नु एउटा चुनौतीपूर्ण तर नगरी नहुने कार्य हो । भूमिहीन किसान, मोही, हलिया, कमैया, कृषि श्रमिक, साना किसान आदिका समस्या आधारभूतरुपमा एउटै भए पनि उनीहरुको समस्याको प्रकृति केही फरक पनि छ । भूमि अधिकारबाट वञ्चितहरुका समस्या भिन्दाभिन्दै हुनसक्छ, फेरि पहाडका किसान र तराईका किसानको समस्या पनि फरक हुन्छ । आफ्नै किसानी हो कि ? अरुको किसानी हो ? दर्तावाल मोही हो कि, वेदर्तावाल मोही हो ? भूमि अधिकारबाट वञ्चितभित्र पसेर हेरियो भने हामी यस्ता दर्जनौं सवाल अन्तर्निहित भएको पाउँछौं । यी





समस्या उदाङ्ग्याउन सक्ने गरी विभिन्न सङ्गठन खडा हुनुपर्दछ, जसले समस्याको समाधान गरोस् । भूमि अधिकारबाट वञ्चित को हो भन्ने विषय स्थानीय तहमै छलफल गरेर टुङ्गो लगाउनुपर्दछ ।

## सङ्गठनको स्वरुप र संरचना

भूमिअधिकार अभियानको सन्दर्भमा निर्माण भएका हालको सङ्गठनको अवस्था नियाल्दा सङ्गठन निर्माणको क्रम सुरु भएको त्यति लामो समय भएको छैन र यो त्यति व्यवस्थित बन्न सकिरहेको छैन । राष्ट्रिय तहमा निर्माण भएको सङ्गठन सक्रियरुपमा परिचालित भए पनि अभियान व्यवस्थित गर्ने मामिलामा त्यसले धेरै अभ्यास गर्न बाँकी नै छ । समुदाय तहमा गठित समूहमा भूमिअधिकारबाट वञ्चितका सबै सवाल समेट्ने वा नसमेट्ने ? समुदाय तहको बनाउने वा गाविस तहको ? क्षेत्रीय तहको सङ्गठन तयार गर्ने वा नगर्ने ? महिला र पुरुषमध्ये कसलाई संयोजक बनाउने ? महिला र दलितको सहभागिता कसरी सुनिश्चित गर्ने ? परिचालन प्रक्रिया के हो ? आदि कुरामा अहिले निर्माण भएका सङ्गठन अस्पष्ट देखिन्छन् । ठाउँ विशेषमा यसका स्वरुप, बुझाइ र परिचालन प्रक्रिया फरक फरक भेटिन्छ । एउटा कुरा के हो भने सबै कुरा प्रष्ट भएर मात्र कामको थालनी हुँदैन र व्यवहारको कसीमा नगई प्रष्टता के हो थाहा हुँदैन । अहिले भएको सङ्गठन निर्माणको अभ्यासलाई आलोचनात्मक समीक्षा गर्दै त्यसमा सुधार गर्न भने आवश्यक छ ।

प्रत्येक समस्याग्रस्त समुदायमा पीडित स्वयम् प्राथमिक सङ्गठनमा आबद्ध हुनुपर्दछ । सदस्यको हिसाबले कम्तीमा १० देखि बढीमा ५० जति पनि यस्ता प्राथमिक सङ्गठनका सदस्य हुन सक्छन् । धेरै ठूलो समूह भयो भनेचाहिँ त्यसमध्येबाट ७ देखि ११ जनाको समतामूलक संयोजन समूह निर्माण हुनु आवश्यक छ । यो विषय भौगोलिक अवस्था र स्थानीय परिवेश हेरेर निर्धारण हुने कुरा हो । प्रत्येक समूहमा १ महिला संयोजक भए पुरुष सचिव र पुरुष संयोजक भए महिला सचिव हुनेछन् । धेरै ठूलो समूहमा ५, ७ जनाको मूल कार्यसमिति र अरु सबैलाई सदस्य पनि बनाउन सकिन्छ । अहिले महिला पुरुष अनुपात ६:४ हुनुपर्छ ।

यिनीहरुलाई अन्य विकासमा खास गरीबले अवसर प्राप्त गर्ने थलोका रुपमा विकास गरी अगाडि लैजानुपर्दछ । सङ्गठनमा भूमिहीन किसान, जोताहा किसान, हलिया, कमैया, हरुवा-चरुवा, अव्यवस्थित बसोबासी र साना किसान सबै नै सङ्गठित हुन सक्छन् । यसको सम्पूर्ण नेतृत्व अधिकारवाला समूहले गर्नुपर्दछ । यस्ता सङ्गठन टोल, वडा वा २, ३ वडाको एउटा पनि हुन सक्छ । एउटै गाविसमा ५ भन्दा बढी सङ्गठन निर्माण भयो र त्यसलाई संयोजन गर्न आवश्यक देखियो भनेमात्र गाविसस्तरको सङ्गठन निर्माण गर्न सकिन्छ तर यसलाई छुट्टै तह बनाउनेभन्दा पनि संयोजन कार्यलाई सजिलो तुल्याउने हिसाबले लिनुपर्दछ । अधिकारबाट वञ्चितमध्येबाट ७, १० वा १५ सदस्यीय समूह निर्माण गर्नु होइन ।

जिल्लास्तरमा प्राथमिक सङ्गठन प्रतिनिधि सम्मिलित सङ्गठन निर्माण गर्नुपर्दछ । जिल्ला सङ्गठन सम्मेलनबाट निर्माण गर्नुपर्दछ । जिल्ला सम्मेलनमा प्रत्येक प्राथमिक सङ्गठनबाट सदस्य सङ्ख्याका आधारमा आधा महिला र आधा पुरुष र यसमा पनि दलित र जनजातिको समतामूलक प्रतिनिधित्व चाहिन्छ । कम्तीमा एउटा जिल्लामा २० सङ्गठन निर्माण नभई जिल्ला सम्मेलन गर्नु प्रभावकारी हुँदैन ।

जिल्ला सङ्गठनका प्रतिनिधि सम्मिलित १३ देखि २५ सदस्यीय राष्ट्रिय सङ्गठन निर्माण गर्नुपर्दछ । यसले भौगोलिक, जातीय र लैङ्गिक समानतामा ध्यान दिनेछ । राष्ट्रिय सङ्गठनले राष्ट्रिय आन्दोलनको नेतृत्व गर्नेछ । यसको चयन राष्ट्रिय सम्मेलनले गर्नेछ । प्राथमिक सङ्गठनमा सङ्गठित नहुने व्यक्ति राष्ट्रिय सङ्गठनको पदाधिकारी बन्न पाउँदैन ।

## सङ्गठनलाई कसरी जीवन्त बनाइराख्ने ?

सङ्गठन निर्माण गरेर परिचालन गर्न सकिएन भने त्यो जीवन्त बन्दैन । अधिकार प्राप्तिका लागि सदस्यहरुलाई वैचारिक तथा व्यवहारका हिसाबले जहिले पनि सवल र सक्षम बनाउनुपर्दछ । प्रत्येक सङ्गठनमा सङ्गठन र उनीहरुको समुदायको वर्तमान अवस्थाको विषयमा गहिरो छलफल





चलाउनुपर्दछ । प्रत्येक समुदायको सवाल र अडान तय गर्नुपर्दछ । जसले सङ्गठनको माग स्पष्ट गर्दछ । र, यी छलफल चलाउँदा ऐतिहासिक घटना, ज्ञान सीपको आदान-प्रदानतर्फ जोड दिनुपर्दछ ।

आफ्ना सवालबारे छलफल, समाधानका विकल्प र त्यो प्राप्तिका लागि अभियानको योजना निर्माण एवम् नेतृत्व पनि सङ्गठन स्वयम्ले गर्ने अवस्था सृजना गर्नुपर्दछ । विद्यमान ऐन, कानुन र नीति-नियमबारे आलोचनात्मक छलफल र अन्य सचेतना अभियान निरन्तर चाहिन्छ । यस्ता सङ्गठनले आमसञ्चार, राजनीतिक सङ्गठन सबैसँग सहकार्य र सम्वाद गरिरहनुपर्छ । सङ्गठनले विभिन्न अभियान आयोजना गर्ने र सोको समीक्षा गर्दै भावी कार्यक्रम तय गर्नुपर्दछ ।

त्यस्तै सङ्गठनलाई जीवन्त राख्न नेतृत्व विकासको भूमिका अहम् हुन्छ । कुनै पनि जीवन्त सङ्गठनको निम्ति नेतृत्व विकास निरन्तर चलिरहने प्रक्रिया हो । यसका निम्ति सङ्गठनभित्रका कार्यमा धेरैभन्दा धेरै सदस्यलाई अधिकतम् जिम्मेवारी दिएर परिचालन गर्न सक्नुपर्दछ । धेरै सदस्य र सहयोगीबाट काम गराउन सक्ने व्यक्ति सफल अगुवा मानिन्छ । नेतृत्वको वास्तविक सफलता भनेको सहकर्मीहरुलाई आफ्नो अभियानमा बढीभन्दा बढी सहभागी गराउन सक्नु हो ।

विचार सङ्गठनको मूल आधार हो । त्यसैले सङ्गठनको विस्तार भन्नु विचारको विस्तार हो । समस्याहरुसँग सोझै जम्काभेट गर्ने र त्यसको समाधानका लागि वैकल्पिक उपाय खोजी गर्ने प्रक्रियाले नै विचार र अन्ततः सङ्गठनलाई फैलाउँछ । विचारलाई व्यवस्थितरुपमा निरन्तर प्रवाहित गरिरहने प्रक्रियाले नै सङ्गठनको स्वरुप निर्धारित हुन्छ । त्यसैले नेतृत्व भनेको पनि वास्तवमा विचार र कार्यक्रम नै हो । विचार पन्छाएर गरिने सङ्गठन सङ्कुचित र अस्थायी हुन्छ । विचार र कार्यक्रमलाई सामूहिकरुपमा अघि बढाउन सङ्गठन आवश्यक भएको हो । सङ्गठन र सामूहिकता भन्नासाथ त्यसमा विविधता पनि हुन्छ । सामान्यतया कुनै

पनि सङ्गठनले एउटा मूल आदर्श र केही सिद्धान्त स्थापित गरेको हुन्छ । यसमा सहमत हुनेहरु नै एउटा सङ्गठनमा आबद्ध हुने हुन ।

सङ्गठन व्यवस्थापन अर्को महत्वपूर्ण कार्य हो । सङ्गठनभित्रका कठिनाई र सुविधालाई ध्यानमा राखेर चुस्त र सरल व्यवस्थापन गर्नुपर्दछ । विचार, कार्यशैली र प्राथमिकतालाई लिएर हुने द्वन्द्वले हानि पुऱ्याउँदैन । द्वन्द्व वा प्रतिस्पर्धाले विचारमा परिष्कार र त्यसको बाहक सङ्गठनमा स्फूर्ति ल्याउँछ तर कुनै पनि द्वन्द्व विचार र कार्यक्रम केन्द्रित हुनुपर्छ र निश्चित विन्दुमा पुगेपछि त्यसको व्यवस्थापन गरिनुपर्छ ।

सङ्गठनलाई विकेन्द्रीकृत स्वरुपमा निर्माण गर्नु आजको आवश्यकता हो । अधिकार र दायित्व धेरैभन्दा धेरै विकेन्द्रित र वितरित गरेर मात्रै सङ्गठन बलियो बनाउन सकिन्छ। त्यसैले हाम्रा सङ्गठनमा पनि विकेन्द्रित व्यवस्थापनको प्रवेश आवश्यक छ ।





**अनुसूची ४**

# शक्ति र आत्मविश्वासको आधार, वित्तीय साधनमाथि भूमिहीन किसानको अधिकार

## १. परिवेश

समाजका गरीब मानिस आर्थिक स्रोतसाधनको पहुँच र त्यसको लाभ उपभोग गर्नबाट वञ्चित छन् । उपलब्ध तथ्याङ्कअनुसार सरकारी तथा निजी वित्तीय संस्थाहरुबाट प्रवाह हुने वित्तीय सेवा करिव २५ प्रतिशत जनतामा मात्र पुगेको छ। त्यो पनि अधिकांश शहरी क्षेत्रमा र धनी व्यक्ति तथा उद्यम व्यवसायमा मात्र सीमित छ। यो अवस्था देशको समग्र पुँजीको असमान वितरण प्रणालीको तस्वीर हो । यसरी सीमित धनी व्यक्तिमा सबै पुँजी थुप्रिएपछि यसले समाजमा वर्गीय खाडल बढाएको छ, शक्तिको असमान प्रयोगलाई प्रोत्साहन गरेको छ र परम्परागत शोषण र उत्पीडनलाई यथास्थितिमा राख्न सघाइरहेको छ ।
पुँजी एक महत्वपूर्ण उत्पादनको साधन हो र शक्तिको स्रोत पनि हो । जब मानिस उत्पादन गर्न थाल्छ उसको कमाई बढी हुन्छ, आत्मनिर्भर हुन्छ र घर परिवार तथा समाजमा उसको आफ्नै विशिष्ट पहिचान बढ्छ । अनि उसको स्वतन्त्र निर्णय गर्न सक्ने क्षमता र हैसियत बन्दछ। नेपाली समाजको वर्तमान अवस्था हेर्ने हो भने ७५ प्रतिशत मानिस राष्ट्रिय पुँजीको पहुँचभन्दा बाहिर छन्, उनीहरुमध्ये अधिकांश गरीब छन्, जीविका धान्न कठीन छ र केही धनी व्यक्तिको आश्रयमा बस्नु परिरहेको छ। उदाहरणका लागि कमैया प्रथा, हलिया प्रथा, हरुवा-चरुवा तथा सामान्य घर खर्च चलाउन पनि धनी व्यक्तिकहाँ धाउनुपर्ने र उसका विभिन्न सर्त तथा वचन सहनुपर्ने अवस्थालाई लिन सकिन्छ। यसबाट के प्रष्ट हुन्छ भने समाजको समग्र अर्थतन्त्र केही व्यक्तिको हातमा छ र बाँकी मानिस उनीहरुको अधीनमा छन् ।

परिवर्तनका लागि राजनीतिक र सामाजिक आन्दोलन प्रशस्त भएका छन् तर पनि गरिबीमा बाँचिरहेका मानिसको जीवनमा गुणात्मक परिवर्तन आउन सकिरहेको छैन । यसका कारणमध्ये समाजको अर्थतन्त्रको संरचना र अभ्यासमा परिवर्तन हुन नसक्नु हो । अथवा समाजमा शोषण उत्पीडन गर्नेहरुमा आर्थिक शक्ति रहनु हो । जबसम्म कसैलाई औषधी उपचार गर्न वा सामाजिक रीतिरिवाज चलाउन चाहिने सानो रकमका लागि पनि अरुको भर गर्नुपर्दछ, त्यो व्यक्ति वा वर्गले आफूमाथि भइरहेको अन्यायजन्य गतिविधिको सशक्त प्रतिकार गर्न धेरै कठिन हुन्छ, महङ्गो पर्दछ र त्यस्तो आन्दोलनलाई दीगो बनाउन ज्यादै मुस्किल पर्दछ । यसका लागि गरीब जनताको आफ्नै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु जरुरी छ । यस्तो अर्थतन्त्रले आफूलाई आवश्यक वित्तीय साधनको सङ्कलन र परिचालन आफैं गराउँछ । जब मानिसलाई अरुको भर पर्नुपर्दैन, तब उसले आफूमाथिको अन्यायजन्य कुराको राम्ररी प्रतिकार गर्न सक्छ । यस्तो अर्थतन्त्रको निर्माण उस्तै परिवेशमा बाँचेका र उस्तै आवश्यकता भएका धेरै व्यक्तिको सहकार्यले हुन सक्छ । यस्तो प्रक्रियाको संस्थागत स्वरुप सहकारी संस्था र अभियान हो ।

## २. सहकारिता

सहकारी अभियान परिवर्तनमुखी र लोकतान्त्रिक पद्धति हो । यसमा सबैको महत्व उत्तिकै हुन्छ र सहकारीका सबै सदस्यको हित मुख्य काम बन्दछ । यसले आर्थिक हितलाई मुख्य जोड दिन्छ र विस्तारै सामाजिक तथा राजनीतिक हितलाई बढाउँछ । सहकारी **एकका लागि सबै र सबैका लागि एक** भन्ने सिद्धान्तबाट प्रेरित हुन्छ । सहकारीको मुख्य उद्देश्य आफ्ना सदस्यको आर्थिक आत्मनिर्भरता बढाउनु, जीविकोपार्जन र पारिवारिक विकासमा सघाउनु, सदस्यहरुको आत्मविश्वास र पहिचान अभिवृद्धि गर्नु, स्वतन्त्रताको अनुभूति दिलाउनु, समाजिक पुँजी र नेतृत्व विकास गर्नु तथा घरपरिवार तथा समुदायमा शान्ति र सद्भाव विकास गर्नु रहेको हुन्छ ।





सहकारितालाई सहकारी संस्था स्थापना गरी अगाडि बढाउन सकिन्छ । यस्ता सहकारी एकल उद्देश्य (जस्तै- एउटै सहकारी संस्थाले बचत तथा ऋणको मात्र काम गर्ने) वा बहुउद्देश्य (जस्तै- एउटै सहकारी संस्थाले बचत तथा ऋणको काम वा व्यापारिक काम, बजार प्रबन्ध वा अन्य कुनै) गतिविधि गर्न सक्छ । यो कुरा स्थानीय मानिसको आवश्यकता र निर्णयमा भर पर्दछ ।

| सहकारी संस्थाले निम्नलिखित काम गर्दछ : | सहकारी संस्थामा आबद्ध भई सहकारी अभियान सञ्चालनले निम्नलिखित फाइदा हुने गर्दछ : |
|---|---|
| ▪ संस्थाका सदस्यलाई स-साना रकम बचत गर्ने अवसर र आवश्यक पुँजीको प्रबन्ध<br>▪ सदस्यलाई उद्यमी बनाउन, उत्पादन बढाउन र बजारीकरणको व्यवस्था<br>▪ सदस्यले सञ्चालन गरेको उद्यम व्यवसायमा कुनै भवितव्य परी सो व्यवसाय घाटामा भएमा सो परिपूर्ति गर्न वीमाको व्यवस्था<br>▪ सदस्यलाई उद्यम व्यवसाय गर्न प्राविधिक ज्ञान, सीप र सूचनाको व्यवस्था<br>▪ सदस्यलाई स्वास्थ्य शिक्षा र अन्य आवश्यक कुरामा चाहेको बखत खर्च उपलब्ध गराउने र आवश्यक सहयोग गर्ने | ▪ दैनिक गृहस्थीमा आउनसक्ने सम्भाव्य जोखिम र आपतलाई सामूहिकरुपमा सामना गरी जीवन सुरक्षा गर्दछ<br>▪ सहकारी संस्थाका सदस्यको आफ्नै आत्मनिर्भर अर्थतन्त्रको संरचना निर्माण गर्दछ<br>▪ समाजको परम्परागत अन्यायजन्य उत्पादन सम्बन्ध र आर्थिक संरचना परिवर्तन गरी न्यायिक र समानता तथा समतामूलक बनाउँछ<br>▪ आर्थिक मुद्दा सबै वर्ग, जात र सम्प्रदायको साझा सवाल भएकाले सबैलाई एउटै संस्था, अभियान र लक्षका लागि सङ्गठित र गोलबन्दी गर्दछ<br>▪ सामाजिक, सांस्कृतिक तथा राजनीतिक परिवर्तनको अभियानलाई सघाउँछ<br>▪ सबैका लागि एक र एकका लागि सबै भन्ने सामूहिक भावना जगाई शान्ति र सद्भावको जग बसाल्न सघाउँछ<br>▪ परिवार र समाजमा विद्यमान विभिन्न किसिमका विभेद र मत-मतान्तर |

| | |
|---|---|
| ▪ अन्ततः स्थानीय समुदायमा जनताको बैंक वा समुदायको बैंकका रुपमा विकास | समाप्त गरी आपसी मेलमिलाप र सहकार्य बढाउँछ<br>▪ एक्लो, अवाजबिहीन र शक्तिबिहीनको अवस्था अन्त्य गर्दछ |

## ३. सहकारी संस्थाको व्यवस्थापन र नेतृत्व

पितृसत्तात्मक सामाजिक संरचनाका कारण समाजका सबै वर्ग, तह र तप्कामा महिलाको हैसियत र स्थान विभेदपूर्ण छ। जसरी समाजका सीमित धनी वर्गले उत्पादनका साधन वा शक्तिका स्रोतको रुपमा रहने वित्तीय साधन आफ्नो अधीनमा राखी बाँकी मानिसलाई आफूमा आश्रित बनाएका छन्, त्यसैगरी अधिकांश वर्ग र परिवारमा महिलाको स्थिति त्यस्तै पाइन्छ। यस्तो अवस्था विद्यमान रहनुमा पुँजीमा महिलाको पहुँच, नियन्त्रण र निर्णयको अवसर नरहनु हो। आधा जनसङ्ख्याको हिस्सा यसरी मूल प्रवाहबाट बाहिरिन पर्नु उनीहरुको हितविपरित त छँदैछ, यसबाहेक समग्र परिवार र समाजको हितप्रतिकूल पनि छ। तसर्थ सबैको हितलाई बढाउनका लागि आर्थिक गतिविधिमा महिलाको निर्णायक भूमिका बढाउनु जरुरी भएकाले हामीले स्थापना गर्न लागेको सहकारी संस्थामा सदस्य, व्यवस्थापक र नेतृत्व महिलामात्र रहनु उपयुक्त हुन्छ। यसलाई व्यवस्थापकीय चुनौतीको कुरा उठाएर सैद्धान्तिक कुरालाई बिर्सनु हुँदैन। व्यवस्थापनका लागि वैकल्पिक योजना बनाउन सकिन्छ।

सहकारी संस्था व्यवस्थापन र सहकारिताको अभियानले महिला सशक्तीकरण र हक अधिकार प्राप्तिको दिशामा निम्न तरिकाले योगदान पुर्‍याउँछ :

- आर्थिक शक्तिका आधारमा पितृसत्तात्मक संरचना सञ्चालित हुने भएकाले त्यसलाई परिवर्तन गरी महिलालाई सृजनशील बनाउँछ





- आर्थिक स्रोतमा महिलाको नियन्त्रण कायम गराउँछ
- महिलालाई नेतृत्व र निर्णय गर्ने अवसर सृजना गर्दछ
- महिलाको घरभित्र र समाजको परम्परागत जिम्मेवारी र भूमिकामा परिवर्तन गर्दछ
- महिलाको अन्तरनिहित क्षमताको उपयोग गर्ने अवसर सृजना गर्दछ
- घरपरिवार र समाजमा महिलाप्रतिको दृष्टिकोण र मान्यता बदल्छ
- महिलाबीचको आपसी चिनजान, सम्बन्ध बढाई उनीहरुको समस्या समाधान गर्दछ
- महिलाको आत्मविश्वास, पहिचान र मर्यादा बढाउँछ

## ४. सहकारी अभियान र भूमिअधिकार आन्दोलन

भूमिअकार आन्दोलन र सहकारी अभियानको लक्ष्य सबैको सुरक्षित र सम्मानित जीवन जीउन पाउने अवस्था सृजना गर्नु हो तर यी दुईको कार्यशैली र प्रकृतिका आधारमा केही फरक हुन्छ। सहकारी अभियान निर्दिष्टरुपमा आर्थिक अभियान हो। यो खास अनुशासन र सञ्चालन पद्धतिमा आधारित हुन्छ। यसले पुँजी परिचालन, उद्यम विकास, नाफा नोक्सान र आर्थिक लाभको कुरालाई जोड दिँदै सामाजिक लाभको दिशामा परिवार र समाजलाई लैजान सघाउँछ भने भूमिअधिकार आन्दोलन एक राजनीतिक प्रकृतिको काम हो र यसका गतिविधि सहकारीभन्दा फरक हुन्छन्। त्यसैले यी दुई कामलाई फरक ढङ्गले सञ्चालन र व्यवस्थापन गर्नुपर्दछ। यी दुई कामका लागि फरक सीप र दक्षता आवश्यक पर्दछ। तसर्थ यी दुईलाई फरक संस्थागत स्वरुपमा सञ्चालन गर्न आवश्यक भएको हो।

सहकारी अभियानले भूमिअधिकार आन्दोलनलाई तल उल्लेखित तरिकाले सघाउन सक्छ :

- सहकारीका सदस्यको जमिनदार वा अन्य व्यक्तिमाथिको आर्थिक परनिर्भरता हटाइ भूमिअधिकार आन्दोललाई अझ प्रभावकारी बनाउने हिम्मत बदाउँछ ।
- गरीब किसानलाई परेको आपतकालीन अवस्था (जस्तै- बिरामी, मृत्यु वा अन्य कुनै सङ्कट) मा तत्काल सहयोग प्रदान गर्दछ । यो ठूलो राहत हुन सक्छ । भूमिअधिकार आन्दोलन चालिरहेको अवस्थामा धनी व्यक्ति वा जमिनदार किसानदेखि रिसाएको हुन सक्छ र चाहेको अवस्थामा ऋण पनि नपत्याउन सक्छ । यस्तो बेलामा आफ्नै संस्थाले सघाउन सक्छ । तसर्थ सहकारी भूमिअधिकार आन्दोलनको वैशाखी हुन सक्छ
- सदस्यलाई आर्थिक गतिविधिमा संलग्न गराउँछ । रोजगारी सृजना गर्छ, जसले उनीहरुको जीविका सरल बनाउन सघाउँछ । घरका केही मानिस भूमिअधिकार आन्दोलनमा निरन्तर लाग्नुपरे पनि अरु व्यक्तिले आयआर्जनको काम गरी परिवारको पालनपोषण गर्न सकिन्छ । यसले एकातिर परिवारको खाद्यान्न आपूर्तिलाई सघाउँछ भने अर्कोतर्फ भूमिअधिकार आन्दोलनलाई निरन्तरता वा दीगोपना दिन सघाउँछ ।
- मोहियानीवापत वा अन्य कुनै तरिकाले प्राप्त गरेको जग्गामा व्यावसायिक खेती गर्न सघाउँछ ।
- मानिसलाई भूमिअधिकार आन्दोलनमा लामो समय लाग्नुपर्दा उनीहरुको आश्रित परिवारको जीविका चलाउन सहकारीले ऋणमार्फत सघाउँछ र पछि कमाई गरेर सो ऋण तिर्न सक्छन् ।
- मानिसलाई ब्यस्त राख्छ, केही लाभ भएको महसुस गराउँछ र अधिकारको लामो आन्दोलनमा लाग्न उत्प्रेरित गर्दछ ।
- सहकारीले पैसा मात्र जम्मा गर्दैन, बरु मानिसलाई एक ढिक्का बनाउँछ, जुन कुरा आर्थिक तथा सामाजिक आन्दोलनको आधार हुन्छ ।
- परिवारका सबै वा धेरै सदस्यको नेतृत्व विकासका अवसर सृजना गर्दछ ।





## ५. सहकारी निर्माण प्रक्रिया

सहकारी संस्था स्थापना गर्नुअघि सहकारी संस्थाको आवश्यकताबारे सम्बन्धित समुदायमा राम्ररी छलफल गरिनुपर्दछ । यसको सम्भाव्य फाइदा तथा चुनौतीको विश्लेषण हुनु जरुरी छ । विश्लेषणका आधारमा सहकारी संस्थाबाट फाइदा हुन्छ भन्नेमा स्थानीय मानिस विश्वस्त भई त्यसको स्वामित्व र नेतृत्व गर्न तयार भएमा मात्र सहकारी संस्था स्थापना र यससँग सम्बन्धित गतिविधिको थालनी गर्नुपर्दछ । यसका लागि समुदायका मानिसलाई देशका अन्य भागमा सञ्चालित सफल सहकारी संस्थाको अवलोकन भ्रमण गराई त्यसबाट केही कुरा सिक्ने र आफ्नो स्थापनमा अभ्यान गर्ने अवसर सृजना गर्न सकिन्छ ।

समाजमा केही मानिस सक्रिय हुन्छन् भने केही मानिसले नयाँ काम वा कहिलेकाहीँ आफूले नजानेको वा नगरेको काम गर्न झट्टै आँट गर्दैनन् । तसर्थ केही सकारात्मक सोच भएका मानिसलाई सहकारिताबारे प्रचारप्रसार गर्न परिचालन गर्नु आवश्यक हुन्छ । सहकारी संस्था विधिवत्रुपमा स्थापना गर्नुअघि केही समयसम्म अनौपचारिकरुपमा विभिन्न स-साना समूहमा बचत तथा ऋणको गतिविधि सञ्चालन गर्नु उचित हुन्छ । यसले उनीहरुलाई सहकारिताको अभ्यास गर्न र संस्था सञ्चालन गर्दा आवश्यक व्यवस्थापकीय र कानूनी ज्ञानबारे शिक्षित गर्न/गराउन आवश्यक समय प्रदान गर्दछ । यो अवस्था भनेको सहकारी संस्था स्थापनाको तयारीको अवस्था हो । यसले मानिसलाई परिपक्व बनाउँछ ।

सहकारी संस्था वा प्रारम्भिक गतिविधि सञ्चालन गर्नुअघि केही सैद्धान्तिक कुरामा स्पष्ट हुनु जरुरी हुन्छ । जस्तै- सहकारीमा एक परिवार एक जना वा जति पनि मानिस वा केही परिवार छुटे पनि हुने स्पष्ट हुने, सहकारीमा महिला मात्र गर्ने कि महिला पुरुष बराबर गर्ने कि जो कोही भए पनि हुने हो यकिन गर्ने, सहकारी संस्था एकल उद्देश्यको वा बहुउद्देश्यीय बनाउने आदि । तर महिलाको विशेष हितलाई ध्यानमा राखेर महिला मात्रै सहकारी संस्थाको सदस्य हुने व्यवस्था मिलाउने खासगरी बुहारीहरु र छोरीहरुको नेतृत्व रहको सहकारी बनाउन सके राम्रो हुनेछ ।

सहकारीका प्रारम्भिक समूहमा १५ देखि ३० जनासम्म र सहकारीमा १०० देखि माथि सदस्य रहनु राम्रो हुन्छ। त्यसपछि प्रारम्भिक समूह वा सहकारी संस्थाको बचत सङ्कलन गर्ने, ऋण लगानी गर्ने र असूली गर्ने विधि र प्रक्रिया निर्धारण गर्नुपर्दछ। सहकारी संस्था विशुद्ध व्यावसायिक संस्था हो। यसले गर्न सक्ने व्यवसाय (जस्तै- मल बीउ विषादि, उत्पादित वस्तुको बजार व्यवस्था, सेवामूलक व्यवसाय) मा बजार खोजी, सीप विकास र लगानी गर्ने प्रबन्ध गर्नुपर्दछ।

### ६. सहकारिता प्रबर्द्धनमा गैससको भूमिका

हाल भूमिअधिकार आन्दोलनलाई विभिन्न गैरसरकारी संस्थाले सघाइरहेका छन्। उनीहरुले त्यसैगरी सहकारी संस्थाको संस्थागत विकास र सहकारी आन्दोलनलाई पनि सघाउन सक्छन्। सहकारी अभियानलाई प्रभावकारी बनाउन र भूमिअधिकार आन्दोलनको सहयोगी बनाउन गैससको निम्न भूमिका अपरिहार्य हुन्छ।

- सहकारी संस्थाको फाइदाबारे भूमिअधिकार मञ्च र समुदायमा छलफल चलाउने।
- सम्भाव्य सहकारी संस्थाका नेतृत्व तहका मानिसलाई केही राम्रा सहकारी संस्थाको अवलोकन भ्रमण आयोजना गर्ने
- राम्रा काम गरेका सहकारी संस्थाका नेतृ वा व्यवस्थापकलाई हामीले सघाउन खोजेका सहकारी संस्थाका मानिससँग अनुभव आदान-प्रदान गराउने
- गैससमा सहकारी, उद्यम व्यवसाय र लघुवित्त विधामा व्यावसायिक ज्ञान, सीप र दक्षता भएका व्यक्ति नियुक्ति गरी सहकारी संस्थाको संस्थागत विकासको काममा लगाउने
- सहकारी संस्थाको संस्थागत र व्यक्तिगत क्षमता विकासका काम गर्ने
- सहकारी संस्थालाई आवश्यक पुँजीको व्यवस्था मिलाउन सघाउने
- सहकारी संस्थाको व्यावसायिक योजना बनाउन सघाउनेसुरुमा गैससको भूमिका बढी हुन्छ र ३-४ वर्षमा गैसस पछाडि र सहकारी अगाडि हुने रणनीति बनाई काम गर्ने





**अनुसूची ५**

# अभियानकर्ता

अभियानकर्ता समुदाय रुपान्तरणका बाहक हुन् तर उनीहरुले गर्ने सामुदायिक परिवर्तनको काम एक्लैले नभई सामूहिकरुपमा हुन्छ। परिवर्तनका लागि सामूहिक भावना जगाई उनीहरुको सहभागिता जुटाउन अभियानकर्ता चाहिएको हो। अभियानकर्तालाई हामीले निम्न भूमिकामा हेर्न सक्छौं :

### (क) सामाजिक विश्लेषक :

समाजलाई बुझ्न तथा समाजबारे विश्लेषण राख्न सक्ने सीप अभियानकर्तामा हुनु आवश्यक छ। सवाल पत्ता लगाउन तथा सबैलाई महसुस गराउनका लागि समाज विश्लेषण जरुरी हुन्छ। समुदायमा छलफल चलाउँदा समुदायको अवस्थाबारे विश्लेषण गर्दै त्यसपछि गर्नुपर्ने कामको योजना बनाउनुपर्ने हुन्छ। समाजमा चल्ने हरेक प्रक्रिया (जस्तो : ऋण लिने-दिने र यससँग जोडिएका प्रक्रिया, स्रोत बाहिरिने, विकासमा जोडिएका स्वार्थ, समुदायले जीउन अपनाएका जुक्ति आदि) बारे गहिरो अवलोकन आवश्यक छ।

### (ख) सङ्गठक :

अभियानकर्ता सङ्गठक पनि हुन्। उनीहरुले टोल समुदायमा भूमिपीडितको सङ्गठन बनाउने काम गर्दछन्। बनेका सङ्गठनको परिचालन गर्ने तथा सङ्गठनलाई आवश्यक मात्रामा सहयोग गर्ने काम पनि उनीहरुकै हो। सङ्गठन निर्माण गर्ने काम त साङ्गठनिक प्रक्रियाको सुरुआत् मात्र हो। सङ्गठनहरुबाट अगुवा कार्यकर्ता विकास गर्ने तथा सङ्गठनहरुलाई आफ्नो योजना बनाई त्यसमा क्रियाशील रहने अवस्थामा पुऱ्याउने जिम्मा अभियानकर्ताकै हो।

**(ग) मध्यस्थकर्ता :**

विकासका लागि जिम्मेवार निकाय तथा समुदायबीचको दूरी धेरै छ । यी दुई निकायबीच प्रत्यक्ष सम्बन्ध कमै हुने गर्दछ। स्थानीय निकाय (जस्तो- गाविस, जिविस र सरकारी कार्यालय : पशु, कृषि, वन, भूमि, उद्योग, खानेपानी, सिंचाई आदि) सँग समुदायको सम्बन्ध एकाकार हुन सकेको छैन । अझ विपन्न समुदाय तथा महिला यस्ता निकायबाट हुने विकासको कामबाट छुटेका छन् । उनीहरुलाई सङ्गठित गरी विभिन्न योजना बनाउँदै विकासका लागि खटिएका निकायसम्म वञ्चितको पहुँच पुऱ्याउने काममा अभियानकर्ताले मद्दत गर्नुपर्दछ ।

**(घ) योजनाकर्ता :**

समुदायलाई उनीहरुको सवालमा योजना बनाउन मद्दत गर्नु अभियानकर्ताको अर्को महत्वपूर्ण काम हो। समुदायमा छलफल गरी बनाइएका योजना सम्बन्धित निकायसम्म पुऱ्याई त्यसलाई कार्यान्वयनका लागि माग गर्ने तथा दबाब पनि दिनुपर्ने हुन्छ। समुदायस्तरमा बनाइने कतिपय योजना त आफूहरु मिलेरै पनि गर्न सकिनेखालका हुन्छन । त्यसैले अभियानकर्ताले खाली बाहिरी स्रोतको भरमा मात्र गर्न सकिने खालका योजना बनाउनु हुँदैन ।

**(ङ) पैरवीकर्ता :**

एउटा अभियानकर्ताले जहिले पनि अन्याय, अपमान, अभाव र असमानताविरुद्ध पैरवी गरिरहन सक्नुपर्दछ। ऊ समुदायको असल पैरवीकर्ता हो। ऊ गाउँको, समुदायको पहिलो र महत्वपूर्ण वकिल पनि हो ।





**अभियानकर्ताका अनिवार्य काम : (मौलिक अभियानकर्ता बन्ने अठोट लिउं)**

| | |
|---|---|
| १ | दैनिक डायरी, मासिक योजना, मासिक प्रतिवेदन, मासिक १ घटना अध्ययन |
| २ | सङ्गठन निर्माण र परिचालन (कम्तीमा १० सङ्गठन) |
| ३ | आफ्नो सङ्गठन र समुदायको परिवेश, सोको वाइण्डिङ र उपयोग ( शक्ति विश्लेषणसमेत)<br>*परिवेश विश्लेषण, क्षमता अभिवृद्धि र अभियान उठानका लागि पनि* |
| ४ | प्रत्येक सङ्गठनमा नियमित छलफल र तोकिएको ढाँचामा अभिलेखन (फरम्याटअनुसार)<br>कम्तीमा मासिक १ पटक<br>अनिवार्य सदस्यता, अनिवार्य नवीकरण, एक छलफल-एक काममा जोड |
| ५ | ३ समुदाय वा सङ्गठनमा जनमुखी शिक्षाको अवधारणाअनुरुप साप्ताहिक जनमुखी शिक्षा केन्द्र सञ्चालन |
| ६ | हरेक सङ्गठनमा आन्दोलन कोष (कम्तीमा २ हजार) |
| ७ | प्रत्येक सङ्गठनबाट २ जना अगुवाको सूची र उनीहरुसँग बरोबर छलफल |
| ८ | प्रत्येक सङ्गठनको आन्दोलन योजना र कार्यान्वयनमा सहयोग, एक सङ्गठन, एक रचनात्मक काम (कम्तीमा)/परिवर्तन- देखिने काम र अनुगमन |
| ९ | कम्तीमा वर्षको २ वटा अभियान (स्थानीय तथा क्षेत्रीयस्तरको) |
| १० | आर्थिक तथा मानवीय स्रोत नक्शाङ्कन र उपयोग/कम्तीमा.... स्थानीय स्रोतको खोजी र उपयोग |
| | |
| | अभियानकर्ताको मासिक समीक्षा बैठकमा अनिवार्य सहभागिता |
| | सम्पर्क, समन्वय र सोको अभिलेखन (स्थानीय दल) |
| | आफ्नो क्षेत्रको भूमिको परिवेश र अडान लिखितरुपमा तयार पार्ने र प्रस्तुत गर्न सक्ने |
| | कम्तीमा वर्षमा ५ किताब पढेको |
| | कम्तीमा २ वटा लेख लेखेको |

## अभियानकर्ता छनौटका आधार र प्रक्रिया

| आधार | प्रक्रिया |
|---|---|
| ▪ अभियानकर्ता पीडित समुदायबाटै हुनुपर्नेछ ।<br>▪ आफ्नो खेतीपातीबाट खान नपुग्ने, दलित, महिला तथा जनजातिलाई प्राथमिकता दिनुपर्नेछ ।<br>▪ छनौट भएकामध्ये कम्तिमा आधा सङ्ख्या महिलाको हुनुपर्नेछ ।<br>▪ लेखपढ गर्न सक्ने भएमा राम्रो तर लेखपढमात्र छनौटको आधार हुने छैन । लेखपढ गर्न नसक्नेका लागि अभिलेखन गर्ने काममा कसले (छोराछोरी, श्रीमान् वा अरु कोही) सहयोग गर्ने भन्नेबारेमा चाहिँ छनौटको बेलामा नै प्रष्ट पार्नुपर्छ ।<br>▪ परिवर्तनको झिल्को भएका व्यक्तिहरु छनौटका लागि उपयुक्त प्रत्यासी हुनेछन् ।<br>▪ यसभन्दा अघि स्थानीय समूहमा आबद्ध भई राम्रो काम गर्ने व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ ।<br>▪ गाउँमै बस्ने व्यक्तिहरु समुदाय अभियानकर्ताका लागि उपयुक्त व्यक्ति मानिने छन् । | ▪ सहकर्मी संस्था र जिल्ला अभियानकर्ताले छानिएका समुदायका मानिस (महिला, पुरुष) जम्मा गरी कार्यक्रम र अभियानकर्ताबारे छलफल गराउने ।<br>▪ अभियानकर्ताले गर्नुपर्ने काम र उसले पाउने दामबारे समुदायलाई प्रष्ट पार्ने ।<br>▪ समुदाय अभियानकर्ता कस्तो हुनुपर्छ भन्नेबारे छलफल चलाउने र छलफलकै आधारमा छनौटका आधार तयार गर्ने ।<br>▪ समुदायले तयार गरेका आधारमा माथि उल्लेख गरिएका आधारलाई पनि पनि राखेर छलफल गर्ने ।<br>▪ उक्त भेलालाई उपयुक्त समुदाय अभियानकर्ता छान्ने जिम्मा दिने । यस क्रममा आउने विवाद मिलाउन सहकर्मी संस्था र जिल्ला संयोजकले सहजीकरण गर्ने ।<br>▪ छनौट भएको व्यक्तिलाई छानिएको आधार र औचित्य भेलालाई पेश गर्न लगाउने । |





## अनुसूची ६

# अधिकारमुखी विकास पद्धतिबारे

सरल अर्थमा भन्ने हो भने जनताका आधारभूत आवश्यकतालाई आधारभूत अधिकारका रुपमा स्थापित गर्ने प्रक्रिया नै अधिकारमुखी अवधारणा हो । यस अवधारणालाई अझ प्रष्टसँग बुझ्न निम्न कुरामा प्रष्ट हुनु पर्दछ- “जनताको आधारभूत आवश्यकता पूरा गर्न पुग्ने वस्तु तथा सेवाको उपलब्धता मात्र गरिबी होइन, यो त शक्तिहीनताको प्रश्न हो । शिक्षा, खाद्य, सुरक्षा, गाँस, बास र कपासबाहेक पनि मानवलाई संवेगात्मक अनुभूति आदर, सम्मान, आत्मसम्मान, सामाजिकपना, साँस्कृतिक पहिचान, संस्थागत क्षमता, राजनीतिक प्रतिनिधित्व तथा जवाफदेहिता जस्ता कुराले प्रत्यक्ष प्रभाव पारेका हुन्छन्, जसका मर्मअनुसार हरेक मानव र सबै जनताका आर्थिक, सामाजिक साँस्कृतिक र राजनीतिक विकास प्रक्रियामा सहभागी बन्ने, योगदान दिने र उपभोग गर्न पाउन्, जसमा सबै मानवअधिकार, मौलिक स्वतन्त्रता पूर्णतः प्रत्याभूत हुन्छन् ।

अधिकारवालाको आधारभूत आवश्यकता परिपूर्ति नहुनाले उत्पन्न हुने दुःख तथा पीडा कम गर्न मद्दत गर्ने कार्यलाई हाम्रो आन्दोलनका मान्यताले नैतिक जिम्मेवारी मानेको छ । यसका साथै हामीले के पनि विचार गर्नुपर्दछ भने समुदायका मानिसले विविध सेवालाई आफ्नो अधिकारका रुपमा प्राथमिक कर्तव्यवाला, अर्थात् राज्यसँग दाबी गर्न सकेका होउन् । हामीले अधिकारवालालाई पर्याप्त तथा लामो समयसम्म सेवा प्रदान गरिराख्न सक्दैनौं, सोको निम्ति राज्यलाई नै उत्तरदायी बनाउनुपर्ने हुन्छ ।

समुदायका मानिसले कुनै पनि निश्चित कार्यक्रम प्राप्त गर्नुलाई नै अन्तिम उद्देश्य नमानून् भन्नका लागि त्यसमा मात्र सीमित नभई अधिकारवालाको सशक्तीकरणमार्फत् राज्यलाई जिम्मेवार बनाउँदै

निजहरुको अधिकारलाई दीर्घकालीनरुपमा सुरक्षित गर्नका लागि प्रवेश विन्दुका रुपमा मानेर कुनै पनि सेवा प्रदान गर्नुपर्दछ । अधिकारमुखी पद्धतिबाट अधिकारवालाको तत्कालीन आवश्यकता परिपूर्ति गर्दा तलका बुँदामा विशेष ध्यान दिनुपर्दछ :

- सेवाको अर्थ केवल निर्माण कार्य तथा कुनै वस्तु प्रदान गर्नुमात्र नभई सूचना तथा ज्ञान उपलब्ध गराउने, सम्बद्ध निकायसँग सम्पर्क स्थापना गराउने, तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्ने आदि कार्यलाई पनि बुझ्नुपर्ने हुन्छ ।
- अधिकारवालाले माग गरेको वा निजहरुलाई अत्यावश्यक परेको अवस्थामा (भौतिक) सेवा प्रदान गर्नुपर्ने हुनसक्छ तर त्यस्ता मागलाई साध्यका रुपमा नभई साधनका रुपमा पूरा गर्नुपर्ने हुन्छ । आपतकालमा मानवीय उद्धार अधिकार नै भए पनि त्यस्तो अवस्थामा सेवा उपलब्ध गराउँदा पनि सशक्तीकरण तथा भावी दिनमा त्यस्ता प्रकोपसँग जुध्ने क्षमता अभिवृद्धि गराउने कुरालाई समेत ध्यानमा राख्नुपर्ने हुन्छ ।
- (भौतिक) सहयोग गर्दा राज्यले ती सेवा प्रदान गर्न नसकेको अवस्थामा मात्र गर्नुपर्ने हुन्छ । कुनै पनि हालतमा राज्यको दायित्व आफ्नो काँधमा लिने हिसाबले वा राज्यलाई नागरिकको आधारभूत आवश्यकता परिपूर्तिका लागि खर्च गर्नेपर्ने दायित्वबाट विमुख गरिनु हुन्न । अर्को शब्दमा भन्दा राज्यले लगानी छुट्याएको ठाउँमा दोहोरो स्रोत परिचालन हुनेगरी वा राज्यलाई प्रतिस्थापन गर्ने गरी नभई केवल राज्यले गर्न अपुग भएको र तत्कालै गरिहाल्नुपर्ने स्थानमा मात्र अधिकारवालाको सशक्तीकरणको रणनीतिसहित भौतिक सहयोग गर्नुपर्दछ । यस्तो सहयोग गर्दा अन्य सरोकारवाला तथा समुदायसमेतको आर्थिक तथा अन्य खालका हिस्सेदारी सुनिश्चित गर्नुपर्छ ।





- माथिका कुरालाई ध्यानमा राख्दै कुनै पनि सेवा प्रदान गर्दा अधिकारवालाले प्राथमिकीकरण गरेअनुरुप हुनुपर्दछ र त्यस्ता सहयोगको व्यवस्थापन पनि अधिकारवालालाई नै गर्न दिनुपर्दछ ।

## विकासलाई कसरी बुझ्ने ?

विकासबारे हामी सबैलाई थाहा छ र विकासका चाहना पनि सबैलाई हुन्छ । विकास सकारात्मक परिवर्तन हो । तर सकरात्मक केलाई भन्ने हो ? कसलाई सकारात्मक मान्ने हो ? विकासबारे सन् १९४० को दशकदेखि नै बहस हुँदै आएको छ । खासगरी सन् १९४५ मा संयुक्त राष्ट्र सङ्घको स्थापना भएयता विकासबारेको अभ्यास र बहस बढ्दै आएको हो । संयुक्त राष्ट्र सङ्घको पहलमा सन् १९४८ मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भयो । दोस्रो विश्वयुद्धपछि एउटा देशको नागरिक अर्को देशमा ठूलो सङ्ख्यामा युद्धबन्दी हुन पुगे । यो अवस्था आएपछि युद्धबन्दीलाई निश्चितखालको व्यवहार गरिनुपर्दछ भन्ने अवधारणासँगै १० डिसेम्बर १९४८ मा राष्ट्र सङ्घको साधारणसभाले मानवअधिकारको विश्वव्यापी घोषणापत्र पारित गरेको हो । जसमा ३० वटा धारा छन् ।

यसपछि क्रमशः अधिकारको सवाल छलफलमा आएको हो । यो नै आधुनिक विकासको सुरुवात् विन्दु हो । संयुक्त राष्ट्र सङ्घको स्थापना विश्वको स्थायित्वका लागि गरिएको हो । एक देश र अर्को देशबीच हुने हमला नियन्त्रण गर्न, निश्चितता दिन अथवा लडाइँ नहोस् भन्नाका लागि यो प्रयास थालनी गरिएको पाइन्छ ।

शक्ति राष्ट्रहरुले कम शक्ति भएका राष्ट्रमा गरेको विगतका ज्यादति र शोषणको महसुसीकरण बढ्दै गएपछि उपनिवेश लादिएका देशमा सहायता गर्ने काम सुरु भयो । भाषाको कुरा पनि महत्वपूर्ण थियो । यस्तो अवस्थामा नभएको कुरा दिने भन्ने राहतवादी (Welfare) मोडल आयो । कमजोर राष्ट्रलाई हामी हुनेले दिने भन्ने सोचअनुसार काम भयो । यो अवधारणाले परनिर्भरता बढाउँदै गएको महसुस पनि भयो ।

यसपछि प्रविधि हस्तान्तरणको प्रक्रियाले महत्व पायो। प्राविधिक तथा पुँजी लगानीमा जोड दिइयो। विभिन्नखाले प्रविधि हस्तान्तरण गर्ने लहर नै चल्यो। यसका लागि शिक्षित जनशक्ति चाहिन्थ्यो तर कम विकसित राष्ट्रमा यस्तो जनशक्ति नहुँदा यो विकास मोडल पनि सफल भएन।

सन् १९४८ मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भए पनि यसले व्यवहारमा सफलता प्राप्त गर्न सकेन। यस अवस्थामा सबैलाई जिम्मेवारी दिनु भनेको कसैको जिम्मेवारी नहुनु हो भने जस्तै घोषणा लागू गर्न राष्ट्रहरुले पहलता लिन सकेनन्। त्यसपछि सन् १९६६ मा राजनीतिक तथा नागरिक अधिकार महासन्धि र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि लागू गरियो। यस महासन्धि लागू गर्ने राष्ट्रले हस्ताक्षर गर्नुपर्ने प्रावधान लागू गरियो। यी महासन्धिपछि राजनीतिक तथा नागरिक अधिकारको क्षेत्रमा काम गर्ने संस्था, मानवअधिकार संस्था र यिनीहरुले गर्ने काम मानव अधिकारका नामले चिनिन थाले भने आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारमा काम गर्ने संस्था विकास संस्था र यिनीहरुको कामलाई विकास भनेर बुझिन थाल्यो। यसरी विकास र अधिकार दुवै भिन्न अवधारणाका रुपमा अगाडि आए। उदाहरणका लागि एमनेष्टी इन्टरनेशनललाई मानवअधिकार संस्था र एक्सनएड नेपाल, प्लान इन्टरनेशनललाई विकास संस्थाका रुपमा चिनिन्छ। यो असीको दशकसम्म यस्तै भइरह्यो। अहिले पनि कुनै एक जनालाई पुलिसले कुटेमा मानवअधिकार हनन् भएको तर खानाको अभावमा भोकभोकै मर्नुपर्ने अवस्थालाई भने मानवअधिकारको रुपमा बुझिएन।

यसपछि आवश्यकतामा आधारित विकास अवधारणा आयो। यस अवधारणामा स्थानीय आवश्यकता पहिचान भए पनि स्रोत भने एउटै थियो। विकास भनेको मानव विकास हो। खान पाउने अधिकार हो भन्ने सोचाई आएन।

एकताका अमेरिका र रुसबीच ठूलो युद्ध थियो। ठूला शक्ति केन्द्रबीचका भित्रभित्रै युद्धलाई शितयुद्ध भनिन्छ। यसलाई ठूलो आन्तरिक द्वन्द्वका रुपमा बुझ्न सकिन्छ। पछि सोभियत सङ्घ विघटन हुन पुग्यो।





सोभियत सङ्घको विलयसँगै अमेरिका महाशक्ति राष्ट्रका रुपमा उदाउँदै गयो। तत्कालीन समयमा विश्वका राष्ट्र मूलतः अमेरिका र रुसको पक्षमा मोर्चाबन्दी थिए। यसरी अमेरिकातर्फ मोर्चाबन्दीमा लाग्ने पहिलो विश्व, रुसतर्फ लाग्ने दोस्रो विश्व र असंलग्न रहेका राष्ट्रलाई तेस्रो विश्व भनिन थालियो। शितयुद्ध पछि मानव विकासको अवधारणा बलियो बन्दै आएको छ।

मानवअधिकार र विकास भिन्दाभिन्दै कुरा होइनन्। अहिलेको मुद्दा घर ठूलो ठूलो भएको ठाउँ विकसित हुने र सानो भएका अविकसित नहुन सक्छन्। हामीले हेर्नुपर्ने त्यहाँका मान्छेको अवस्था कस्तो छ ? १२ महिनालाई खान पुग्छ कि पुग्दैन ? अब भुँडी भर्नेमात्र पनि होइन, खानामा आवश्यक पौष्टिक पदार्थ छ कि छैन भन्ने पक्षलाई प्रमुखतासाथ हेर्नुपर्दछ।

कुनै पनि देशको प्रतिव्यक्ति आम्दानीले त्यो देशको मानव विकासको अवस्था देखिँदैन। यो त समग्रमा हो। अबको विकास मानव विकास हो। भौतिक स्रोत मानव विकासको साधन भने हुन सक्छन्। सडक बन्यो तर यातायातमा कसको पहुँच छ ? बाटोले गरिबी बढाउन पनि सक्छ।

उत्पादन र अवसर वृद्धि नगर्ने तर भएका स्रोतको मात्र बाँडफाँट गर्ने कुराले गरिबीको बाँडफाँट मात्र हुन्छ।

अधिकारमुखी विकास अवधारणामा हामीले राज्यलाई मात्र जिम्मेवार वा दोषी मान्नु हुँदैन। यसमा गर्छु भनेर आएका अरु पनि जिम्मेवार निकायमा पर्दछन्। अधिकारमुखी अभियानमा त्यस्ता निकायप्रति पनि हामी केन्द्रित हुन आवश्यक छ। जस्तो : भूमि अधिकार अभियानमा राज्यलाई मात्र होइन, अन्तर्राष्ट्रिय संस्था पनि जिम्मेवार छन्। गर्छु भनेर हामीले भनेपछि हामी र हाम्रा सहयात्री संस्था पनि जिम्मेवार हुन्छन्। कुन सवालको केन्द्र वा प्रहार गर्नुपर्ने क्षेत्र र निकायतर्फ पनि विश्लेषण आवश्यक छ।

हामीले अहिले गरिरहेकै कामलाई मात्र निरन्तरता दिँदा केही सुधार हुन सक्छ तर लक्ष्य पूरा हुँदैन। काम फेर्न आवश्यक छ। कामप्रति प्रश्न गर्न आवश्यक छ।

अधिकार दाबी, शक्ति, विशेष सुविधा, उन्मुक्ति आदि हो । अधिकार र कर्तव्य एक-अर्कामा अन्तरसम्बन्धित छन् ।

मानव आवश्यकता दाबी गरिएपछि अधिकारका रुपमा आयो । आवश्यकता मात्र भएर अधिकार हुँदैन । अधिकारका लागि दाबी गर्नुपर्दछ । जहिले पनि अधिकारमा आधारितभित्र आवश्यकतामा आधारित पर्दछ भन्ने बुझ्नुपर्दछ । राज्य र जनताको सम्बन्धको सेतु नै मानव अधिकार हो । अधिकार जहिले पनि कर्तव्यसँग जोडिएको हुन्छ । पहिले हामीद्वारा गरिएको मानव आवश्यकता हो ।

| राहतमुखी | आवश्यकतामा आधारित विकास | अधिकारमुखी विकास |
|---|---|---|
| तिमीलाई यो खाँचो छ, लेउ भन्छ । | गरिबीलाई तत्काल कम गर्न सकिन्छ तर गरिबीको निदान हुँदैन ।<br>तिमीलाई के चाहिएको हो दिन्छु भन्छ ।<br>राज्य र जनताको केही मतलव हुँदैन ।<br>समानता र भेदभावको कुरा आएन । आवश्यकताको कुरा प्रमुख भयो । | गरिबीको विश्लेषण हुन्छ ।<br>राज्यलाई सिनमा ल्याउँछ ।<br>गरिबी : आत्मसम्मान दलितको घरमा भात नपाक्ने र भेदभावको कुरालाई सँगै सम्बोधन गर्छ ।<br>समानता र भेदभावको कुरा स्पष्ट आएको छ ।<br>पछाडि परेकालाई विशेष कार्यक्रम चाहिन्छ, सकरात्मक विभेद ।<br>मानवीय विकास पूर्वाधार विकास मात्र होइन । |
| | राजनीति र विकास बेग्लाबेग्लै कुरा हो ।<br>समानताको कुरा स्पष्ट छैन । | सँगसँगै जाने कुरा हो ।<br>गरिबीको विश्लेषण गरिन्छ । राज्यलाई प्राथमिकरुपमा जिम्मेवार गराउँछ ।<br>तटस्थतामा विश्वास गर्दैन । निश्पक्षतामा विश्वास गराउँछ । अन्यायमा परेकाबारे बोल्नु भनेको निश्पक्षता हो ।<br>अन्याय, असमानता, समानताको कुरा स्पष्ट छ ।<br>समाजको शक्ति संरचनामा हिर्काउनुपर्दछ । |
| | आवश्यकता (अवस्था) मा विश्लेषण गरिन्छ ।<br>गरीब वा गरिबी | गरिबीको विश्लेषण गरिन्छ ।<br>गरीब उत्पादन गर्ने कारखानामा प्रहार |





**अनुसूची ७**

# सामाजिक आन्दोलन

नेपाली समाज बहुभाषिक, बहुधार्मिक, बहुजातीय, बहुसांस्कृतिक भएता पनि शासन प्रणाली भने त्यसको उल्टो एकात्मकखालको छ । राज्यव्यवस्थाको स्वरुप र संरचना केन्द्रिकृत छ । मूलतः शासन र सत्तामा बस्नेहरुको दृष्ट्रिकोण र व्यवहार काठमाडौं खाल्डोको वरिपरि रहेको पहाडबाहिर निस्कन सकेको छैन । मुलुक विकासको बूटी काठमाडौंमा बनाइन्छ र जिल्ला र गाउँमा आदेश/निर्देश गरिन्छ । हरेक समस्याको पहिचान र समाधानको खोजी केन्द्रीय तहमा मात्र गर्ने परिपाटीले नराम्ररी जरा गाडेको छ ।

समाज वर्ग, जात, लिङ्ग जस्ता तहतहमा पनि बाँडिएको छ । ठूलाठालुले अनेक दाउपेचका माध्यमबाट स्वार्थका लागि सानो-ठूलो, छुत-अछुत, धनी-गरीब, महिला-पुरुष जस्ता भेदभाव, अन्याय र असमानतालाई कायम राखेका छन् । यस्तो असमान, अन्यायपूर्ण, विभेदकारी व्यवस्था तथा संस्कारका कारण जनताका थुप्रै आधारभूत अधिकारसमेत हनन् भइरहेको छ । अधिकार हनन् भएका यिनै जनसमुदाय सचेत र सङ्गठित हुँदैं अधिकार स्थापनाका लागि परिचालित हुने क्रममा नै नेपाली समाजमा विभिन्न जनअधिकारमुखी आन्दोलन विकास भइरहेका छन् । सत्तामा पुग्ने वा सत्ता कब्जा गर्ने नभई स्वतन्त्रता, मुक्ति र जीविका सुरक्षा पहिचानका लागि समुदायले गर्ने आन्दोलन नै समुन्नत, न्यायिक र समतामूलक समाज निर्माणका लागि मसिनो ढङ्गले परिवेश विश्लेषण गर्दै, विकल्प निर्माण गर्दै अधिकार प्राप्तिका लागि गरिने प्रभावकारी सामूहिक हस्तक्षेपको प्रक्रिया नै जनअधिकार आन्दोलन हो । जनअधिकारमुखी आन्दोलन मूलतः आर्थिक, राजनीतिक, सामाजिक अधिकारका लागि लक्षित हुन्छ । यस्ता आन्दोलन तत्कालीन आर्थिक एवं भौतिक फाइदाका लागि पनि हुन्छन् र सामाजिक न्याय, मानवीय

अस्तित्व, राजनीतिक अधिकार जस्ता दीर्घकालीन विषयका पनि हुन्छन् । जस्तो : कारखानाका मजदुरले पारिश्रमिक बढाउन गर्ने आन्दोलन तत्कालको आर्थिक फाइदाका लागि हो भने हरेक क्षेत्रमा समान प्रतिनिधित्वका लागि भएको महिला आन्दोलन, आदिवासी जनजातिको भाषिक तथा सांस्कृतिक पहिचानको आन्दोलन, भूमिअधिकारबाट वञ्चितहरुको वर्गीय आन्दोलन दीर्घकालीन प्रकृतिको आन्दोलन हो ।

सामाजिक आन्दोलनबारे हाम्रो बुझाई के हो र सामाजिक संस्था र सङ्गठनको के/कस्तो भूमिका हुनुपर्छ ? राजनीतिक दलको के/कस्तो भूमिका हुन्छ ? आन्दोलनहरु एकापसमा कसरी जोडिन्छन् भन्ने कुरामा हामी सबै स्पष्ट हुनु जरुरी छ । आन्दोलन मानिसको बृहत् सामाजिक मोर्चा हो, जहाँ उनीहरु सामाजिक परिवर्तनलाई प्रभावित या रोकावट गर्नेमा आफ्नो स्वार्थसाथ गाँसिएका या जोडिएका हुन्छन् । यसअनुसार सामाजिक आन्दोलन औपचारिकरुपमा आयोजना हुँदैन र यसमा धेरै मोर्चाले एउटै सवाल या कारणका लागि एउटै समयमा अलगअलग काम गरिरहेका हुन सक्छन् ।

वस्तु तथा स्रोत साधनबाट वञ्चितीकरण, ठूलो जनसमूह वा समाजले सामाजिकरुपमा अलग महसुस गर्नु या अर्थहीन महसुस गर्न या सामाजिक सामुदायिक अलग अभ्यासबाट, सामाजिक तथा राज्य संरचनाको कारणबाट संरचनागत उपज स्रोतहरु, ज्ञान, पैसा, सञ्चार, श्रम, ऐक्यबद्धता, आधिकारिकता, राजनीतिक प्रक्रिया विद्राही चेतना, साङ्गठनिक बल र राजनीतिक अवसर एवम् सांस्कृतिक विभेद र अन्यायले सामाजिक आन्दोलन जन्माउँछ ।

कुनै सामाजिक सवाल या राजनीतिक सवाल (सामाजिक प्रकृतिको राजनीतिक एजेण्डा) मा समूह या सामूहिकरुपले एकपछि अर्को असहमतिका जिकीर तथा गतिविधि या कार्यहरु, प्रकट गर्ने कामहरु र गरिने अभियानहरु नै सामाजिक आन्दोलन मानिन्छ । सामाजिक आन्दोलन असमान शक्ति सम्बन्धलाई परिवर्तन ल्याउन, असमान सामाजिक अन्तरसम्बन्ध या संरचनामा परिवर्तन ल्याउन, अन्यायपूर्ण सेवा सुविधा तथा स्रोत वितरणलाई न्यायपूर्ण बनाउन हुने गर्दछ ।





सामाजिक आन्दोलनका आधारभूत तत्वमा सवाल या एजेण्डा - सामाजिक, पुग्न खोजेको ठाउँ या वैकल्पिक व्यवस्था, रणनीति र रणनीतिक उद्देश्यहरु, जनसङ्गठन या मोर्चा, जनपरिचालन, जनमत निर्माण, राजनितिक निर्णयमा हस्तक्षेप, सम्बन्धित निकायसँगको आलोचनात्मक सम्बन्ध र सहकार्य आदि पर्दछन् ।

सबै सामाजिक आन्दोलन राजनीतिक आन्दोलन हुन्छन् तर सबै राजनीतिक आन्दोलन सामाजिक आन्दोलन हुँदैनन् । सबै सामाजिक आन्दोलन गरिबीविरुद्धको आन्दोलन हुँदैनन् तर गरिबीविरुद्धको सबै आन्दोलन सामाजिक आन्दोलनका साथै राजनीतिक आन्दोलन हुन्छन् । खास विषय या सवालमा निर्धारित उद्देश्य प्राप्त गर्न समय र आवश्यकताअनुसार शान्तिपूर्ण र अर्ध शान्तिपूर्ण अथवा प्रतिउत्तरका रुपमा हिंसात्मक ढङ्गले उद्देश्य प्राप्त नभएसम्म गरिने गतिविधि तथा कार्य हो- आन्दोलन । यो शान्तिपुर्ण र हिंसात्मक दुवैखाले हुन्छ । आन्दोलनले आन्दोलनको प्रकार, रुप र स्वभावको आधारमा खासगरी २ वटा काम गर्दछ- सुधारात्मक परिवर्तन र आमूल परिवर्तन ।

अनुसूची ८

# उत्पीडन अभिलेखन

गरीब भूमिहीन तथा जोताहा किसानलाई विगतमा कमाउन दिएको जग्गा जोतखन गर्नबाट फिर्ता लिने वा त्यस्तो जग्गा अरुलाई नै बेचिदिने क्रम तीब्र बनेको छ। खेतीपातीको मौसममा देशभर बेदखलीको घटना ह्वात्तै बढेको छ। बीउ राख्न ठीक परेका किसानलाई राख्न दिइएको छैन। खनजोत र मल छरिएको जग्गामा बाली लगाउनबाट वञ्चित बनाइएका छन्। जोत्दाजोत्दै जबर्जस्ती हलो खोसिएको छ। नारिएका गोरु फुकाइएका छन्। यस्ता घटनापछि कमजोर जोताहा किसान चूपचाप अन्याय सहेर बसिरहेका छन् भने कहीँ सङ्गठित शक्ति भएको स्थानमा विवाद बढेको छ। यस्तो घटना देशभर हजारौं सङ्ख्यामा भइरहेको छ।

यसरी विभिन्न बहानामा कमाइरहेको खेत बेच्ने वा खोसेर आफैं खेती गर्ने, कमाउने मान्छे साटफेर गर्ने, मोही हक दाबी गर्दिन भनेर कागज गराउने, लिँदै नलिएको ऋणमा सही गराउने क्रम बढेको छ। जोताहालाई जग्गा जोत्नबाट बेदखली गराइएबाहेक बसिरहेको स्थानबाट समेत उठिबास लगाइँदैछ।

सङ्गठितरुपमा जोतिरहेको जग्गाको अधिनत्व खोजिरहेका गरीब किसान उल्टै जग्गा जोत्नबाट वञ्चित बनाइएका छन्। यो क्रम झन् झन् बढ्दो छ। जीविकाका लागि अरुको जग्गामा पूरै परिवारको श्रम लगाएर खेती गरिरहेका किसान जग्गाबाट जबर्जस्ती निकालिँदैछन्। यसबाट हजारौं परिवारको खाना र बासको अधिकार जबर्जस्ती खोसिएको छ। यस्तो अन्याय, उत्पीडन मात्रात्मकरुपमा घटी-बढी भए पनि समस्या देशभर छ।

श्रमजीबी किसानलाई जग्गाबाट जङ्गली जनावर जस्तै धपाइँदैछ। पूरै जिन्दगी जमिन र उत्पादन कर्ममा सुम्पेका यो वर्गमाथि भएको उत्पीडनमा चूप लागेर बस्नु भनेको सामन्ती विचार, व्यवहार र प्रवृत्तिको





पक्षपोषण गर्नु हो। देशको राजनीतिक व्यवस्थामा आएको फेरबदलसँगै गरीब जनताको आधारभूत अधिकार प्राप्तिको अपेक्षा गरिएको समयमा यसरी धमाधम जग्गा खोसिनु निन्दनीय छ। लोकतन्त्र दूरदराज खेती गरिरहेका, मजदुरी गरिरहेका मानिसमा नपुगेको भनेको यही हो।

अहोरात्र कृषि कर्ममा लागेका जोताहा किसानको खेत खोसिए पनि स्थानीय तहमा रहेका, राजनीतिक दल, सङ्घ/सङ्गठन, मानवअधिकारवादी कसैले जोताहा किसानका पक्षमा आवाज उठाएका छैनन्। देशभरबाट हजारौंको सङ्ख्यामा जोताहा किसानलाई खेतीबाट वञ्चित गराइँदा पनि त्यही वर्गको प्रतिनिधित्व गरेर आउने सभासद्ले पनि आवाज उठाएका छैनन्। केन्द्रीय, एकात्मक र सामन्ती सत्ता रुपान्तरण नगरी यस्ता समस्या हल हुन्न भनेर पर्खिरहने हो भने गरीबमाथि अझै अन्याय बढ्दै जानेछ।

**हामी के गर्न सक्छौं ?**

(क) घटना भएको परिवार वा समुदायमा गाउँ सङ्गठन भएको स्थानमा गाउँ सङ्गठन र नभएकोमा जिल्ला सङ्गठन परिचालित गरी घटनाको प्रतिरोध गर्ने र सार्वजनिकीकरण गर्ने।

(ख) यस्ता घटनाको विवरण र केस सङ्कलन गरी पत्रकार सम्मेलनमार्फत् सवाललाई बहसमा ल्याउने। यस्तो सम्मेलनमा पीडितलाई नै ल्याउने।

(ग) पीडित र पीडितले भोगेको अन्याय र उत्पीडनको अभिलेखन गरी राजनीतिक दल, सरकारी अधिकारी र मानवअधिकारवादी सङ्गठनसँग सम्वाद कार्यक्रमको आयोजना गर्ने।

(घ) अन्याय र उत्पीडनको विषयमा शक्ति प्रर्दशन गर्ने। सञ्चार माध्यमहरुको सहयोग लिई सवाललाई व्यापक गराउने र जग्गा फिर्ता लिई जोत्ने।

(ङ) यसै सवाललाई लिएर ठूला भेला (गाविस, इलाका, जिल्ला र क्षेत्रमा) गर्ने।

(च) सवालमा विभिन्न दल, सरकार र आयोगको ध्यान खिच्न राष्ट्रिय तहमा पनि दबाबमूलक कार्यक्रम गर्ने।

**भूमिअधिकार हनन्का घटनाको अभिलेखनका केही प्रश्नावली :**

- पीडितको नाम, ठेगाना, परिवार सङ्ख्या, पेशा, जातजाति
- सम्पत्ति विवरण : घर कस्तो छ ? कस्तो जग्गामा छ ? घरको अवस्था कस्तो छ ? उक्त स्थानमा कहिलेदेखि बस्दै आएका छन् ?
- पीडितले भोग्नुपरेको बेदखली, उठिबास के/कस्तो घटना वा विस्तारमा लेख्ने र यो कहिले भएको हो ? कसले गराएको हो ? कसरी घटना गराइयो ? के/कस्ता अमानवीय व्यवहार भए ? किटानीका साथ लेख्ने ।
- घटना हुँदा त्यसको प्रतिरोध कसरी गर्नुभयो ?
- भूमिअधिकार हनन्का घटनाबाट के/कस्तो नोक्सानी वा समस्या परेका छन् ? घरमा, परिवारमा, वस्तुभाउमा, अन्नमा, आत्मसम्मानमा के/कस्तो असर पुग्यो ?
- किन यस्तो अन्याय र उत्पीडन भएको हो ? घटना गराउनुको नियत वा स्वार्थचाहिँ क-कसको के के छ ?
- यो घटना गराउनुअगाडि पीडकले के/कस्तो व्यवहार गर्दै आएको थियो ? यसबारे जानकारी कसरी दियो ?
- यस घटनाबाट सबभन्दा पीडित को भयो ?
- स्थानीय छिमेकी, सङ्घ, समूह, राजनीतिक दल, मानवअधिकारवादी, सरकारी निकायले के/कस्तो धारणा राखेका छन् ? के/कस्तो सहयोग वा असहयोग गरेका छन् ?
- भूमिअधिकार सङ्गठन, अगुवा, अभियानकर्ता र भूमिअधिकारको सवालमा कार्यरत् संस्थाले के गरिरहेका छन् ?
- घटनापछि पीडितले के/कस्तो प्रयत्न गरिरहेको छ ?
- यस मुद्दामा कानुनी व्यवस्था के छ ? कहाँ के लेखिएको छ ?
- हाम्रो अबको माग र अडान के के छ ?
- आगामी सङ्घर्षका कार्यक्रम के के छन् ?
- घटना अभिलेखन गर्नेको नाम, मिति, स्थान र समय ?





**अनुसूची ९**

# पूर्णकालीन कार्यकर्ता

## पूर्णकालीन कार्यकर्ताको आवश्यकता र परिचालन

भूमिअधिकारबाट वञ्चितको बलियो सङ्गठनका लागि विभिन्न जिल्लामा अगुवा, अभियानकर्ता र जिल्ला मञ्चका पदाधिकारी क्रियाशील भइरहे पनि त्यो पर्याप्त छैन । ठूलो भूगोलमा फैलिएको आन्दोलन र सङ्गठनको व्यवस्थापन तथा मूलतः जिल्ला सङ्गठनको नियमित र प्रभावकारी परिचालनका लागि पूर्णकालीन कार्यकर्ता आवश्यक भएको महसुस भई पूर्णकालीन कार्यकर्ता र कार्यालय सचिवको व्यवस्थापनका लागि सहयोग पुऱ्याइएको छ । जुन व्यवस्थापनपूर्व निम्न प्रश्नमा घोत्लिनु जरुरी भएको छ ।

१. जिल्ला भूमिअधिकार मञ्चको वार्षिक सङ्घर्षको योजना तयार भएको छ कि छैन ? यो योजनाले उक्त जिल्लाको समग्र समस्यालाई सम्बोधन गर्छ वा गर्दैन ? यो योजना व्यापक छलफल भएर तयार भएको हो वा होइन ? योजनामा स्थानीय सोच, विचार, स्रोतको योगदान कत्तिको छ ?

२. जिल्ला भूमिअधिकार मञ्चको क्रियाशीलता, आन्दोलन र सङ्गठनबारे सदस्यको बुझाइ रुपान्तरण उन्मुख छ वा छैन ? कतै अलिअलि सहयोग आउने जस्तो छ, केही गरिदिउँ न भन्ने भावनाले पो काम गरिरहेछ कि ?

३. सङ्गठनको काम, कारबाही हेर्दा पूर्णकालीन कार्यकर्ता चाहिएको हो भनेर महसुस गरेका छन् वा छैनन् ? पूर्णकालीन कार्यकर्ता को हुने भन्ने निर्णय गर्नुपूर्व त्यसका आधारमा उसको काम, भूमिका, सीप र क्षमताका आधार तयार कसरी गरियो ? त्यसलाई उनीहरुले कसरी लिए ?

४. हाल व्यवस्था गरिएको पूर्णकालीन कार्यकर्तालाई निरन्तरता दिनेबारे के/कस्ता सोचाई आएका छन् ? पूर्णकालीन कार्यकर्ता राखिएको एक वर्षपछि थप एक जना पूर्णकालीन कार्यकर्ता राख्न सक्ने स्रोत जुटाउनेबारे के/कस्तो प्रतिक्रिया आयो ?

५. पूर्णकालीन कार्यकर्ताको निर्णय जिल्ला मञ्चको बैठकले सर्वसम्मतिबाट गऱ्यो वा गरेन ?

६. जिल्ला तहको आन्दोलनको नेतृत्व गर्ने, समन्वय विकास गर्ने र स्थानीय तहमा नै स्रोत साधन जुटाउने विषयमा पूर्णकालीन कार्यकर्ताले क्षमता राख्छन् वा राख्दैनन् ? के ऊ आन्दोलनमा यथोचित योगदान गर्दै आइरहेको व्यक्ति हो ?

७. जिल्ला मञ्चका पदाधिकारी र अन्य सदस्यले अभियानकर्ताको आवश्यकता महसुस गरी हामी सबैको कामलाई सहयोग पुग्छ भन्ने ढङ्गबाट बुझेका छन् वा छैनन् एक दुई जना पैसा पाउने ? हामी त्यसै किन काम गर्ने भनेर अन्यको प्रतिबद्धतामा कमी आउन नदिन प्रशस्त छलफल भयो वा भएन ? यस्तो अवस्था आएमा हामीले सहयोग गर्न नहतारिने हो कि ?

८. मूलतः जिम्मेवारी पाएका पूर्णकालीन कार्यकर्ता र कार्यालय सचिवले अहिले गरिरहेको भन्दा चौगुणा काम गर्न तयार हुनुपर्दछ। सङ्गठन विस्तार र आन्दोलनमा रात-दिन क्रियाशील हुन प्रतिबद्ध भएकाले मात्र आफू र सङ्गठनलाई ठीक ढङ्गले अगाडि बढाउन सहयोग गर्दछ। उसले पदाधिकारीले गर्ने मात्र काम गऱ्यो भने यसले सङ्गठनलाई ठीक ढङ्गले अगाडि लग्दैन। यसको सही मूल्याङ्कन गर्ने परिपाटी चाहिन्छ।

९. जिल्ला मञ्चलाई दिने सहयोग कसको चाहनामा बढी आधारित छ ? भूमिको सवालमा पहिले सघाइरहेका व्यक्ति, समूह र संस्थाको पहलतामा हाम्रो थप सहयोगमात्र हो। हामीले नै नेतृत्व गर्ने हैन भन्ने बुझाई बनेको छ वा छैन ?





**अनुसूची १०**

# क्षेत्रीय स्रोत केन्द्र

भूमिअधिकार आन्दोलनको चालू रणनीतिको चौथो उद्देश्य भूमिअधिकार आन्दोलनको विभिन्न तहमा भएका अभ्यासबाट सिकाइ निर्माण गरी आन्दोलनभित्र प्रयोग गर्ने र अन्यत्र प्रसार गर्ने भन्ने छ। यसका लागि अभियानकर्मी, अनुसन्धानकर्ता र विज्ञबीच सिकाई र अनुभव आदान-प्रदानको संस्कार र संयन्त्र विकास गर्नका लागि सिकाई स्रोत केन्द्र स्थापना गर्ने भन्ने रणनीति लिइएको छ। यसअन्तर्गतको काम अघि बढाउन यो मस्यौदा अवधारणा एवम् प्रस्ताव तयार पारिएको छ। क्षेत्रीय तहका स्रोत केन्द्रहरु बलियो हुँदै गएपछि क्रमशः जिल्ला र गाउँ तहसम्म नै विस्तार गर्दै लगिनु पर्नेछ। उक्त स्रोत केन्द्रका लागि छुट्टै एउटा कोठा उपलब्ध गराई जिल्लाभरीको आन्दोलन परिवेश झल्किने गरी नक्सा, विवरण, चित्र आदि पनि व्यवस्थित तवरले उपलब्ध गराउनुपर्नेछ।

- प्रत्येक स्रोत केन्द्र र स्रोत संस्था (हाललाई काठमाडौं र बुटवल बाहेक) मा इन्टरनेट सुविधासहितको कम्प्युटर व्यवस्था गर्ने। यस्तो व्यवस्था भइसकेकामा सोही नै उपयोगमा ल्याइनेछ।
- भूमिअधिकार आन्दोलनमा क्रियाशील अन्य समूह तथा संस्था एवम् अन्यत्रबाट प्रकाशित सामग्रीहरुको सूची बनाई एक सेट अध्ययन सामग्री, डकुमेन्ट्री आदि उपलब्ध गराउने।
- क्यामरा उपलब्ध नभएका स्रोत केन्द्र तथा स्रोत संस्थामा उपलब्ध गराउने।
- प्रत्येक स्रोत केन्द्र एवम् संस्थामा नयाँ सूचना, सबैलाई पहुँच हुनेगरी फाइल खडा गर्ने।

- कम्प्युटर नेटवर्क गरिएका स्रोत केन्द्र तथा संस्थामा सबैले प्रयोग गर्न सक्ने सूचना पहुँचताका लागि ओ (O) नेटवर्क ड्राइभ खोल्ने ।
- अभियानकर्ताको मासिक बैठकको हरेक तेस्रो बैठकमा पुस्तकको अध्ययनको सार र सिकाई आदान-प्रदान मात्र गर्ने ।
- स्रोत केन्द्र तथा संस्थाको कुनै एकलाई इ-मेल र इन्टरनेट सञ्चालनसम्बन्धी १, २ दिनको तालिम सञ्चालन गर्ने ।
- अभियानकर्ता तथा अगुवाको लेख, पत्र, अनुभव, अन्तर्वार्ता आदि टाइप गरी इ-मेलमार्फत् विभिन्न सञ्चार माध्यम एवम् भूमिअधिकार इ-मेल समूहमा पठाउने ।
- कम्तिमा २ महिनाको एक पटक स्रोत केन्द्र वा स्रोत संस्था संयोजक आफैं वा अरु कुनै स्वयम्सेवीलाई अनुरोध गरेर कुनै पुस्तक पढी २ पेजको समीक्षा लेखी प्रस्तुत गर्नुपर्ने अवस्था मिलाउने ।
- प्रत्येक अभियानकर्ताले ३ महिनाको एउटा पुस्तक कम्तिमा पढेर २ पेज नोट लेखी प्रत्येक समूहमा पढेका सदस्यको सहयोगमा नपढेका सदस्यलाई सुनाउने वातावरण मिलाउने ।
- प्रत्येक अभियानकर्ता र संयोजकले नपढेका व्यक्तिसँग कुराकानी गरेर उसको कुरा जस्ताको तस्तै लेखी भूमिअधिकार बुलेटिनमा अनिवार्य पठाउनुपर्ने र अन्य पत्रपत्रिकामा पनि नपढेकै व्यक्तिको नाममा छपाउनुपर्ने ।
- भूमिअधिकार आन्दोलनमा सहयोगी कार्यकर्ता र अगुवाले थाहा पाउनुपर्ने सूचना तत्काल काठमाडौं स्रोत केन्द्र (यो कार्य अरु स्रोत केन्द्रले पनि गर्न सक्छन्) बाट पठाउनुपर्ने र त्यसको कपी तत्काल अगुवा र अभियानकर्ताको हातमा पुग्नुपर्ने । सकभर ३ दिनभित्र, यो सम्भव नभए एकहप्ता भन्दा बढी सूचना र सामग्री अड्काउन नपाइने ।
- स्रोत केन्द्रले प्रत्येक ३ महिनामा एक पटक अगुवालाई कुनै कुनै सामग्री पठाउनुपर्ने ।





- अभियानकर्ता एवम् जिल्ला मञ्चको बैठकमा आगन्तुक स्रोत व्यक्ति, जसले अनुभव आादान-प्रदान गर्दछ, त्यस्तालाई ल्याउने संस्कार बसाउने ।
- प्रत्येक स्रोत केन्द्रमा विभिन्न पत्रपत्रिकामा आएका सामग्री कटिङ्ग गरी विषय छुट्याएर फाइलिङ गरिनेछ । स्रोत केन्द्रमा कार्यरत् सबै जनशक्तिको योजना, प्रतिवेदन र उक्त योजना तथा प्रतिवेदनमा दिइएको पृष्ठपोषणसमेत रहने गरी इन्डेक्स फाइलमा सबैको पहुँचमा रहने गरी राख्नुपर्नेछ ताकि ती योजना तथा प्रगति विवरण जो कोहीले सजिलै हेर्न सकोस् ।

## आत्मनिर्भर केन्द्र (सामुदायिक आत्मनिर्भर सेवा केन्द्र)

ग्रामीण समाजमा विद्यमान सामन्ती र शोषणमुखी संरचनामा फेरबदल ल्याउनका लागि गरीब तथा पिछडिएका विशेषगरी भूमिहीन र मोहीलाई सङ्गठित गरी उनीहरुको जीवनमा सकारात्मक रुपान्तरण ल्याउने उद्देश्यका साथ २०४९ साल चैतमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र स्थापना भएको थियो ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सा.आ.से.के.) भूमिहीन तथा गरीब किसानलाई सङ्गठित र सशक्तिकृत गर्दै भूमिअधिकार प्राप्तिको आन्दोलनमा २०५१ सालदेखि सहजीकरण गर्दै आइरहेको छ। सा.आ.से.के.ले सिन्धुपाल्चोकको किउल र हेलम्बू गाविसबाट काम थालनी गरेको थियो । यसबीचमा सा.आ.से.के.ले भूमिअधिकारको पक्षमा काम गर्ने राष्ट्रिय अगुवा संस्थाको रुपमा पहिचान बनाएको छ। मोही सवालबाट सुरु भएको अभियान जनमुखी भूमिसुधार र व्यवस्थापनबारेको सशक्त राष्ट्रिय आन्दोलन बनेको छ। यहाँसम्म आइपुग्दा भूगोलमात्र फैलिएको छैन, भूमिअधिकारका मुद्दा, बुझाई, दृष्टिकोण, आन्दोलनमा सङ्घर्षरत् र सहयोगी समुदाय, मूल्य-मान्यता आदि पक्ष पनि उघारिँदैं र फैलँदै छन् ।

२०६० सालदेखि सा.आ.से.के.को समन्वयमा विभिन्न गैरसरकारी एवं सामुदायिक संस्थाले भूमिअधिकार आन्दोलनलाई देशव्यापीरुपमा अघि बढाउन सहयोग पु¥याइरहेका छन् । आन्दोलनको नेतृत्व भूमिहीन तथा गरीब किसानको सङ्गठन राष्ट्रिय भूमिअधिकार मञ्च, नेपालले गरिरहेको छ । मञ्चको राष्ट्रिय समितिले राष्ट्रिय तहको, जिल्ला सङ्गठनले जिल्ला तहको र स्थानीय सङ्गठनले समुदाय तहको अभियान गर्दै आइरहेका छन् । र, यी एक आपसमा जोडेर लगिएका छन् ।

भूमिअधिकार अभियान “गरेर सिक्ने” प्रक्रियाबाट विकसित हुँदैछ । अभियानले प्रभावकारी गति हासिल गरेकाले यो अभियान देशव्यापीरुपमा फैलँदो छ र यसै क्रममा मौलिक अनुभव पनि बटुल्दै छ। भूमिमाथिको





स्वामित्व, गरीबहरुको भूमिमाथिको पहुँचलगायत् भूमिसँग सम्बन्धित अन्य समस्या र यिनलाई सम्बोधन गर्न आवश्यक पर्ने अभियान सञ्चालन जस्ता जटिल बुझाईबाट पनि यो अभियान परिपक्व हुँदै गइरहेको छ ।

नेपालका ग्रामीण जनसमुदायलाई सचेत, सबल तथा आत्मनिर्भर समुदायका रुपमा विकास गर्ने अभियानमा योगदान दिने उद्देश्यले ‘सामुदायिक आत्मनिर्भर सेवा केन्द्र’ को जन्म भएको थियो । अहिले पनि यो संस्था गरबिभन्दा गरीब समुदायको न्याय, समुन्नति र आत्मनिर्भरताका लागि नै भूमिअधिकार आन्दोलनमा जुटिरहेको छ ।

### पहिचान र मूल्य–मान्यता

संस्थाले ‘सामुदायिक आत्मनिर्भरता’ को सिद्घान्तलाई आफ्नो जन्मकालदेखि नै अपनाउने प्रयास गरेको छ। संस्थाका गतिविधि यही ‘सामुदायिक आत्मनिर्भरता’ को सिध्दान्तको वरपर रहेर सञ्चालन गर्ने क्रममै यसको पहिचान तथा मूल्य-मान्यता पनि विकास भएर यहाँसम्म आइपुगेको छ ।

खुला समाजमा क्रियाशील एउटा वैधानिक सामाजिक संस्थाको हैसियतमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले आजसम्म आफ्ना सम्पूर्ण सङ्गठनात्मक गतिविधि तथा सामुदायिक अभियानसमेत संस्थाको विधानलाई नै आधार मानेर सञ्चालन गर्दै आएको छ। विधानबमोजिम हुने नियमित वार्षिक साधारण सभाले नै संस्थाको मूल रणनीति तय गर्नेलगायत् नेतृत्व चयन गर्ने काम पनि गरेको छ ।

आधारभूत मूल्य-मान्यतालाई अनुभवका आधारमा परिमार्जन गर्ने र मूल्य-मान्यतालाई संस्थाको नीति तथा व्यवहारमा अपनाउन विशेष ध्यान पु¥याउँदै आएको छ। समुदाय, त्यसमा पनि खास गरेर गरीब, दलित, पीडित, महिला, जनजाति र विपन्न समुदायको आत्मनिर्भरताको सवाललाई संस्थाले आधारभूत मान्यताका रुपमा स्थापित गरेको छ ।

विपन्न तथा उत्पीडित समूहको सशक्तीकरणसम्बन्धी प्रयास उनीहरुको आर्थिक, राजनीतिक तथा सांस्कृतिक आत्मनिर्भरतालाई टेवा पुऱ्याउनेखालको हुनु अत्यावश्यक मानिएको छ। समाजमा विद्यमान गरीब, दलित, पीडित, महिला, जनजाति र विपन्न समुदायलाई परनिर्भर राख्न चाहने सामाजिक शक्ति सम्बन्धलाई परिवर्तन नगरी सही प्रकारको 'सामुदायिक आत्मनिर्भरता' प्राप्त गर्न नसकिने सिकाइ पनि संस्थामा स्थापित हुँदै गएको छ। झण्डै ९०% ग्रामीण जनताको आत्मनिर्भरता भूमि अधिकारसँग अभिन्नरुपमा जोडिएकाले नै सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले आम जनताको आत्मनिर्भरता, सामाजिक न्याय र समुन्नतिका लागि भूमि अधिकार आन्दोलनलाई सशक्त बनाउने लक्ष्य लिएको हो ।

नेपालका अधिकांश ग्रामीण समुदाय भूमिअधिकारबाट वञ्चित रहेका र यही कारण गरीब बनेका छन्। आफूले खनजोत गर्ने जमिनमाथि हक प्राप्त नहोउञ्जेल उनीहरु गरिबीको चक्रबाट निस्कन असम्भव देखेर नै सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले भूमिअधिकारको सवालमा काम गर्ने निर्णय गरेको थियो ।

भूमिअधिकारबाट वञ्चितलाई सचेत र सङ्गठित गर्ने क्रममा नै सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले राज्य निकायको भूमिका, नीतिगत पैरवीको महत्व, नागरिक अभियान तथा आन्दोलनको आवश्यकता महसुस गरेको हो। साथै शासन व्यवस्था सुधार्ने काम नगरेसम्म सशक्त र आत्मनिर्भर समाज बन्न सक्दैन भन्ने पनि बुझ्न सकेको छ।

◆◆◆